# परिच्छेद एक
# शोध परिचय

## १.१ शोध शीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक **'डोटी बोगटान क्षेत्रमा प्रचलित देउडा गीतको वर्गीकरण, विश्लेषण र सङ्कलन'** रहेको छ ।

## १.२ शोधकार्यको प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्व विद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत नेपाली शिक्षण विभाग, महेन्द्र बहुमुखी क्याम्पस नेपालगन्ज स्नातकोत्तर तहको आंशिक परिपूर्तिका लागि दशौंपत्रको प्रयोजनार्थ प्रस्तुत गरिएको छ ।

## १.३. विषय परिचय

नेपाली लोक साहित्य अन्तर्गत पर्ने ब्यापक र लोकप्रिय विधा नेपाली लोकगीत अन्तर्गतको एउटा महत्वपूर्ण शाखा झ्याउरेसँग प्राय : मेल खाने देउडा गीत पश्चिम नेपालको महत्वपूर्ण लोकसाहित्यिक विधा हो । स्थानीय उच्चारणमा विभेदले ड्यौडा, देउडा, देउडा, द्यौडा आदि जस्ता शब्दले पुकारिएतापनि देउडा विशेषतः मध्य र सुदूर पश्चिमाञ्चलको ठुलो भू-भागको लोक जीवनमा पूर्णतः भिजेको गीत र नाच हो ।

मर्मस्पर्शी तथा हृदय संवेद्य देउडा गीतको उद्गमस्थल डोटी क्षेत्र नै हो । डोटी क्षेत्र भन्नाले भाषा लोकसाहित्यका आधारमा पश्चिम नेपालका चार अञ्चल सेती, महाकाली, भेरी र कर्णाली पर्दछन् ।

देउडा शब्दको शाब्दिक अर्थ हो टेडो, बाङ्गो वा छड्के सामूहिक रूपमा देउडा खेल्दा पादपंति डेउडी पर्ने हुँदा यसलाई देउडा खेल भनिएको हो । यो लोकगीतको ज्यादै लोकप्रिय विधा हो । पैतलो (पादतल) निर्माणमा खुट्टाहरू छड्के गतिमा अगाडि बढ्ने हुँदा प्रारम्भमा यो पैतलो विशेषलाई मात्र देउडा भनिन्थ्यो तर पछाडि गएर यसको अर्थ विस्तार भई यसले गीत र अभिनय दुबैलाई जनाउन थाल्यो । आजकाल पादतलमा आवद्ध सामूहिक गायन प्रक्तियालाई देउडा खेल्नु भनिन्छ भने पादतलरहित गायन प्रक्तियालाई 'देउडा गाउनु' भनिन्छ । त्यसैले देउडा गीतको प्रयोग सामूहिक तथा एकल र अभिनय सहित वा अभिनय रहित ढङ्गले गर्न सकिन्छ । सामूहिक रूपमा देउडा खेल्दा खेलाडीहरू दुई पक्षमा विभक्त भएका हुन्छन् र दुबै पक्षतिर एक एक जना गीतेरु (तत्काल गीत सिर्जना गरी भन्ने व्यक्ति) रहेका हुन्छन् । तिनीहरूका बिच गीतिमय संवाद वा वादविवाद चल्दछ जसमा आफ्ना गहकिला र मर्मस्पर्शी अभिव्यक्तिद्वारा एकअर्कालाई परास्त पार्ने अभिप्राय राखेर गालिगलौज

तथा पुराना कलङ्क कोट्याउने काम पनि हुन्छ । देउडा गीतमा मार्मिकता, प्रसङ्गानुसारिता, अन्त्यानुप्रास र लयसमेत मिलाउनुपर्ने र तत्काल भन्नु पर्ने हुँदा यी देउडा भन्ने ब्यक्तिलाई आँशु कविको उपाधि दिनु सान्दर्भिक देखिन्छ ।

यी देउडा गीतको क्षेत्र सेती, महाकाली, भेरी र कर्णाली भएतापनि प्रस्तुत शोधपत्रमा डोटी जिल्ला र विशेषगरी बोगटान क्षेत्रलाई आधार मानी अध्ययन गरिएको छ ।

## १.४ समस्याकथन

लोकगीतको एउटा महत्वपूर्ण विधाको रूपमा रहेको 'देउडा गीतले' भाषिक तथा लोक साहित्यमा महत्वपूर्ण स्थान ओगटेको छ । तापनि यसको ब्यापक रूपमा अध्ययन, विश्लेषण र वर्गीकरण भएको पाइँदैन । डोटीको बोगटान क्षेत्रमा देउडा गीतले पनि नेपाली लोक साहित्यको भण्डारलाई समृद्धशाली बनाउन महत्वपूर्ण भूमिका खेलेका छन् तर यी गीतहरूको आजसम्म खोजी र अध्ययन हुन सकेको छैन । त्यसैले यो शोधपत्रमा निम्न लिखित समस्याको केन्द्रमा रहेर शोधकार्य गरिएको छ :

(क) डोटी बोगटान क्षेत्रमा के कस्ता देउडा गीतहरू प्रचलित छन् ?

(ख) डोटी बोगटान क्षेत्रमा प्रचलित देउडा गीतलाई के कति आधारमा वर्गीकरण गर्न सकिन्छ ?

(ग) डोटी बोगटान क्षेत्रमा प्रचलित देउडा गीतलाई के कस्तो आधारमा विश्लेषण गर्न सकिन्छ ?

## १.५ शोधकार्यको उद्देश्य

यस शोधकार्यको मुख्य उद्देश्य नेपाली लोकगीत र भाषिकामा महत्वपूर्ण स्थान ओगट्ने डोटेली 'लोकगीत' को खोजी गर्नु नै हुनेछ । डोटी जिल्ला बोगटान क्षेत्रमा प्रचलित डोटेली लोकगीत वा देउडा गीतका बारेमा केन्द्रित रहेर निम्न लिखित उद्देश्य पूर्तिका लागि यो शोधपत्र केन्द्रित रहेको छ ।

(क) डोटी बोगटान क्षेत्रमा प्रचलित देउडा गीतहरूको सङ्कलन गर्नु ।

(ख) डोटी बोगटान क्षेत्रमा प्रचलित देउडा गीतको विषयवस्तु, प्रस्तुतीकरण, भाव, भाषाशैली, लय वा भाका आदिका आधारमा वर्गीकरण गर्नु,

(ग) प्रचलित देउडा गीतलाई विश्लेषण गरेर देखाउनु,

## १.६ पूर्वकार्यको समीक्षा

डोटी बोगटान क्षेत्रमा प्रचलित गीतहरूको अध्ययन र सङ्कलन कार्य हालसम्म कसैबाट पनि भएको पाइँदैन । केही पत्रपत्रिका, पुस्तकाकार कृति र क्यासेट एल्बमहरूमा देउडा गीतका बारेमा सामान्य चर्चा भएतापनि उद्देश्यमूलक रूपमा बोगटान क्षेत्र विशेषलाई मात्र लिएर यसको अध्ययन र अनुसन्धान भएको पाइदैन । डोटी बोगटान क्षेत्रमा प्रचलित देउडा गीतको अध्ययनको क्रममा बोगटान बाहेकका क्षेत्रमा पनि प्रचलित देउडा गीत सम्बन्धी अध्ययनका क्रममा ती सामग्रीको प्रयोग पनि सहयोग सिद्ध भएको छ । ती सामग्रीको चर्चा क्रमश गरिएको छ-

-s_ v]d/fh  kg]?- pkk|fWofks -*f]^L  ax'd'vL  SofDk;  *f]^L_

डोटेली लोक कविको जीवन दृष्टि : देउडा गीतका सन्दर्भमा (समदर्शी २०५०) मा देउडा गीतको सामान्य परिचय र विभिन्न आधारमा वर्गीकरण उदाहरण सहित दिएको पाइन्छ । सो लेखमा छोटकरीमा परिचयमात्र दिएको र क्षेत्रीय आधार पनि छुट्याइएको छैन र गहिरो रूपमा विश्लेषण पनि गरेको छैन तर यस कार्यमा उक्त लेख सहयोगी सिद्ध भएको छ ।

-v_ g]qk|;fb  kg]? -pkk|fWofks– **]Nw'/f  lzIff  SofDk;_

हाम्रो लोक अभिनय (समदर्शी २०५०) मा गेय अभिनयका रूपमा देउडा गीतलाई चिनाउन खोजिएको छ । सो लेखमा देउडा गीतको विस्तृत चर्चा पाइँदैन तैपनि यस कार्यमा उक्त लेख सहयोगी प्रष्ट भएको छ ।

-u_ uf]ljGbk|;fb kf)*]

देउडा विगतदेखि वर्तमानसम्म (२०६० भदौ) पुस्तकाकार कृतिमा देउडाको विविध चर्चा गरिएको छ तर क्षेत्रीय आधारमा बोगटान क्षेत्रको बारेमा वर्णन गरेको पाइँदैन । उक्त कृति यस शोधकार्यका लागि महत्वपूर्ण सहयोगी सामग्री भएको छ ।

-घ_ r"*fdl)f aGw"

नेपाली लोक साहित्य (२०५८) पुस्तकमा देउडाको सामान्य चर्चा र लयको बारेमा परिचय गराउन खोजेको छ तर सो कृतिमा देउडा गीतको अध्ययन गरेको पाइदैन जेहोस् उक्त कृति यस कार्यका लागि सहयोगी भएको छ ।

-ª_ kb\d/fh hf]zL ‘k|eft’

गौरा पर्व एक परिचय (२०५९) र सुदूरपश्चिमाञ्चलको समाज र लोकसंस्कृति (२०६४) सुदूर पश्चिमाञ्चल सांस्कृतिक प्रवर्द्धन समितिद्वारा प्रकाशित पुस्तकाकार कृतिमा

पहिलो कृतिले सांस्कृतिक चाड गौरा पर्वका गीतको मात्र परिचित गराउन खोजेको छ भने दोस्रो कृतिले सुदूरपश्चिमेली समाज, लोकसंस्कार र लोकगीतको बारेमा चर्चा गरिएको पाइन्छ । त्यसैले यस कार्यमा उक्त कृति सहयोगी भएको छ ।

-r_ ljho  rfln;]

डोटेली लोक संस्कृति र साहित्य (२०३९) साझा प्रकाशन, काठमाडौँ देउडा गीतहरूको सङ्कलन केही मात्रामा भएपनि गरिएको छ साथै उक्त कृतिमा देउडालाई विषयवस्तुका आधारमा वर्गीकरण समेत गरिएको हुनाले उक्त कृति यस कार्यका लागि सहयोगी सिद्ध भएको छ ।

-h_ *f= ho/fh kGt

डोटेली देउडा गीतको सङ्कलन र अध्ययन (२०६४) वाङ्मय प्रकाशन तथा अनुसन्धान केन्द्र प्रा.लि.द्वारा प्रकाशित कृति डोटेली देउडाको परिचय, सङ्कलन गरिएको छ ।

## १.७ शोधकार्यको औचित्य

नेपाली लोक साहित्यको अध्ययनमा जिल्ला वा क्षेत्रगत साहित्यिक अनुशीलन अपेक्षित हुन्छ । वास्तवमा जिल्ला वा क्षेत्रीय स्तरको विधागत लोक साहित्यिक अध्ययन राम्रोसँग हुन नसकेसम्म सिङ्गो नेपाली लोक साहित्यको अध्ययनपूर्ण हुन सक्दैन । यस्तो स्थितिमा डोटी जिल्लाको लोक साहित्यिक संलग्नता आदिम प्रयासहरू र अहिलेसम्मको लोकगीतको यात्रामा मूलतः डोटेली  लोकगीतको विधातर्फ यसका विभिन्न पक्षहरूको आलेखन सङ्कलन तथा विभिन्न चाडपर्व, संस्कार, कर्म र दुःखसुखको साथीका रूपमा यसको महत्वमाथि प्रकाश पार्नु र डोटेली लोक गीतको अध्ययन तथा भाषिकाको अध्ययन गर्न चाहने व्यक्तिका लागि सहयोगी सामग्रीको रूपमा स्थापित हुनुका साथै डोटेली लोक संस्कृतिको बारेमा समेत प्रकाश पार्नु यस शोधकार्यको औचित्य रहेको छ ।

## १.८ शोधकार्यको सीमा

यस शोधकार्यको सीमा निम्नानुसार रहेको छ-

(क) यस शोधपत्रले अध्ययन क्षेत्रको रुपमा सेती अञ्चलको डोटी जिल्लाको प्र्रीतिनधित्व गरेतापनि बोगटान क्षेत्र विशेष गरी बर्छैन र मान्नाकापडी दुईवटा गा.वि.स.हरूलाई यसको सीमाभित्र राखिएको छ ।

(ख) बोगटान क्षेत्रमा प्रचलित देउडा गीतको स्थलगत रूपमा सङ्कलन गर्दा यहाँ प्रचलित नेपाली तथा डोटेली भाषाका देउडा गीतलाई मात्र यसभित्र सङ्कलन गरिएको छ ।

(ग) सङ्कलित गीतहरू स्थानीय भाषामा नै रहेका छन् । वर्गीकरण र विश्लेषणमा पनि यहाँको जनजीवनलाई मुख्य आधार मानी सामाजिक, ऐतिहासिक, राजनीतिक, पौराणिक, मायाप्रेम, चाडपर्व र संस्कारका आधारमा नेपाली भाषामा गरिएको छ ।

(घ) देउडा गीत र नृत्य दुबै भएकाले यस कार्यमा पनि उक्त दुबै आधारमा अध्यनन गरिएको छ ।

## १.९ शोध विधि

प्रस्तुत शोधपत्र तयार पार्दा निम्न विधिको अवलम्वन गरिएको छ-

-s_ If]qLo cWoog kb\wlt

यस अध्ययन विधि अनुसार डोटी बोगटान क्षेत्रका विभिन्न सम्भाव्य स्थानहरूमा पुगेर बुढापाका, बुद्धिजीवी र देउडा गायकसँग लिखित रूपमा गीत सङ्कलन र टेप रेकर्डिङ्ग विधिको प्रयोग गरिएको छ ।

-v_ k':tsfnLo ljlw

सङ्कलित लोक साहित्यिक, ऐतिहासिक तथा देउडा गीतका आवश्यक सामग्रीको अध्ययन गरेर सङ्कलित गीतहरूको वर्गीकरण र विश्लेषण गरिएको छ ।

## १.१० शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रको रूपरेखा निम्नानुसार रहेको छ-

| | |
|---|---|
| पहिलो परिच्छेद | शोधपरिचय |
| दोस्रो परिच्छेद | डोटी जिल्ला र बोगटान क्षेत्रको सामान्य परिचय |
| तेस्रो परिच्छेद | देउडा गीतको सैद्धान्तिक परिचय |
| चौथो परिच्छेद | डोटी बोगटान क्षेत्रमा प्रचलित देउडा गीतको वर्गीकरण र विश्लेषण |
| पाँचौ परिच्छेद | उपसंहार, देउडा गीत सङ्कलन र सन्दर्भ ग्रन्थसूची |

# परिच्छेद : दुई
# डोटी जिल्ला, बोगटान क्षेत्रको सामान्य परिचय

## २.१ डोटी जिल्लाको परिचय

नेपाल एसिया महादेश अन्तर्गत दक्षिण एसियामा पर्ने देश हो । विश्व मानचित्रमा हेर्दा सानो मुलुकको रूपमा देखिन्छ तापनि सबै देशहरू भन्दा सानो भने छैन । क्षेत्रफलका आधारमा बङ्गलादेश, भुटान, माल्दिभ्स जस्ता देशहरूका तुलनामा नेपाल ठुलो छ । धेरै देशहरू भन्दा सानो भएतापनि विश्वका अन्य कतिपय देशहरूको तुलनामा नेपाल भौगोलिक र प्राकृतिक आधारमा सम्पन्न देखिन्छ । प्रशासनिक सुविधाको लागि नेपाललाई पाँचवटा विकासक्षेत्र, १४ अञ्चल र पचहत्तर जिल्लामा विभाजन गरिएको छ । सुदूर पश्चिमाञ्चल विकास क्षेत्रको सेती अञ्चलका ५ वटा जिल्लाहरू मध्येका डोटी जिल्ला पनि एक हो । सामान्य परिचय निम्न शीर्षक उप शीर्षकमा बाँडेर गर्न सकिन्छ-

### २.१.१ नामाकरण

डोटीको नाम कसरी रहन गयो भन्ने बारेमा खासै अनुसन्धान हुन सकेको छैन तथापि चलि आएको किम्बदन्ती अनुसार परापुर्वकालमा यस ठाउँमा देवताहरूको निवास थियो र देवताहरूको निवास भएको ठाउँलाई स्थानीय भाषामा 'देवाटवी' भनिन्थ्यो रे, कालान्तरमा त्यसैको अपभ्रंश हुँदै डोटी रहन गएको भन्ने एक भनाइ छ भने एक अर्को भनाइ अनुसार चौधौ शताब्दीमा अजयपाल राजाबाट निर्मित डोटी राजाको दरबार हालको डडेल्धुरामा अजैमिर भन्ने ठाउँमा थियो । यसलाई अजैमिरकोट भनिन्छ । डडेल्धुरामा 'डोटी गाड' भन्ने खोला पनि अझै छ । सर्वप्रथम बृहत्मा डोटी हुँदै मालदर्ता भएको 'डोटी गडो' [1] पनि छदैछ । पछि दिपशाहीको पालामा डडेल्धुराबाट राज्य दिपायलमा सरेको र त्यहाँ पनि डोटी भन्ने गरेकाले यस जिल्लाको नाम डोटी रहन गएको हो । त्यस्तै यस क्षेत्रका आसपास र राज्य वरिपरिका केही नामहरू विचार गर्दा चम्पावती, मायावती, कुशावती भएजस्तै यसको नाम पनि 'दिपावती' भएको हुनुपर्ने र पद्यमावतीको पाल्पा, सुरक्षेत्रको सुर्खेत, दधिवलको दैलेख, युगलाको जुम्ला, बाजुङको बाजुरा, वज्राङ्गको बझाङ भएजस्तै दिपावतीको दिप्याल, डिप्याल हुँदै डोटी भएको हुनुपर्ने अनुमान गरिएको छ ।[2] यसको बलियो र भरपर्दो प्रमाण भने

---

१. कमलप्रसाद, दास, समदर्शी, २०५० (१:१ पृ. १२-१७) ।
२. पूर्णप्रकाश नेपाल, यात्री, सेती अञ्चल दिग्दर्शन, २०३५ ।

भेटाउन सकिएको छैन । एउटा अर्को जानकारी अनुसार डोटी भन्ने ठाउँ गडवालमा पर्दथ्यो । त्यहाँबाट आएका राजाहरू सर्ने क्रमानुसार डोटी भन्ने ठाउँको नाम पनि सर्ने क्रममा डडेल्धुरा र दिपायललाई पनि डोटी भनियो ।[३] जनश्रुतिको आधारमा रहेको यो भनाइ त्यति विश्वासिलो भने छैन तर पनि नामाकरणको प्रक्तियामा एक आधारका रूपमा लिइँदै आएको पाइन्छ ।

### २.१.२ ऐतिहासिक सन्दर्भ

यस जिल्लाको ऐतिहासिक सन्दर्भलाई खोतल्दा डोटी भन्नाले हालको डोटी जिल्लालाई मात्र नभएर मध्यकालीन डोटी राज्यलाई नै सम्झनु पर्छ । लिच्छवीकालमा डोटी क्षेत्र लिच्छवी राजाहरूका अधिनमा भएको कुरा डोटीको वंशावलीमा उल्लेख भएको पाइन्छ ।

मध्यकालीन नेपाल तिनवटा शासन शक्तिमा विभक्त भएको देखिन्छ । त्यस समयमा सिमौनगढ, नेपाल मण्डल र पश्चिममा खस मल्लराज्यहरू रहेका थिए । पश्चिम खस मल्ल राज्य अन्तर्गत कर्णाली प्रदेश रहेको र यसैको अधिनस्थ राज्यको रूपमा डोटी पनि रहेको भन्ने बुझिन्छ । कर्णाली प्रदेशका खस मल्ल राजा क्राचल्लले आफ्नो शासनकालमा डोटी माथि पूर्ण अधिकार जमाएको भन्ने बुझिन आएको छ । यस खस मल्ल राज्यको अधिनमा रहँदा पनि डोटी क्षेत्र सामाजिक, आर्थिक तथा सांस्कृतिक पक्षमा एक समृद्ध तथा परिपूर्ण क्षेत्र थियो भन्ने बुझिन आएको छ ।

उत्तर मध्यकालमा कर्णाली प्रदेशका खस मल्ल राजाहरूको शक्तिमा तत्कालीन राजा पृथ्वी मल्लको शासनकाल (१३९५-१४१५)[४] को अन्तरालमा उनी धर्मकर्ममा बढी चासो राख्ने र राज्यप्रति त्यति ध्यान नदिएको हुँदा शिथिलता आयो जसको परिणामस्वरूप बाइसी राज्यको प्रादुर्भाव भयो । यसै समयमा खस मल्ल राजाको कमजोरीको मौकामा फाइदा उठाई डोटीका अधिनस्त राजा निरयपालले (१४०९) डोटीलाई स्वतन्त्र राज्यको रूपमा स्थापना गर्ने अवसर पाए । यसरी स्वतन्त्र हुने बाइसी राज्यमा डोटी पहिलो राज्य नै थियो भन्न सकिन्छ । डोटी स्वतन्त्र राज्यको रूपमा स्थापना भइसकेपछि यसको इतिहासमा केही स्पष्ट देखिएपनि यसभन्दा पहिलेका राजाहरू र तिनको शासनकालको बारेमा अस्पष्ट नै छ । देवकान्त पन्तले 'डोटेली लोक साहित्य' मा उल्लेख गरे अनुसार उनले दुई वटा वंशावलीको अध्ययन गरेका

३. हर्कराज मल्ल, मल्लवंशावली, २०६० (पृ. १९) ।
४. ताराकुमारी रोस्यारा, डोटी जिल्लामा प्रचलित सांस्कृतिक फागहरूको सङ्कलन र विश्लेषण, शोधपत्र, २०६० ।

छन् । एउटा वंशावलीले डोटीका अन्तिम राजा दिप शाहीसम्म १८२ पुस्तामात्र उल्लेख गरेको बताएका छन् भने अर्को वंशावली अनुसार २३८ पुस्ता भएको र सूर्य वंशका प्रथम पुरुष विष्णु शाही भएको जनाएका छन् । दोस्रो वंशावली अनुसार दिलिपको ९४औं र रामको ९७ औं क्रम छभने अयोध्या छोडी कत्युर आउने प्रथम राजाको नाम सहदेव र उनी १६८औँ पुस्ताका भएको बताएका छन् । त्यस्तै कत्यूरका अन्तिम राजाको नाम विर्मदेउ र डोटीका प्रथम राजाको नाम त्रिलोक पाल छ र त्रिलोकपछि नाग मल्लसम्म निम्न नवौँ पुस्ता बताएका छन्- त्रिलोकी पाल, चन्द्रपाल, अजपाल, निरपाल, अश्वकिपाल, विश्वकिपाल मेधिनी पाल, निरयपाल (निरञ्जन) र नागपाल । [५]

हर्कराज मल्लको मल्ल वंशावली (२०६०) अनुसार त्रैलोक्य (त्रिलोकी) पालपछि सिधै निरैपाल राखिएको छ । निरै पाल भन्दा अगाडिका राजाहरूको बारेमा विवादास्पद भए तापनि डोटी स्वतन्त्र राज्यका पहिला राजा भने निरै पाल नै भएकोमा सबै इतिहासकारहरू सहमत छन् । विभिन्न शोधखोज र लेखका आधारमा निरैपालदेखिका राजाहरूको वंशावली र शासनकाल यसप्रकार प्रस्तुत गर्न सकिन्छ ।

निरैपाल (निरञ्जन निरय) देव (वि.सं. १४०९-१९१९)

नागमल्ल देव (१४४४-१४५०)

त्रिभुवन मल्ल (१४५२-१४५८)

रिपु मल्ल (१४५९-१४९८)

कल्याण मल्ल (१५०३-१५०७)

संसारी मल्ल (१५०८-१५३३)

कृति मल्ल (१५३४-१५४४) यिनलाई कतै सुतार्न मल्ल

पृथ्वी मल्ल (१५४५-१५६२) अशोक मल्ल पिथु मल्ल

प्रताप मल्ल (१५६३-१६०७)

अर्जुनमल शाही (राजमल्ल) (१६१२)

भूपति मल्ल (नृप मल्ल मेघमल्ल) (१६१५-१६२९)

हरि शाही (प्रथम) महिपत शाही (१६५०-१६६७)

राम शाही (१ सङ्ग्राम, डुगर, राज मल्ल दुर्दशील) (१६६६-१६८४)

---

५. देवकान्त पन्त, डोटेली लोक साहित्य, काठमाडौं : नेपाल तथा एसियाली अध्ययन संस्थान, २०३२ ।

रुद्र शाही (१६९०-१६९४)

पहाडी शाही (प्रथम) (१६९९-१७२०) (भीम भीजा श्री शाही पहाडी)

विक्रम शाही (१७२८-१७४२) (बहादुर शाही)

मान्धाता शाही (१७४७-१७७६) प्रथम

रघुनाथ शाही (१७७९)

हरि शाही (द्वितीय) (१७८५-१८१०)

कृष्णा शाही (१८२०-१८३६)

दीप शाही (१८४२-१८४७) (डोटीका अन्तिम राजा)[६]

विष्णु शाही (अन्धा एकीकरण पछिका राजा)

पहाडी शाही (द्वितीय) (१८५०-१८७१) (सर्वस्व राज्य हरण)[७]

स्वतन्त्र डोटी राज्यका अन्तिम राजा दिप शाहीको शासनकाल (१८४७) तिर बहादुर शाहको नायबीमा रणवीर खत्रीको फौजले [८] डोटी विजय गरेपछि मात्र डोटी बृहत् नेपालको अभिन्न अंग बनेको हो । तर विष्णु शाहीले श्री ५ महाराजाधिराज रणबहादुर शाहसँग सन्धि गरेपछि उनको राज्य थमौती गरेको कुरा १८४८ कार्तिक सुदि १३ रोज छ को लालमोहर [९] गरी दिएबाट स्पष्ट हुन्छ । राजा भएको तिनवर्षमै विष्णु शाहीको मृत्यु भएपछि पहाडी शाही (द्वितीय) राजा हुन्छन् र १८६९ [१०] मा डोटी पूर्णरूपमा नेपाल अधिराज्यमा विलय भएको कुरा इतिहासकारहरूको भनाइ छ ।

प्राथमिककालमा लिच्छवीहरूको शासनअन्तर्गत रहेको डोटी राज्य मध्यकालीन सिंजाली खस मल्ल राजाहरूको अधीनमा रहँदै आएको तर उत्तरमध्यकालतिर कर्णाली प्रदेशका खस मल्ल राजाहरूको शक्तिमा शिथिलता आउन गई डोटी प्रदेश अन्तर्गत पर्ने डडेल्धुराको अजैमिरकोटका राजा निरैपालले बाइसी राज्यको रूपमा रहेको डोटीलाई पहिलो स्वतन्त्र राज्य (वि.सं. १४०९) मा बनाए र उनका वंशका धेरै राजाहरूले राज गरेपछि राजा दिपशाहीका पालामा (१८४७) मा बृहत् नेपालको अधिनस्थ राज्यको रूपमा डोटी रहेतापनि नेपाल अधिनस्थ २ जना राजाले राज्य गरे र त्यसपछि १८६९ मा यो राज्य पूर्णरूपमा नेपालमा विलय भयो ।

---

६. पूर्ववत् ।
७. पूर्ववत् ।
८. विजय चालिसे, डोटेली संस्कृति र साहित्य, २०३९ ।
९. हर्कराज मल्ल, मल्ल वंशावली, २०६०, पृष्ठ १९ ।
१०. पुर्ववत् ।

### २.१.३ राजनीतिक विभाजन

प्रशासनिक कार्यमा सजिलोको लागि कुनै पनि क्षेत्रलाई विभिन्न स-साना एकाइमा बाँडिएको हुन्छ । यस्तै डोटी जिल्लालाई पनि विभिन्न आधारमा बाँडिएको छ तर डोटी भन्नाले हालको डोटी जिल्लालाई मात्र नबुझाई मध्यकालीन डोटी राज्यलाई पनि हेर्नुपर्ने हुन्छ । समयसमयमा भएका राजनीतिक विभाजन अनुसार अहिलेको डोटीलाई तेस्रो डोटी मान्न सकिन्छ ।

पहिलो डोटी पुर्वमा भेरी वाणगङ्गा र पश्चिममा श्रीनगर, वढवालपुरको पूर्वी सिमाना, दक्षिणमा अवध र उत्तरमा सिँजापुरीको पश्चिमी सीमाना थियो ।[११] पछि गएर पश्चिम डोटीका सामन्त शासकहरू हाकाहाकी शक्तिमा आउँदै गए र क्षेत्रीय अखण्डता पनि काटिँदै गयो । पुर्व डोटीमा पनि बुढीगङ्गा पुर्वको पहाडी क्षेत्र र दक्षिण मलवार क्षेत्रको तराई समेतमा अछाम राज्य खडा भएपछि रहेको क्षेत्र नै डोटी हुन गयो ।

दोस्रो डोटी नेपाल एकिकरण भएपछि पश्चिम काली दक्षिणमा तराई, पुर्वमा भेरी उत्तरमा तिब्बत सीमाना बिचको क्षेत्रलाई डोटी भनियो । यस डोटीमा पुर्वका दैलेख, जाजरकोट, कालीकोट, जुम्ला, हुम्ला र पश्चिमका बैतडी, डडेल्धुरा, दार्चुला आदि सबै जिल्लाहरूको राजनीतिक सम्पर्क रहन्थ्यो । यस क्षेत्र अन्तर्गत भाषा, लोक साहित्य र लोक संस्कृतिलाई डोटेली लोक संस्कृतिको नाम पुकारिनु नै यसको ज्वलन्त प्रमाण हो । जसको कारण डोटीलाई प्रशासनिक डोटी र सांस्कृतिक डोटी भनेर छुट्टै रूपमा लिने गरिएको छ । यस सन्दर्भमा डोटेली शब्दले प्रशासनिक विभाजन अनुसारको डोटी जिल्लालाई मात्र नबुझाई सिङ्गो सुदूरपश्चिम र अझ कर्णाली अञ्चलका भूभागलाई पनि जनाउँछ, "सांस्कृतिक डोटी पनि यसैलाई भनिन्छ ।" [१२]

वि.सं. २०१८ सालपछिको नेपाल अधिराज्यको प्रशासनिक विभाजनसँग विभाजित भई बनेको डोटी जिल्लाई तेस्रो डोटी मान्न सकिन्छ । अचेलको आन्तरिक सीमा विभाजनको नविन रूप निर्माण हुँदा बहुसङ्ख्यक मानिसहरू डोटी भन्नाले हालको डोटी जिल्ला भनेर बुझ्दछन् । २००७ सालमा प्रजातन्त्रको उदय हुनु पुर्व दोस्रो घुम्तिका क्षेत्रहरू लगायत तराईका जिल्लाहरू कैलाली र कञ्चनपुरलाई पनि डोटी प्रदेश भनिन्थ्यो । सुदूरपश्चिमाञ्चल विकासक्षेत्र अन्तर्गत सेती अञ्चलमा पर्ने एक पहाडी जिल्ला डोटी हो । वि.सं. २०१९ सालमा

---

११. पूर्णप्रकाश नेपाल यात्री, २०३५, सेती अञ्चल दिग्दर्शन ।
१२. पनेरु, खेमराज २०५०, समदर्शी, २०५०, पृ. ६-१० ।

आएर डोटी जिल्लाले आफ्नो हालको स्वरूप पाएपछि यसको सीमाना पुर्व अछाम र सुर्खेत, दक्षिण कैलाली र कञ्चनपुर, पश्चिममा डडेल्धुरा र बैतडी र उत्तरमा बझाङ् र बाजुरा जिल्लाहरू रहेका छन् । यस जिल्लाको आन्तरिक विभाजनलाई हेर्दा दुईवटा निर्वाचित क्षेत्र ११ वटा इलाका ५० वटा गा.वि.स. र एकवटा नगरपालिकामा विभाजन गरिएको छ । अहिले यही तेस्रो घुम्तिको डोटीलाई नै प्रशासनिक हिसाबले डोटी भनिन्छ ।

## २.१.४ भौगोलिक तथा प्राकृतिक परिचय

नेपाल दुई ठुला राष्ट्रहरू भारत र चिनको बिचमा रहेको सानो मुलुक हो । यसको आफ्नै प्रकारको भौगोलिक बनावटा छ । पूर्वपश्चिम लाम्चो आकारको छ भने उत्तर दक्षिण साँगुरो परेको  छ । यसको दक्षिण भागमा सम्म परेको तराई क्षेत्र छ भने बिच भागमा पहाड उत्तरतिर विश्वको सर्वोच्च शिखर सगरमाथा लगायतको हिमाली भाग छ जहाँ बाह्रै महिना हिउँ जमेको हुन्छ । यही भौगोलिक बनोटमा विविधताको कारण प्रशासनिक सुविधाका लागि पाँच विकास क्षेत्र १४ अञ्चल र ७५ जिल्लामा विभाजन गरिएको छ । पाँच विकास क्षेत्र मध्ये सुदूर पश्चिमाञ्चलको सेती अञ्चलमा पर्ने पहाडी जिल्ला हो डोटी । यो जिल्ला उत्तरबाट दक्षिणतिर फैलिदै गएको र झन्डै पञ्जा आकारको छ । पहाडी प्रदेश अन्तर्गत पर्ने यस जिल्लाको उचाइँ समुद्री सतहबाट ६०० मिटरदेखि ४००० [१३] मिटरसम्म रहेको छ । 'भौगोलिक मापन अनुसार विश्वमानचित्रमा हेर्दा यो जिल्ला २८ डिग्री ५४ मिनेट उत्तरदेखि २९ डिग्री २८ मिनेटसम्म अक्षांश र ८० डिग्री ३० मिनेट पुर्वदेखि ८१ डिग्री १४ मिनेटसम्म देशान्तर भित्र पर्दछ । यस जिल्लाको कुल क्षेत्रफल १२९१९९ हेक्टर अर्थात २०२५ वर्ग किलोमिटर रहेको छ ।' [१४]

जलस्रोतको दृष्टिले डोटी जिल्ला नेपालकै एक धनी जिल्लाको रूपमा रहेको छ । यहाँका मुख्य नदीहरूमा सेती, ठुलीगाड, गड सेरीगाड, कापडीगाड टुडागाड, गड्डीगाड, कालागाड, साइलिगाड, फूलौटीगाड आदि पर्दछन् । यी मध्येमा सेती नदी डोटी जिल्ला भन्दा पनि सेती अञ्चलकै ठुलो नदी हो । खप्तडबाट पश्चिम र बझाङ् हुँदै डोटीको गीरिचौकाबाट पश्चिमदेखि यस जिल्लामा प्रवेश गरी निर्वाचन क्षेत्रलाई छुट्याउने सीमानाको रूपमा रहेर पुर्वमा गई कर्णालीमा मिल्दछ । यस्तै अन्य नदीनालाहरू पनि तमाम छन् ।

१३. डोटी जिल्ला एक झलक २०५९, जि.वि.स., डोटी, बुलेटिन
१४. पुर्ववत

यस जिल्लाको न्यूनतम तापक्रम खप्तडमा हिउँदमा -२० डिग्री देखि लिएर अधिकतम ४४ डिग्री सेल्सियस, दिपायलमा गर्मी मौसममा हुन्छ भने औसत तापक्रम चाही २३ डिग्री सेल्सियस रहन्छ । प्राकृतिक हिसाबले यस जिल्लालाई मुख्यतया लेकाली तथा पहाडी प्रदेश, बेसी प्रदेश र चुरे प्रदेश गरी तिन भागमा विभाजन गर्न सकिन्छ ।

यस जिल्लाको लेकाली तथा पहाडी प्रदेश अन्तर्गत उत्तरी सिमानामा खप्तड लेक सकार लेक, गोला देउला, चौरिसी लेक मध्ये भागमा महाभारत पर्वतमाला र दक्षिणी भागमा चुरेपर्वत श्रेणीहरू पर्दछन् । यी भागहरूमा घना जङ्गल विभिन्न किसिमका चराचुरुङ्गी, वन्यजन्तुहरू रहेकाले सबैभन्दा रमणीय भाग खप्तड हो भने अग्लो भागहरूमा, सकारलेक, गोलादेउला र तेलेलेक छन् । यस प्रदेशमा चिसो हावापानी हुने र मङ्सिरदेखि चैत्रसम्म हिउँ जम्ने हुनाले उब्जनी त्यति राम्रो हुँदैन ।

यस जिल्लामा नदीहरूका साथै खोलानालाहरूले काटेर बनाएका भूभाग दिपायल, वान्डुग्रसैन, तल्कोट, जोरायल, वि.पि. नगर, मदननगर (चिम्चे), बेसीफाँट रहेका छन् । नदीको कटानबाट बगेको मलिलो माटो हुने भएकोले यी फाँटहरूमा उब्जनी राम्रै हुन्छ । यस जिल्लाको दक्षिणी सीमानामा चुरे डाँडा नामक एक पर्वत श्रेणी छ । यस क्षेत्रमा मलजल वनसम्पदा पर्याप्त भएपनि कालो फुस्रे माटो भएकोले खेतीका लागि त्यति उपयोगी छैन । यस चुरे श्रेणीमा पर्ने सबैभन्दा ठुलो चुचुराको उचाई करिब १९७० [१५] मिटर रहेको छ ।

डोटी जिल्ला विकासको दृष्टिकोणबाट हेर्दा पछि परेको भएतापनि भौगोलिक तथा प्राकृतिक दृष्टिकोणले धनी जिल्ला हो । सेती नदी शैलेश्वरी मन्दिर, पर्यटन क्षेत्र खप्तड जस्ता प्रमुख स्थानहरूले यस जिल्लालाई रमणीयता प्रदान गरेको छ । न त धेरै गर्मी न त धेरै चिसो ठिक्क जनजीवनमा सुहाउँदो हावापानी भएकोले यस जिल्लाको वातावरण मानववस्तीका लागि अति उपयोगी भएको छ ।

### २.१.५ सामाजिक अवस्था

कुनै पनि समाजमा विभिन्न जातजातिका मानिसहरू रहेका हुन्छन् र उनका आफ्नै किसिमका संस्कारहरू रहन्छन् । फरक फरक जाति र संस्कार भएपनि मानव एउटा सामाजिक प्राणी भएकोले एकआपसमा आवद्ध भइरहेका हुन्छन् । सय जिल्लाको सामाजिक तथा सांस्कारिक धरोहर आफ्नै प्रकारको छ । परापूर्वकालदेखि नै यहाँका मानिसहरूले संस्कृतिलाई असाध्यै मान्ने गरेको पाइन्छ । विभिन्न चाडपर्व मेला, उत्सव धार्मिक कृयाकलाप र मानव संस्कार सम्पन्न गर्ने क्रममा यहाँका मानिसहरू समाजमा भेला हुन्छन् । तर पहाडी

जिल्ला र भौगोलिक विकटताको कारण यहाँको समाज बसाइको हिसाबले भने छरिएर रहेको छ ।

'राष्ट्रिय जनगणना २०५८ को तथ्याङ्क अनुसार यस जिल्लाको कुल जनसङ्ख्या २१२६७० मध्ये महिलाको सङ्ख्या १०७२२१ र पुरुषको सङ्ख्या १०५४४९ रहेको छ । त्यस्तैमा जम्म घरपरिवार सङ्ख्या ३३५१० घरधुरी रहेका छन् । जसमा ग्रामीण क्षेत्रमा बसोबास गर्ने जनसङ्ख्या १९३२७० र शहरी क्षेत्रमा बसोबास गर्ने जनसङ्ख्या १९४०० रहेको छ । यस जिल्लाको जनसङ्ख्या बृद्धिदर २.४% र जनघनत्व सरदर १०५ जना प्रतिवर्ग किलोमिटर रहेको छ ।'[१६]

त्यस्तै यस जिल्लामा बसोबास गर्ने जातजातिका आधारमा भन्नुपर्दा क्षेत्री जातिको बाहुल्यता देखिन्छ । जातीय प्रतिशतका आधारमा ब्राह्मण ११%, क्षेत्री ५९%, दलित २५% र अन्य ५% जातजातिहरूको बसोबास भएको पाइन्छ । यस जिल्लामा बसोबास गर्ने बहुसङ्ख्यक मानिसहरूले डोटेली भाषा बोल्दछन् भने जिल्ला सदरमुकाममा बस्ने केही मानिसमात्र नेपाली भाषा बोल्दछन् । धर्मका आधारमा हेर्दा यहाँ हिन्दूबाहेक अन्य धर्म मान्ने मान्छे सायद नहोला भएपनि नगण्य मात्रामा होलान् । यस समाजका मानिसहरू धर्मप्रति ठुलो आस्था राख्दछन् । विभिन्न व्रतवन्ध गर्ने, मन्दिरमा पूजा गर्ने, दानपूजा गर्ने आदि धार्मिक संस्कारहरू परम्परादेखि नै चल्दै आएका छन् ।

## २.१.६ शैक्षिक अवस्था

कुनै पनि ठाउँको विकास के कति मात्रामा भएको छ भन्ने बारे थाहा पाउन त्यस ठाउँको शैक्षिक अवस्थाबारे जानकारी लिनु आवश्यक हुन्छ । शिक्षाको विकास राम्रोसँग नभएसम्म जिल्लाका अन्य विकासका कामहरू भएको मानिँदैन । नेपालको दुर्गम क्षेत्रमा रहेको डोटी जिल्लाको शैक्षिक अवस्था अन्य तराइका जिल्ला र राजधानी नजिकका जिल्लाहरूको दाँजोमा धेरै पछाडी छ ।

नेपालमा औपचारिक शिक्षाको सुरुवात वि.सं. १९१० देखि भएतापनि डोटीमा भने श्री ३ देवशम्शेरका पालामा जिल्ला सदरमुकाम सिलगढीमा भाषा पाठशालाको स्थापना हुनुलाई शिक्षाको प्रारम्भिक चरणको विकास भएको मानिन्छ । यसैगरी वि.सं. २००४ सालमा 'पद्म पब्लिक विद्यालयको' स्थापना र २०१७ सालमा 'डोटी इन्टर कलेज' को नामले स्थापना भएपछि यस क्षेत्रमा उच्च शिक्षाको ढोका खोलेको मानिन्छ ।

१६. डोटी जिल्ला एक झलक २०५९, जि.वि.स. डोटी ।

२०५८ को जनगणना अनुसार पुरुष साक्षरता प्रतिशत ६१.७ र महिला साक्षरता प्रतिशत १६ गरी औसत साक्षरता ३८.८५ प्रतिशत रहेको छ । २०५९ को तथ्याङ्क अनुसार यस जिल्लामा बालविकास केन्द्र २६ वटा, प्राथमिक विद्यालय २३७ वटामा ७०४ दरबन्दीमा कार्यरत शिक्षक छन् भने नि.मा. तहका ४५ वटा विद्यालयमा १४६ जना शिक्षकहरू कार्यरत छन् । माध्यमिक विद्यालयतर्फ डोटी जिल्लाका कक्षा १ देखि १० सम्म पढाइ हुने विद्यालयहरू ३४ वटा र १०+२ कक्षा सञ्चालन भएका ६ गरी जम्मा ४१ व्टा विद्यालयमा ८ वटा विद्यालय पूर्ण रूपमा निजी क्षेत्रमा सञ्चालित छन् । ४० वटा विद्यालय मध्येमा नेपाल सरकारबाट स्वीकृत दरबन्दी ९१ मात्र छन् । यसरी हेर्दा विकासकेन्द्र, प्रा.वि., नि.मा.वि. दरबन्दी रहेका छन् भने कुल ४६४२० विद्यार्थीहरू अध्ययनरत छन् ।

डोटीमा परम्परागत संस्कारहरू अझै पनि प्रचलित रहेका हुनाले त्यहाँ छोरीहरूलाई पढाउनुपर्छ भन्ने चेतनाको विकास अझै पनि राम्रोसँग भइसकेको छैन । यही कारणले गर्दा महिला साक्षरता सङ्ख्या डोटीमा धेरै कम छ । यहाँको कुल जनसङ्ख्या मध्ये २५ प्रतिशत जनसङ्ख्या दलित जातिको रहेको छ । यी दलितहरूमा पनि शिक्षाको महत्वबारे ज्ञान नभएका कारण विद्यालयमा पढ्न मान्दैनन् र यिनीहरूको पनि साक्षरता प्रतिशत ज्यादै कम रहेको छ । प्राथमिक स्तरमा विद्यालयहरू नजिकैमा रहेका भएपनि नि.मा.वि. र मा.वि.हरू धेरै टाढा हुनु र सरकारी स्रोतभन्दा धेरै विद्यालय निजी स्रोतका हुनुले यहाँ शिक्षामा कठिनाइ आएको छ । यस जिल्लाको शैक्षिक विकासका लागि नेपाल सरकारबाट विशेष पहल हुनुपर्ने देखिन्छ ।

## २.१.७ धार्मिक तथा ऐतिहासिक स्थलहरू

मन्दिरै मन्दिरको सहर भनेर काठमाडौँ भनेझै यस डोटी जिल्लालाई पनि मन्दिरै मन्दिरको जिल्ला भन्न सकिन्छ । सुदूर पश्चिम क्षेत्रकै प्रमुख शक्तिपिठ मानिने शैलेश्वरी मन्दिर सहस्रलिङ्ग खप्तड, अस्द्वाला जस्ता प्रमुख धार्मिक तथा ऐतिहासिक क्षेत्रहरू लगायत मोटामोटी रूपमा प्रमुख स्थलहरूको विवरण यसप्रकार दिन सकिन्छ-

| **नाम** | **स्थान** | **नाम** | **स्थान** |
|---|---|---|---|
| शैलेश्वरी मन्दिर | सिलगढी बिचबजार | राधाकृष्ण मन्दिर | सिलगढी तल्लो बजार |
| कोटभैरव | दिपायल | मोहन्याल | बर्छैन अलाडी |
| वाशुधारा | दिपायल | भागेश्वर | मुडेगाउँ |
| सहस्रलिङ्ग | खप्तड | घण्टेश्वर | गैरा |
| वेतालमाण्डौ | सातफरी | मालिका | बर्छैन |
| गोलेश्वरी | गोलादेउला | नेत्रेश्वरी | वग्लेख |

तामेश्वरी सकार मान्नाकापडी केदार लाना केदारश्वर

यी मध्ये प्रमुख स्थलहरूमा शैलेश्वरी मन्दिर र खप्तड पर्दछन् जसको छोटकरी परिचय दिनु औचित्यपूर्ण देखिन्छ-

### द्.ज्ञ.ठ.ज्ञ शैलेश्वरी मन्दिर

इच्छित वरदिने शैलेश्वरी देवीको प्रसिद्ध मन्दिर डोटी जिल्लाको सदरमुकाम सिलगढीमा अवस्थित छ । यो पुराणमा वर्णन गरिएको एक प्रसिद्ध गुह्यपिठ हो । यो मन्दिर धार्मिक, सांस्कृतिक, ऐतिहासिक, पुरातात्विक र पर्यटकीय दृष्टिकोणले महत्वपूर्ण देवस्थल हो ।

सिलगढी बजारको बिच भागमा शैलेश्वरी मन्दिरको वरीपरी अन्य विभिन्न स-साना मन्दिर पनि छन् । यी मन्दिरहरूमा भैरुस्थान गणेशस्थान सरस्वती मन्दिर, शिवमन्दिर आदि पर्दछन् । भैरवस्थानमा बोकाको बलि चढाइन्छ तर अन्य मन्दिरहरूमा बली चढाएको पाइँदैन । शैलेश्वरी मन्दिरको परिसरमा पहिला पहिला शैलेश्वरी मन्दिरको पूजाआजा विशेष पर्वहरू जस्तै जेष्ठ, कार्तिक र माघ शुक्ल पूर्णिमाहरूमा मात्र हुने गर्दथ्यो । वि.सं. १७७१ तिर डोटेली राजा पहाडी शाहीले केही गुठी जग्गा राखि सिलगाउँ निवासी सदाशिव भट्टलाई पूजाआजा गर्न भनि दिए । त्यसैबेलादेखि शैलेश्वरीको नित्य बिहान बेलुकी संस्थागत रूपमा पूजाआजा गर्ने परम्परा चलि आएको छ ।

शैलेश्वरी मन्दिरमा वर्षको तिनपटक वरिपरीका बाह्र गाउँका भक्तहरूले ल्याएको चामल इत्यादीले भगवतीमा भोग लगाई हवन गरी बाजागाजाका साथ विशेष पूजाआजा गर्ने चलन छ । त्यसमा पनि कार्तिक शुक्ल पूर्णिमामा विशेष पूजा गरिन्छ । त्यस दिन भगवतीलाई खुसी पार्न साँझपख चाँदीको लौरोमा विभिन्न किसिमका वस्त्रहरू र गहनाहरू पहिराई भगवतीको आकारस्वरूप (गाँज) बनाई ब्राह्मणद्वारा पूजा गरी नचाइन्छ । यस पर्वलाई शैलेश्वरी जाँत भनिन्छ । जाँतको अघि पाँच दिनसम्म व्रत बस्ने पूजाआजा गर्ने देउडा मागल, मोलाउले गाउने चलन चलि आएको छ । त्यस्तै प्रत्येक १२ वर्षको माघ महिनामा लक्ष्य हवन गरिन्छ भने प्रत्येक बाह्रौं लक्ष्य हवनपछि कोटी हवन गरिन्छ । १४४ वर्षमा एकपटक कोटी हवन हुने गर्दछ ।

### द्.ज्ञ.ठ.द् खप्तड राष्ट्रिय निकुञ्ज

खप्तड राष्ट्रिय निकुञ्ज डोटी, बझाङ्ग, अछाम र बाजुरा जिल्लाका बिचमा रहेको छ । यो क्षेत्र ४००० मिटर अग्ला पहाडहरूको बिचमा रहेको उपत्यका जस्तै छ । यो एउटा प्राकृतिक स्रोतहरूले भरिपूर्ण सौन्दर्यात्मक स्थल हो ।

खप्तड क्षेत्र प्रकृतिको उपहार हो । प्रकृतिले विभिन्न पक्षमा आफ्नो सौन्दर्यलाई देखाएको छ । प्रकृतिको गर्भभित्र लुकेर रहेको असङ्ख्य चिजहरूले यो क्षेत्र आफै रहस्यमय लाग्छ । यो क्षेत्र प्राकृतिक रूपले मात्र धनी नभएर धार्मिक तथा आर्थिक पक्षमा महत्वपूर्ण छ । स्कन्दपुराणको मानस खण्डमा उल्लेख भए अनुसार यसको नाम खेचरादि पर्वत र सहस्रेश्वर महादेवको वासस्थान रहेको त्यसैकारणले यहाँको प्रमुख देवस्थललाई सहस्रलिङ्ग भनिन्छ । महादेवका गणका रूपमा रहेका अन्य देवीदेवताहरू पनि असङ्ख्य रूपमा रहेका बताइएको छ । यहाँ १२ वटा पवित्र गुफा र ५ वटा बाहिरी धर्मस्थल समेत रहेका छन् । शिवजीको तपस्या गर्ने विभिन्न सुरअसुर देवगण एवम् गन्धर्वहरूको यहाँ बासस्थान भएको भन्ने पौराणिक मान्यता रहेको छ । यस जङ्गलका बिचबिचमा ठुलाठुला घाँसे मैदानहरू रहेका छन् । लगभग ७० वटा पानीका मुहान ३६ वटा तालहरू रहेको अनुमान गरिएको यस क्षेत्रमा सुदूरपश्चिमकै सबभन्दा ठुलो प्राकृतिक ताल सुनदह एकदम सौन्दर्यपूर्ण ढङ्गले बिराजमान छ ।

खप्तडमा दशहाराको दिनमा ठुलो मेला लाग्दछ । दशहाराको पहिलो दिन त्यहाँ मेला गर्ने मानिसहरूको भीड लाग्दछ । दोस्रो दिनमा त्रिवेणीघाटमा नुहाई सहस्रलिङ्ग (खापरेमस्टो) को दर्शन गरी श्रद्धालु भक्तजनहरू घर फर्कन्छन् । त्यहाँ मेला लाग्ने रातमा देउडा खेल खेलिन्छ । यहाँको देउडा खेलमा केटाकेटीको दोहोरी हुन्छ । यहाँ मेला भर्न डोटी, अछाम, बझाङ्ग, बाजुरा, डँडेल्धुरा, बैतडीका मान्छे आउँछन् ।

प्राकृतिक रमणीयतालाई ध्यानमा राखी २०४२ सालमा खप्तड राष्ट्रिय निकुञ्जको घोषणा गरेपछि हाल यो क्षेत्र संरक्षित रूपमा रहेको छ । २१९ वर्ग किलोमिटर क्षेत्रफल रहेको अनुमान गर्न सकिने यस राष्ट्रियकुञ्जमा डाँफे लगायतका धेरै चराचुरुङ्गी र विभिन्न किसिमका वन्यजन्तुहरू रहेका छन् । पर्यटकीय दृष्टिकोणले पनि यो क्षेत्र ज्यादै महत्वपूर्ण छ । यस खप्तड क्षेत्रभित्रै विभिन्न हेर्न लायक क्षेत्रहरूमा त्रिवेणी, नागढुङ्गा, सहस्रलिङ्ग खप्तडदह केदार ढुङ्गा, हात्तिपाइला क्षेत्र, घोडा दाउने पाटन, डाँफेकोट, खप्तडबाबा, आश्रम, बाघबुट्टे निगालो आदि छन् ।

सङ्क्षिप्तमा विभिन्न रङ्गीविरङ्गी फुलहरूको फुलबारी, बाघबुट्टे निगालाको घारी, विभिन्न किसिमका जडीबुटी र विष आदिको अधिक्यता विभिन्न किसिमका पशुपङ्क्षी तथा जनावरहरू, दलदले पाटन अभ्रख खानी र गणेश शिव अनि खापरेमस्टो जस्ता देवीदेवताको

बासस्थान भएको खप्तड जुनसुकै दृष्टिकोणले पनि मनोरम, महत्वपूर्ण, सुन्दरशान्त र स्वर्गीय वातावरण छ ।

नेपालको मध्यकालीन इतिहासमा सुदूरपश्चिमको एक समृद्धशाली राज्यको रूपमा रहेको डोटी अरु बाइसी राज्यहरू बृहत् नेपालमा विलिन भइसके पछि पनि यहाँ केही राजाहरूले राज्य गरेको र हाल आएर एउटा पहाडी जिल्लाको रूपमा रहेको यो जिल्ला समुद्री सतहबाट ६०० मिटर देखि ४००० मिटरको उचाइमा रहेको पाइन्छ । विभिन्न प्रकारका जातजातिले बसोबास गर्दै आएको यो जिल्लामा धर्मकर्ममा ज्यादै विश्वास राख्ने मानव समुदायको बसोबास भएको, प्राकृतिक हिसाबले ज्यादै रमणीय स्थल हो ।

उपयुक्त शीर्षकहरूमा डोटीको सामान्य परिचय दिइएको छ । अब यसै जिल्ला अन्तर्गत पर्ने बोगटान क्षेत्रलाई निम्न शीर्षक उपशीर्षकमा परिचय गराउनु सान्दर्भिक देखिन्छ ।

## २.२ बोगटान क्षेत्रको परिचय

### २.२.१ भौगोलिक तथा सामाजिक परिचय

डोटी जिल्लाको दक्षिण भागमा तथा चुरेको उत्तरमा पर्ने बोगटान क्षेत्र भौगोलिक दृष्टिले दुर्गम ठाउँ मानिन्छ । जिल्ला सदरमुकाम सिलगढीबाट झण्डै ३२-३४ कोशसम्म टाढा रहेको यस क्षेत्रमा जिल्ला सदरमुकाम पुग्नका लागि गाडीबाट ८-१० घण्टा र पैदलबाट १-२ दिन लाग्दछ । हिउँदको समयमा मात्र यस क्षेत्रमा गाडीबाट आवतजावत गर्न सकिन्छ । यस क्षेत्रको नाम बोगटान रह्यो ? भनने बार बुढापाकासँग प्रश्न गर्दा केदार ज्येष्ठ पुत्र मोहन्याललाइ मातापिताको मूल वा कुभलो हुने गरी जन्मेको भनी गङ्गाबाट बगाइएको थियो । गङ्गा किनारमा बस्ने बगडीले त्यो बगिरहेको तामाढोल र देवपुत्र प्राप्त गरे । केदारपुत्र मोहन्याल अति नै शक्तिशाली भएकोले देवतासँगै बगडीहरु डोटीको दक्षिणी भेगका विभिन्न क्षेत्रमा बसाई सरे । देवतामध्ये मोहन्याल बलियो भएकाले ती बगडीहरु पनि उक्त देवको देवत्व पाई बलिया भएका थिए । त्यही बगडी शब्द अपभ्रंश भई बोगटी भएको बुझिन्छ ।

नेपालको एकीकरण हुनुपुर्व बाईसी राज्य अन्तर्गतको एक राज्य बोगटाननको राज्य अन्तर्गत विभिन्न गा.वि.स. हरुमा बोगटीहरु शक्तिशाली भएकाले राणाशासनकालमा मुख्यालीको जिम्मा पाएका थिए । त्यतिबेला आफूले जिम्मा पाएको दक्षिण डोटीतिर बोगटीहरु

कर उठाउने गर्थे । यसरी बोगटान क्षेत्रमा डोटी राज्य स्वतन्त्र नहुञ्जेल बोगटीले मुख्याली राज गरेको हुनाले बोगटान भनिएको जानकारी प्राप्त भयो । बोगटान क्षेत्र समुद्रीसतहबाट ८०० मिटरदेखि २१०० मिटरसम्म उचाइ रहेको यो क्षेत्र प्राकृतिक तबरले रमणीय र सौन्दर्यपूर्ण देखिन्छ । उपोष्ण मनसुनी हावापानी भएको यो क्षेत्र ठुलीगाड, कापडीगाड र गड्सेरीगाड मिलेर चारैतिर फैलिएको त्रिवेणी सङ्गम स्थल पनि हो । प्राय : सबै क्षेत्रमा सामुदायिक वन भएका र नाङ्गा डाँडाहरु भएको ठाउँमा वृक्षारोपण गरी कबुलियत वनहरु स्थापना गरेका देखिन्छन् । बोगटानको उच्च पहाडी क्षेत्रभन्दा मध्यपहाडी क्षेत्रमा पाखो जग्गामा पनि धान, मकै, गहुँ, तोरी, गहत, भटमास प्रशस्त फल्दछन् भने त्यहाँका मानिसहरुले अदुवा, बेसार, चुक तथा बाखापालनबाट थप आम्दानी गर्न सजिलो पुगेको देखिन्छ । आफूले उत्पादन गरेका सागपात, केरा, फलफुल स्थानीय बजार मदननगर, वि.पी. नगर र शिवनगरमा खपत हुन्छन् । प्रशस्त खेत नभएका मानिसहरुलाई चामल अभाव पर्दछ ।

यहाँको समाज परम्परागत मान्यतामा चलिरहेको छ । यस्ता परम्परागत मान्यताहरु केही ठिक छन् भने केही रुढिवादीमा आधारित छन् । त्यसमध्ये जीवनसंस्कारहरु, चाडपर्वहरु, अर्मपर्म, आफूभन्दा ठुलाको सम्मान गर्ने, सार्वजनिक काम मिलेर गर्ने रहेका छन् भने केही नराम्रा पक्षहरुमा महिनाबारी हुँदा मजेलो (सानोघर) मा बस्नुपर्ने, दलितहरुलाई घरभित्र प्रवेश निषेध, पानी नचल्ने, नछुने तथा सुत्केरी महिलाहरुले गोरस खान नहुने, बासी दुध खानुपर्ने र जातीय शोषण गर्ने आदि हुन् ।

बाहुन, ठकुरी, क्षेत्री, मगर र दलित जातिहरुको बसोबास भएको यस क्षेत्रको कुल जनसङ्ख्या १३४५२ मध्ये पुरुषको जनसङ्ख्या ७३२० र महिलाको जनसङ्ख्या ६१३२ रहेको छ । बाहुन जातिमा जोशी भट्ट छन् भने ठकुरीमा चन्द, कलेल, बम रहेका छन् । क्षेत्रीमा बोहरा, खडका, देउवा, बोगटी, धामी, मौनी, ताडी, जेठरा, विठारी, बुढा, रोका, नाम्जाली, तारामी, थापा, लामिछाने आदि छन् । दलितमा सुनार, कामी, दमाइ, चुनारा, सार्की, वादी (गाइने) आदि रहेका छन् ।

### २.२.२ वनस्पति तथा वन्य जन्तु

डोटी जिल्लाको कुल क्षेफल १२९१९९ हेक्टर मध्ये ५९१०१ हेक्टर क्षेत्र वन जङ्गलले ढाकेको छ । खप्तड राष्ट्रिय निकुञ्ज समेत रहेको यस क्षेत्रमा साल, सल्ला, सिसौं, बाँस, वाँज, खर्सु, निगालो, उत्तिस, कटुस, सिमल, अङ्यार, लालीगुराँस, पैयुँ, मेल, काफल, अमला आदि वनस्पति पाइन्छन् । यी मध्ये केही जडीबुटीहरू हुन्- दालचिनी, चिराइतो, टिमुर,

अवला, रिट्ठा, बजो, सुगन्धवाल, तेजपत्ति, पाषणवेद, सिलाजु, सुनझाडी, भोर्ला, कुरिलो, चुत्रा, जटामसी, सुनगाभा, कचुर, असुरो, हर्रो, बर्रो, कुकुर डाइनो, तितेपाती, अटिनो, पतिनो, लतपते, थोकाइल, सिल्फु, सत्तु, एँजेरु, गनान्नु, सोलसनु आदि । यस जिल्लामा पाइने वन्यजन्तु तथा चराचुरुङ्गीहरूमा बाघ, भालु, दुम्सी, स्याल, गुना बाँदर, बदेल, घोरेल, हरिण, मल्पासो, ओद आदि छन् भने चराहरूमा डाँफे, मुनाल, च्याखुरा, कालिज, मयुर, ढुकुर, गिद्ध, बाज, नेउली, कोइली आदि हुन् ।

## २.२.३ खेतीपाती

यस क्षेत्रमा उपोष्ण मनसुनी हावापानी र पहाडी क्षेत्रमा भिरालो जमिन र नदी किनारमा समथर जमिन भएकाले यहाँ खेतीपाती राम्रो उब्जाउन सकिन्छ । तर सिंचाइ सुविधाका लागि प्रशस्त नदीनालाहरू भएकाले खेती गर्न ज्यादै अप्ठ्यारो भने छैन । डोटी जिल्लाकै सेती नदी पछिका ठुला दुई नदीहरू (ठुलीगाड, कापडीगाड) यसै क्षेत्रमा पर्ने भएकाले यी नदीको किनारमा भने केही खेती योग्य जमिन पनि छ र त्यहाँ उब्जनी पनि राम्रै हुन्छ । यस क्षेत्रमा प्रमुख रूपमा धान, गहुँ, कोदो, जौ, भट्मास, मकै, गहत, मास, गुराँस आदिको खेती गरिन्छ भने तरकारीमा आलु धेरै राम्रो फल्ने चिज हो ।  यसका साथै मुला, अदुवा, हल्दी, धनिया, रायो आदि बारीमा लगाइने तरकारी हुन भने फाँपर, लिउरो आफै खेतबारी तथा जङ्गलमा उम्रने तरकारी हुन् । यस क्षेत्रका प्रमुख नगदेबालीहरु अदुवा, बेसार, अमिलो, सुन्तला आदि रहेका छन् ।

यहाँ खेती प्रणालीमा आधुनिकता आउन सकेको छैन । उही बाजेबराजुका पालाको विधि अनुसार खेती गरिन्छ । यहाँ गोठे मलमात्र बढी प्रयोग गरिन्छ र किटनासक औषधी सम्बन्धी पनि कसैलाई मतलब हुँदैन । बिउ पनि त्यहाँ परम्परादेखि नै चलि आएको प्रयोग गरिन्छ । यो ठाउँ जिल्ला सदरमुकामबाट टाढा परे तापनि धनगढीबाट नजिक परेको र वि.पि. नगरमा समेत पशु एग्रोभेट भएकोले रासायनिक मल समेत प्रयोग गर्छन् । कृषि विकास कार्यालयले पनि यस ठाउँमा आधुनिक खेती सम्बन्धी उन्नत जातका धान, मकै, गहु तथा नगदे बालीहरुको बिउँ, रासायनिक विषादी र तालिम उपलब्ध गराउँदै आएको छ ।

पशुपालन यहाँको एक प्रमुख पेसा नै हो । यहाँ विभिन्न जातिका पशुहरू पनि छन् । बाख्रापालन र कुखुरापालन व्यवसाय व्यापक रुपमा गरिएको पाइन्छ । गाई भैसी पनि त्यहाँको मान्छेले पाल्ने गर्दछन् । तर भैसीको गोरस बजारमा बेच्न सकिन्छ भने गाईको गोरस चाही धार्मिक दृष्टिकोणले बेच्न निषेध गरिएको छ ।

### २.२.४ प्रमुख देवस्थलहरू

देवताहरूको पूजाआजा गर्नका लागि निश्चित ठाउँ तोकेको हुन्छ, त्यस्तो तोकिएको निश्चित ठाउँलाई देवस्थल भनिन्छ । डोटी जिल्लामा धेरैवटा देवस्थलहरू रहेका छन् ती मध्ये बोगटान क्षेत्र भित्र पर्ने केही देवस्थलहरूको बारेमा निम्न प्रकारले चर्चा गर्न सकिन्छ ।

#### २.२.४.१ मोहन्याल मन्दिर

सुदूर पश्चिम क्षेत्रको डोटी जिल्ला अन्तर्गत बोगटानको बर्छैन गा.वि.स. वडा नं. ६ अलाडीमा श्री मोहन्यालको मन्दिर रहेको छ । किंवदन्ती अनुसार श्री केदार बाबाका ज्येष्ठ सुपुत्रको रुपमा मोहन्यालको जन्म भएको थियो । छोरा पाएकाले केदार दम्पत्ती औधी खुसी थियो । त्यतिबेला ज्योतिषीलाई बालकको हात हेराउँदा आमाबुबालाई अहित हुने कुरा जानकारी पाए । उक्त कुराले केदार बाबाको मन अति दुःखी भयो र आफ्ना ज्येष्ठ सुपुत्र प्रतीको मोहलाई त्याग्नुपर्ने भएकोले तिनको नाम मोहन्याल राखिएको थियो । आमाबुबाको मूल जन्मेको छोरालाई तामाको ढोलभित्र हालेर गङ्गामा बगाइदिए । गङ्गा बग्दै आइ रहेको तामाको ढोललाई गङ्गा किनारमा बगडी वा माझीले आफ्नो घरमा ल्याए र खोली हेर्दा भित्र बालक भेटियो । बालक बढ्दै जाँदा देवत्व प्राप्त भयो ।

हाल श्री मोहन्यालको जात्रा (पर्व) कार्तिक वा मङ्सिर शुक्ल दशमीका दिन पर्दछ । जात्रामा सुदूरपश्चिमका विभिन्न क्षेत्र र भारतका सिंहाइबाट समेत तिर्थालु आउने गर्दछन् । बाह्र बोगटानको नामले चिनिने मोहन्यालजात्रा देवगाथा र देउडा गीत भट्याउने गरिन्छन् । एकादशी तिथिमा मोहन्यालको व्रत बसी सबैले पूज्ने कार्य गर्दछन् ।

#### २.२.४.२ केदार मन्दिर

डोटी जिल्लाको बोगटान क्षेत्रको उत्तरमा केदार मन्दिर पर्दछ । केदारलाई शिवजीको रुपमा पुजा गरिन्छ । बोगटान क्षेत्रको सबैभन्दा अग्लो डाँडा मानिने यस केदार डाँडामा केदारको गाथ रहेको छ । त्यहाँ मानवनिर्मित नभई भीरमा रहेको पखानको काखमा शिवलिङ्ग र गाईबाच्छे ढुङ्गा रहेका छन् । कार्तिक वा मंसिरको शुक्ल त्रयोदशीको दिन केदारको पूजा गरिन्छ । हालसम्म जे वर माग्यो त्यो पूरा हुन्छ भन्ने हेतुले पनि सुदूर पश्चिम र भारतका तीर्थयात्रीहरु उक्त पर्वमा उपस्थित हुन्छन् । यहाँ वर्षको एकपटक मात्र पर्वमा पुजाआजा गरिन्छ ।

### २.२.४.३ मालिका

यस ठाउँमा बडी मालिकाको तेस्रो पाउँ टेकेको भन्ने भनाई छ । चैत्र शुक्ल सप्तमीमा यहाँ मेला लाग्दछ र पुजापाठ गर्ने गरिन्छ । यो ठाउँ बोगटान क्षेत्रको उत्तरतिर रिसेडीको डाँडामा अवस्थित छ । शिवरात्रीमा महिलाहरु तथा केटीकेटीहरु पुजाअर्चनाका लागि त्यस क्षेत्रमा जाने गर्दछन् । आफ्ना दुःखसुखका बिलौनाहरु देउडा गीतको माध्यमबाट पोख्दछन् ।

यी बाहेक बर्छैन केदार, धिरगानी, डुडा, मस्टो, भैरव, बेताल, अलडो, भागेश्वर आदि प्रमुख देवस्थल हुन् ।

## २.२.५ प्रमुख झरना, ताल र नदीहरू

ताल तथा झरनाहरू प्रकृतिका रमणीय वस्तुहरू हुन् । प्राकृतिक हिसाबले नेपाल अधिराज्य नै रमणीय र सौन्दर्यपूर्ण राष्ट्रको रूपमा चिनिन्छ । डोटी जिल्ला पनि पहाडी जिल्ला हो । प्राकृतिक सुन्दरताले भरिपूर्ण पर्यटकीय स्थल खप्तडको काखमा रहेको बोगटान क्षेत्रमा पनि विभिन्न प्रकृतिका निःशुल्क उपहारहरू प्रकृतिका बरदान सावित भएका छन् । वन जङ्गल, खोलानाला, ताल, झरना यहाँका हेर्न लायक प्राकृतिक उपज हुन् । अग्लो पहाडबाट बग्ने नदीनालाहरू रहेकाले यहाँ ठुलाठुला झरनाहरू पनि छन् । ती झरनाहरू मध्ये महत्वपूर्ण झरनाको छोटकरीमा परिचय यसप्रकार प्रस्तुत गरिन्छ :

### २.२.५.१ भेल्छडा झरना

डोटी जिल्ला पहाडी जिल्ला हो । जसको कारणले ठुलासाना झरनाहरू विद्यमान रहेका छन् । अपितु सबैभन्दा नामी झरना भेल्छडा नै हो । यसको नामाकरण भेल्+छडा भेल्छडा हुन्छ । 'भेल्' को अर्थ स्थानीय भाषामा बाढी अथवा धेरै पानीको मूल भन्ने हुन्छ भने 'छडा' भनेको झरना नै हो । जसको पुरा अर्थ ठुलो झरना हुन्छ ।

यो झरना बोगटान क्षेत्रको मान्नाकापडी गा.वि.स.को पुर्वमा खप्तड राष्ट्रिय निकुञ्जको सीमानामा पर्दछ । खप्तडको त्रिवेणीबाटै बगरेर आएको पानी यस झरनामा बडो रमणीयताका साथमा झर्छ । यसको उचाई कसैले ८० मिटर [१८] भनेका छन् भने कसैले २५० फिट [१९] भनेका छन् तर यो सुनेको भरमा मात्र हो । सामान्य रूपमा हेर्दा पनि यो झरना ३०० मिटरभन्दा बढी अग्लो रहेको अनुमान गर्न सकिन्छ । डोटी जिल्ला भरिकै ठुलो यो झरनाबाट टाढासम्म उछिट्टिने पानीका कणहरूमा विचित्र सौन्दर्य देखिन्छ ।  सौन्दर्य मात्र

१८. पूर्णप्रकाश नेपाल यात्री, सेती अञ्चल दिग्दर्शन, २०३५ ।
१९. विजय चालिसे, डोटेली लोक संस्कृति र साहित्य, २०३९ ।

नभएर सिँचाइका दृष्टिकोणबाट पनि यस झरनाको ठुलो महत्व रहेको छ । यदि यस झरनाबाट कुलो तयार गरी खेतमा लगाउन सकिएको खण्डमा डोटी जिल्लाको धेरैजसो खेतीयोग्य जमिनमा सिँचाई गर्न सकिने देखिनुका साथै विद्युत उत्पादनका लागि पनि पहल चाल्न सकेमा सुदूर पश्चिमका सम्पूर्ण जिल्लाको लागि विद्युत सुविधा हुन सक्ने अनुमान गर्न सकिन्छ ।

### २.२.५.२ ठुलीगाड

डोटी जिल्लाको मुडभरा गा.वि.स. र सरस्वतिनगर गा.वि.स. को मध्यवर्ती क्षेत्रमा पर्ने शिखर डाँडाबाट उत्पत्ति हुने ठुलीगाड यस क्षेत्रको एक प्रमुख नदी हो । ठुलीगाड जोराएल हुँदै बग्ने भएकाले बोगटानमा जोरइले गाड (नदी) का नामले चिनिन्छ । यस गाडमा मान्ना कापडीबाट बग्ने कापडी वा नानीगाड र गडसेरा उद्‌गम स्थलबाट बग्ने गडसेरी गाड पनि मिसिन्छ । ती दुई गाड वा नदीबाट जोरायल भएर बग्ने जोरइले गाडमा पानीको मात्रा र दूरी पनि बढी भएकाले ठुलीगाड भनिएको हो ।

मान्नाकापडी मुहान भई बग्ने कापडी गाड (नदी) ले कापडी बर्छैन गा.वि.स. मा नदी किनारमा खेतमा सिंचाई सुविधा प्रदान गरेको छ । साथै घट्ट सञ्चालन गर्न पनि सजिलो तुल्याएको छ ।

### २.२.५.३ कोटकेना झरना

बोगटान अन्तर्गत बर्छैन गा.वि.स. को वडा नं. ३ मा  ठुलाठुला गह्रामा फैलिएको समथर पहाडी फाँटकोटकेना हो । सो फाँटको पुर्वपट्टि एउटा खोला छ त्यसलाई कोटकेना खोला भनिन्छ । यस खोलामा पानीको बहाब कम भए पनि झरनाको दृश्यले झन सुन्दर बनाएको देखिन्छ । यसको उचाई ८०-१०० मिटरसम्म रहेको अनुमान गर्न सकिन्छ । उक्त झरना क्षेत्रभन्दा माथि त्यहाँका मानिसले स्थायी घट्टलाई उपयोगमा ल्याएका छन् ।

### २.२.५.४ बेलवा ताल

यो ताल मन्नाकापडी गा.वि.स. को बेलवामा पर्दछ । बेलवा गाडले दुबैतिरको चट्टानलाई काटेर एक ठुलो तालको निर्माण भएको छ । यो प्राकृतिक हिसाबले मात्र नभई धार्मिक हिसाबले पनि महत्वपूर्ण छ । स्थानीय बुढापाकाको भनाई अनुसार उक्त तालमा कथाव्रत भएको खण्डमा विभिन्न प्रकारका पक्वान खानाहरु टपरीमा तालमाथि प्रशस्तमात्रामा देखिन्थे र धामी चढेपछि मात्र मानिस बेलवा तालमा पौडी खेल्न सक्छन् । हालसम्म पनि अन्य मान्छे उक्त तालमा जान सक्दैनन् ।

हाल बेलवा तालभन्दा केहीबाट विद्युत उत्पादन गरी मान्नाकापडी गा.वि.स. झिलिमिली पारेको देखिन्छ ।

## २.२.६ उद्योग कला

उद्योगधन्दाको विकासमा हाम्रोद देश नेपाल अन्य विकसित मुलुकहरूको दाँजोमा धेरै पछि परेको छ । त्यसमा पनि डोटी जस्तो विकट पहाडी जिल्लामा त आधुनिक उद्योगधन्दाहरूको कल्पनासम्म पनि गर्न सकिँदैन । हुन पनि डोटी जिल्ला भरिमा कुनै यस्तो आधुनिक उद्योग छैन तर परम्परागत रूपमा बाजेबराजुका पालादेखि नै चल्दै आएका स्थानीय श्रम र साधनको प्रयोगमा जिबिकोपार्जनार्थ गरिने त्यस्ता कलापूर्ण उद्योगहरूमा निगालाबाट बनाइने विभिन्न कार्यमा प्रयोग गरिने डोको, नाङ्लो, डालो, मान्द्रो सुपो, कुरु (स्थानीय भाषामा कोर्को) आदि जस्ता सामग्रीहरू बडा रमाइला र त्यहाँको संस्कृति रहनसहन झल्काउने खालका हुन्छन् भने अर्को एउटा उद्योगभन्दा पनि कलाको रूपमा चिनिने पानीघट्ट नदीमा खेर गइरहेको पानीलाई उपयोग गरी प्रयोगमा ल्याइन्छ । घट्टमा पिसाउने काम  गरिन्छ । घट्टको दुई तला हुन्छ, तलको तलामा पानी लगाउने गरिन्छ भने माथिल्लो तलामा अन्न पिसाउने काम गरिन्छ । मुनिको तलामा एउटा बलियो काठमा पङ्खाको जस्तै पाताहरू जोडिएको हुन्छ र यी पाताहरूमा पानीले धकेल्दा घुम्न गई काठको माथि टुप्पामा जोडेको फलामको डन्डी (बियो) पत्थरमा घुसाइएकोले पत्थर (पात्थर) पनि घुम्न गई मजासँग मिलजस्तै अन्न पिसाउने काम गर्दछ । बोगटान क्षेत्रको बर्छैन गा.वि.स. कापडीगाडको किनारमा पानी घट्टको सङ्ख्या धेरै रहेको छ ।

यी बाहेक अल्लोबाट धागो निकाली झोला, टोपी, स्विटर बुन्ने उद्योग पुरान भन्ने ठाउँमा स्थापित छन् । यी लगायत स्विटर बुन्ने तथा सिलाइकढाई पनि गरिन्छ । माटाका भाडा तथा सुल्पा बनाउने पनि  गरिन्छ । यो कार्य प्राय : गन्दर्भ जातिले गर्ने गर्दछन् । काठबाट पनि विभिन्न भाडाहरूका साथै विशेष रूपमा ठेकी (पारो) बनाउने कार्य कामी ( चनारा) जातिले गर्दछन् । देख्दा धेरै राम्रो लाग्ने ठेकीहरू सानाठुला जस्तो पनि हुन्छन् । परम्परादेखि हालसम्म पनि यो कला नियमित रूपमा फस्टाउँदै आएको छ ।

यी उद्योग कला बाहेक सुनचाँदीका गरगहना बनाउने फलामका हात हतियार बनाउने आदि सामान्य कलाहरू हुन् । हालको बदलिदो विश्व परिवेशमा यस्ता पुराना

उद्योगकलाहरू ओझेलमा परेका छन् । यस्तो उद्योग कलाहरूको संरक्षण र सम्वद्र्धन हुन सकेमा रोजगारीका साथै आर्थिक व्यवस्थामा सुधार हुने देखिन्छ ।

## २.२.७ लोक साहित्य

लोक साहित्य जनधारणाको मुटुको स्पन्धन हो । लोक साहित्य दुई शब्द लोक र साहित्य मिलेर बनेको छ । लोकको अर्थलाई पनि दुई किसिमले बुझ्ने गरिन्छ- १) स्थान विशेषलाई बुझाउने लोक र २) जनसाधारणलाई बुझाउने लोक जसको अर्थ जनता हुन्छ भने यसको अर्थ संष्लेषण गर्दा कुनै स्थान विशेषका सम्पूर्ण मानवहरूलाई बुझाउँछ । त्यसैले भन्न सकिन्छ कि लोक साहित्य कुनै एक समुदायका जनजातिको आन्तरिक भावनामा सल्वलाएको साहित्य हो ।

लोक साहित्यको हिसाबले हेर्दा डोटी बोगटान क्षेत्र ज्यादै समृद्धशाली देखिन्छ । नेपाली लोक साहित्यका विविध विधामध्ये धेरैजसो यस क्षेत्रमा प्रचलित छन् । यहाँका प्रमुख लोक साहित्यिक विधाहरूमा लोकगीत, लोकनृत्य, लोकगाथा, उखान टुक्का, गाउँखाने कथा र नेपाली लोक कथाहरू आदि हुन् ।

**द्.द्.ठ.ज्ञ** लोकगीत

डोटेली लोकगीतमा त्यहाँ प्रचलित देउडा गीत, दर्कादरी, रनपुतला, जाग्रम आदि हुन् ।

द्.द्.ठ.द् लोककथा

परापुर्वकला देखि नै मौखिक रूपमा एक अर्कामा हस्तान्तरण हुँदै आएका दन्ते कथालाई लोककथा भनिन्छ । यस्ता कथाहरू, ढुटेमुल्याको कथा मधुवाखरीको कथा, जोगीको कथा आदि प्रचलित छन् ।

**द्.द्.ठ.घ लोकगाथा**

विषयवस्तुमा आधारित भएर श्लोकवद्ध रूपमा मौखिक परम्परामा रहेको लोकसाहित्यिक विधालाई लोकगाथा भनिन्छ । यसमा भारत-चाचरी भोलाउलो माङ्गला आदि पर्दछन् ।

**द्.द्.ठ.४** गाउँखाने कथा

गाउँखाने कथालाई राउनेवात पनि भनिन्छ । यसको प्रचलन गाउँघरमा अत्याधिक रूपमा छ । यस्ता गाउँखाने कथा कसैको बुद्धि जाँच गर्दा अड्को थाप्दा र फुर्सद समयको उपयोगको रूपमा प्रयोग गरिन्छ । पुसे पन्ध्रमा रातभरी नै गाउँखाने कथा प्रश्नको रूपमा एक व्यक्तिले भन्ने र अरु सबैले त्यसको उत्तर दिनुपर्ने गरेर पुरै रात बिताउने गर्दछन् ।

**द्.द्.ठ.छ** लोकनृत्य

लोकनृत्यहरूमा त्यहाँका साधारण नाँच पर्दछन् । यस्ता लोकनृत्यहरूमा ढुस्को, भैनी, जन्तेउणो, हुड्केती, देउडाखेल आदि पर्दछन् ।

द्द.द्द.ठ.ट उखान ६ुक्का

सटिक र नीतिगत रूपमा केही कुरा भन्नाको लागि प्रयोग गरिने उखान टुक्का पनि यस क्षेत्रमा धेरै प्रचलित छन् । जस्तै- घोकन्ते विद्या धावन्त खेती यी लगायतका अन्य विभिन्न लोक साहित्यिक विधाहरूले यस क्षेत्रलाई समृद्धशाली बनाएका छन् ।

## २.२.८ प्रचलित जीवनसंस्कारहरू

'जन्मतो जायते शुद्ध कर्मणो द्विज उच्चेते' अर्थात मानव जो भएपनि जन्मदा शुद्ध नै हुन्छ र विभिन्न कर्म (संस्कार) हरूले उच्च हुन्छ । यसै भनाइलाई आत्मसात गरेर हाम्रो समाजमा परम्परागत कालदेखि नै विभिन्न किसिमका जीवन संस्कारहरू गरिँदै आएका छन् । प्राचीन हिन्दू संस्कारमा मान्छेले जति संस्कारहरू गर्दै गयो उत्तिनै मोक्ष प्राप्त हुने भन्ने विश्वास थियो । वास्तवमा जीवन संस्कारहरू १६ वटा कहिएका छन् । सोह्र संस्कार गर्ने मानिस सिधै स्वर्ग जान्या र उसले फेरि यस धर्तीमा जन्म लिनु नपर्ने विश्वास हिन्दू संस्कारमा रहिनै आएको छ । यी संस्कारहरू मध्येमा केही जीवित अवस्थामा गरिन्छन् भने केही मृत्युपछि पनि गरिन्छन् । ती मध्ये केहीको बारेमा छोटकरीमा चर्चा गरिन्छ-

द्द.द्द.ड.ज्ञ जात कर्म

जन्मने बित्तिकै गरिने संस्कारलाई जातकर्म भनिन्छ । यो संस्कारमा सर सफाइ गरिने बालकको दिर्घायुका लागि मङ्गल गाउने मिठो खाना पकाउने गरिन्छ ।

द्द.द्द.ड.द्द षष्ठी पूजा

यसलाई छैठी पनि भनिन्छ । बालक जन्मेको छैठौँ दिनमा मनाइने यस कार्यमा पौराणिक विधि विधान अनुसार पूजाआजा गरी बत्ति बाल्ने चलन छ । राति पूजा गर्ने र गाउँका दाजुभाइहरूलाई मासुभात खान दिने चलन पनि छ । पुराना बुढापाकाको भनाइ अनुसार यसै दिन भाविनिले होरो हाल्ने हुँदा पुजाआजा गरेमा असल र दीर्घायु होरो पर्छ भन्ने लोक विश्वास रहेको छ ।

द्द.द्द.ड.घ नामाकर०ा

नामाकरणलाई स्थानीय भाषामा न्वारन भन्ने गरेको पाइन्छ । खासगरी नाम पत्ता लगाउने काम ज्योतिष कहाँ गएर नक्षत्र अनुसार छैठौँ दिनमा छोराको र पाँचौँ दिनमा छोरीको गरिन्छ तर त्यो नाम दस दिन नहुँदासम्म गोप्य रहन्छ । १० देखि १५ दिनभित्र ब्राह्मण बोलाई गणेश कलश पुजी हवन गरी सुतकलाई चोख्याइ सकेपछि नाम भन्छ र त्यसै

समयदेखि विधिवत नामाकरण भएको मानिन्छ । न्वारन नभएसम्म आमा र बच्चालाई कसैले छुन पाइँदैन किनकि सुतक लाग्छ वा छोइन्छ मान्ने चलन छ । सुतक भएको अवधिमा सगोत्रीहरूले पनि सबै मङ्गल कार्यमा सहभागी हुन पाइँदैन ।

द्द.द्द.ड.४ अन्नप्राशन

यसलाई पास्नी पनि भनिन्छ । यो बच्चालाई अन्न खुवाउने मुहुर्त हो । यसलाई भातचखाइ पनि भनिन्छ । अन्नप्राशन छोरीको पाँच महिनामा र छोराको ६ महिनामा गरिन्छ । बच्चालाई अन्न चखाउँदा घिउ, दही, अन्न महमा सुन र चाँदीको पात्रले चखाइन्छ र टीका लगाई शिरमा दुबो सिउरेर बच्चालाई दिर्घायु हुने आशीर्वाद दिनका लागि मागल पनि गाउने गरिन्छ ।

द्द.द्द.ड.छ चूडाकर्म

यो कर्म अगाडि नगरेर प्राय : ब्रतबन्धकै समयमा गरिन्छ । यो छोरो मान्छेको मात्र गरिने संस्कार हो । यसमा बालकको नकाटेर पाली राखेको कपाल छुरा लगाएर काटिन्छ । तर आजकाल ३ वर्ष नाघेपछि ब्रतबन्धभन्दा पहिले पनि कपाल काटिन्छ । यो संस्कारमा पनि अन्य संस्कार जस्तै पूजाआजा, मङ्गलगान गरी पूरा गरिन्छ ।

द्द.द्द.ड.ट ब्रतबन्ध

यो उपनयन संस्कार हो । यस संस्कारलाई अन्य सबै संस्कार भन्दा ठुलो मानिन्छ । यस कार्यमा ग्रहपुजा, सत्यनारायणको पुजा लगायतका विभिन्न पूजा गरिन्छ । विभिन्न देवीदेवताका मूर्तिहरूको स्थापना गरी तिनीहरूलाई साक्षी राखी आवश्यक कर्महरु सदैव गर्नेछु भनी जनै लगाउने काम गरिन्छ । जनै चल्ने जातका छोराहरूको मात्र यो संस्कार गरिन्छ ।

द्द.द्द.ड.ठ विवाह

विवाहलाई जन्त, वरियात, ब्या आदि पनि भनिन्छ । विवाह गर्ने चलन सबै जातजातिमा पाइन्छ । विवाह संस्कार खासगरी दुई किसिमले गरिन्छ । कसैले छोरीलाई दान ( कन्यादान) गरिदिने गर्छन् भने कसैले छोरी बेचेर धनखाने गर्छन् । कन्यादान गर्ने विवाहमा माइती पक्षका मानिसहरूले दुलही र वरको खुट्टो धोएको पानी खाने तथा शीरमा हालेर दुलहीलाई वरको हातमा सुम्पेर अन्य पूजाआजाका साथ सम्पन्न गरिन्छ । ठकुरी जातिमा प्राय : यस्तो विवाह हुन्छ । धनराख्ने विवाहमा कुनै विधिविधान नगरी पैसाको मोलमोलाई छोरीलाई अर्काको हातमा पारिदिने चलन छ । यस्तो प्रथा हाल आएर घट्दै गएको छ ।

द्द.द्द.ड.ड मृत्यू संस्कार

मरणोपरान्त गरिने संस्कारलाई मृत्यु संस्कार भनिन्छ । मृत्यु संस्कार छोराद्वारा गरिने संस्कार हो । धेरै छोरा भएमा जेठो छोराले, एक्लै भएमा एक्लैले र एक पनि छोरा नभएमा नजिकको नातेदारले मृत्युसंस्कार गर्नुपर्ने पौराणिक मान्यता छ, जसलाई किरिया पुत्र भनिन्छ । मृत्युसंस्कारमा सबैभन्दा ठुलो काम पिण्डदानलाई मानिन्छ, जो कार्य संस्कार गरिदिने मानिसले मृतकको नाममा गरिन्छ । मृत्यु भएदेखि दाह संस्कार नहुन्जेल तिनवटा पिण्डदान गरिन्छ । त्यसपछि १० दिनसम्म गोठमा किरिया बस्ने र प्रत्येक दिन एकछाक खाई बिहान नाइधोइ गरी पिण्डदान गरिन्छ । ११औं दिनमा किरिया कर्म सिद्धाएर छोराले एकवर्षसम्म बरखी बार्नुपर्छ र प्रत्येक महिनाको मृत्यु भएको तिथिमा श्राद्ध गरिन्छ जसलाई मासिका बनाउनु भनिन्छ । एकवर्षमा बरखी सिद्धयाएपछि प्रत्येक वर्षमा एकोतिष्ठ तथा पार्वण श्राद्ध गरिन्छ ।

यसरी डोटी तथा बोगटान क्षेत्रमा जन्मदेखि मरणोपरान्त पनि विभिन्न संस्कारहरू पुरा गरिन्छन् । यी सम्पूर्ण संस्कारहरू पूर्ति गरेपछि मोक्ष प्राप्त हुने भन्ने ज्यादै बलियो लोक तथा पौराणिक विश्वास रहेको पाइन्छ ।

### २.२.९ प्रचलित चाडपर्वहरू

डोटेली लोक संस्कृतिमा विभिन्न प्रकारका चाडपर्वहरू परम्परागत निधिको रूपमा रहेका छन् । यी चाडपर्वहरू कोही तिथिको आधारमा र केही मितिको आधारमा मनाइन्छन् भने केही संस्कारको आधारमा र केही धार्मिक अनुष्ठानका लागि गरिन्छन् । डोटेली लोकमानसमा चाड भन्नाले तिहार (त्यार) भन्ने अर्थ बुझिन्छ । यस्ता तिहारमा चिल्लो रोटी पकाउने, मासका विभिन्न परिकार बनाउने, खसी काट्ने, गोरस नभएकालाई पनि बाँडेर खाने चलन छ । नयाँ लुगा लगाउने राम्रो मिठो खाना खाने मनोरञ्जन गर्ने, राम्रो गहना लगाउने र इष्टमित्रसँग भेट गर्ने माध्यमका रूपमा डोटेली चाड पर्वहरू रहेका छन् । यी चाडपर्वको बारेमा छोटकरीमा चर्चा गर्नु सान्दर्भिक छ ।

#### द्द.द्द.ढ.ज्ञ बिसौँ

नव वर्ष आरम्भको खुशियालीको अवसरमा मनाइने यस चाडलाई 'विसवा' 'विस' पनि भनिन्छ । बिसौँ पर्वको तयारी चैत्र महिनाको सुरुदेखि नै गरिन्छ । बिसौँ पर्व सुरु हुनुभन्दा पहिला नै घर पोत्ने काम गरिन्छ । चैत्र महिनाको अन्तिम दिनको रातमा विभिन्न परिकारहरू सेलरोटी, पुरी (लाउन) मालपुवा पकाइ खाइन्छ । दोस्रो दिन वैशाख १ गते स्नान गरिसकेपछि एकले अर्कोलाई सिस्नु चिलाउने प्रचलन छ । सिस्नुले चिलाउँदा शरीरमा दुषित तत्व बाथ

रोग जस्ता रोगव्याधबाट मुक्ति हुने विश्वास छ । देवर, भाउजू र भिनासालीमा सिस्नु लगाउने कार्य बढी हुन्छ ।

द्द.द्द.ढ.द्द दशहरा

यसलाई गङ्गा दशहरा पनि भनिन्छ । गङ्गा दशहरा (दहारा) जेष्ठ शुक्ल दशमीमा पर्छ । यो धार्मिक महत्वको चाड हो । यस दिन बिहानैदेखि व्रत बसी खप्तडको सहस्रलिङ्गमा दर्शन गर्नुपर्ने मान्यता रहि आएको छ । यस चाडमा देउडा खेल्ने मनोरञ्जन गर्ने गरिन्छ । तर अन्य खानपिनमा भने यस चाडमा त्यति महत्व राखिँदैन । डोटी क्षेत्रमा यस पर्वको महत्व घट्दै गएको भान हुँदैछ । त्यस दिन यस क्षेत्रका तीर्थालुहरु कैलालीको बेहडा बाबा दर्शन गर्न जान्छन् ।

द्द.द्द.ढ.घ ओल्के

ओल्के पनि डोटी तथा बोगटान क्षेत्रमा प्रचलित विभिन्न चाड मध्येको एक हो । यो चाड भाद्र सङ्क्रान्तिको दिनमा मनाइन्छ । यस चाडमा निम्न वर्गका मानिसले ठुलाबडालाई र ज्वाइँ, भानिजले मावली ससुरालीलाई स्वागत स्वरूप फलफूल तथा गोरस (दुध, दही, घ्यू) दिने गरिन्छ । यसलाई स्थानीय भाषामा ओल्को दिनु भनिन्छ । यसै कारणले यस पर्वलाई ओल्के भनेको पनि हुनसक्छ । ओल्को दिँदा जात र कर्म अनुसार पनि दिने चलन छ । जस्तै लोहारकामीहरूले फलामको हँसिया (आँसी) दमाइले टोपी, किसानले सागपात, गोरस आदि दिन्छन् । गाइनेहरूले विभिन्न किसिमका लोकनृत्यहरू देखाएर मनोरञ्जन गराई आफ्नो स्वागत व्यक्त गर्दछन् । यस पर्वमा पिङ हालेर गाउँघरका मानिसहरु एक ठाउँमा जम्मा भई पिङ खेल्ने, स्वर्गका राजा इन्द्रलाई खुसी तुल्याउने उद्देश्यले पिङ खेल्ने गरेका हो भन्ने मान्यता छ । यस्तो पिङलाई हमाली भन्ने गरिन्छ ।

द्द.द्द.ढ.४ गौरा (गमरा) पर्व

'गौरा' हिमालयकी पुत्री पार्वतीको अर्को नाम 'गौरी' को अपभ्रङ्श रूप हो । स्थान विशेषका आधारमा गौरालाई कतै गौरा, गोरा, गमरा लोलीगौरा भन्ने प्रचलन भएपनि बोगटान क्षेत्रमा यसलाई 'गमरा' भनिन्छ । परापुर्वकालदेखि नै देवीदेवताको पूजा गर्ने चलन रहि आएको छ । गौरा पूजनको प्रक्तिया भने 'सर्वप्रथम भृगुवंशी ब्राह्मणीहरूले गरेका पाइन्छ ।'[२०] गौरा पर्व हिन्दू धर्मावलम्बी नारीहरूको एक धार्मिक संस्कार हो । यो पर्व नेपालको सुदूरपश्चिच क्षेत्रमा मात्र विशेषरूपले प्रचलित छ ।

मुख्य रूपमा गौरा पर्व भाद्र महिनाको १ देखि २० गते भित्रपर्ने सप्तमीलाई मानिन्छ । यस सप्तमीलाई अभुक्ताभरण सप्तमी भनिन्छ । सामान्यतया गौरापर्व चौथी तिथिबाट नै सुरु

हुन्छ । चौथी तिथिमा विरुडा (गहुँ, मकै, गहत, गुराउस र कलाउ) लाई भिजाइन्छ र षष्ठीमा मिष्ठान्न पकवान खाई सप्तमीमा व्रत उपवास बसी खेतबाट साउँ (एक किसिमको झार) ल्याई देवीको मूर्ति बनाई नयाँ वस्त्र तथा गहनाहरू पहिराइन्छ र त्यसको पुजा गरिन्छ । यसै दिन पञ्चमीमा भिजाएको बिरुडा पखाली देवीमा चढाइ सकेपछि प्रसाद स्वरूप खाने गरिन्छ । २/३ दिनपछि गमरा सेलाइन्छ र यो पर्व समाप्त भएको मानिन्छ । गौरा खासगरी नारीहरूको पर्व हो । गौरालाई नारीहरूले यसरी मान्ने गरेका छन् ।

१. पुर्खाको सांस्कृतिक तथा धार्मिक धरोहरको चिनोको रूपमा,

२. हिन्दू संस्कारको प्रतीकको रूपमा,

३. स्वतन्त्रताको प्रतीकको रूपमा,

४. आध्यात्मिक चिन्तनको रूपमा,

५. तारीभक्तको रुपमा ।

**द्द.द्द.ढ.छ** हरितालिका तिज

यो पर्व नारी प्रधान धार्मिक संस्कार हो । यो पर्व भाद्र महिनाको शुक्ल पक्षको तृतीया तिथिमा पर्दछ । नारीहरूले द्वितीयाको दिनमा राति मिठो राम्रो भोजन खाने र दोस्रो दिन दिउँसभरि र रातमा केही नखाई राति शिवजीको प्रतिमूर्तिमा पूजा गरी जाग्राम बसी मङ्गल गान र देउडा गाउने गर्छन् । छोरीबेटीहरू माइत आउने आफ्नो दुःख गीतमार्फत व्यक्त गर्ने गर्छन् । यो पर्व नेपालभरि नै मनाइन्छ ।

---

२०. पदमराज जोशी 'प्रभात', गौरापर्व एक परिचय, २०५९ ।

पौराणिक मत अनुसार  हिमालयकी पुत्री पार्वतीले शिवजीलाई पति पाऊँ भनी गरिएको यो ब्रत नेपाली नारीहरूमा पनि कुमारी कन्याले राम्रो वर पाउन र विवाहित महिलाले आफ्नो श्रीमान्को दिर्घायुका लागि गरिन्छ । यस सम्बन्धमा एउटा श्लोक झ्याउरे लयमा यसरी भन्न सकिन्छ-

शुकिलो पक्ष भाद्रको मैना नक्षत्र हस्तमा,
        बार त सोम उत्तम योग तृतीया तिथिमा ।
पवित्र भई त्यो ब्रत गरे उत्तम भावले,
        सम्पूर्ण पाप विनाश हुने बुझ्न तिमिले ।
शिवले गाए शिवाले सुनिन यो ब्रत महान,
        यसको छ फल कठोर यज्ञ गरेको समान । [२१]

**द्द.द्द.ढ.ट** दसैँ

दसैँ हिन्दूहरूको वर्षमा एकपटक मनाइने महान चाड हो । आश्विन शुक्ल प्रतिपदादेखि सुरु भई पूर्णिमासम्म दसैँको पर्व मानिन्छ । नेपालमा पनि गाउँघरमा समेत यस चाडलाई मुख्य रूपमा मनाइन्छ । यस महान चाडमा विभिन्न कामका सिलसिलामा विदेशमा गएका मानिसहरू पनि घरमा आउँछन् । ऋणकर्जा  गरेर भएपनि दसैमा मनोरञ्जन गर्ने प्रचलन  बढ्दो रूपमा  रहेको छ ।  यस  समयमा हावापानी पनि सामान्यतया अनुकुल (न चिसो न गर्मी) भएको हुन्छ । बाली भित्र्याउने समय भएकोले खानको लागि पनि त्यति अभाव हुँदैन । हर्षोल्लासपूर्वक मनाइने ज्यादै महत्वपूर्ण चाड दसैँ हो ।

आश्विन अमावस्यका दिन पितृ विसर्जन गरी भोलिपल्ट (प्रतिपदाका दिन) घरघरमा जमरा राखिन्छ र जमरा, जौ र मकै मिसाएर घरभित्रै डालोमा, फागमा वा घरको कुनामा छरिन्छ । यसरी छरिएको जमरामाथि घाँसपातले ढाकेपछि ३/४ दिनमा उम्रिन थाल्छन् । उम्रेका मुनाहरू पहेँला हुन्छन् । जमरा छर्ने समयमा एउटा कलशको स्थापना गरिएको हुन्छ जसको पूजाआजा दैनिक गर्ने गरिन्छ । त्यसपछि दसैको सातौँ दिनमा फुलपाती भित्र्याइन्छ र दुर्गा भवानीको पुजा गरिन्छ । आठौँ दिनमा दुर्गादेवीको पूजा गर्नका लागि मालिका (पर्वतमा बसेकि देवीको स्थान) मा गई फलफूल चन्दन, अक्षता, भेटी (रूपियाँ) चढाइ दर्शन गरिन्छ । यसै दिन भैरव तथा कालिकाको स्थानमा राँगा तथा बोकाको बली दिइन्छ ।

२१. देवकान्त पन्त, नेपाली तीज कथा, २०५१ ।

डोटी बोगटान क्षेत्रमा दसैँ भन्नाले बढीजसो अष्टमी, नवमी र दशमीको दिनलाई मानिन्छ । नवमीमा राति राँगाहरूको बली गरिन्छ । यस क्षेत्रमा सबभन्दा धेरै बली हुने देवस्थलहरू अलाडी गाउँमा अवस्थित देवीस्थान देवता हो । यहाँ एकपटकमा १० देखि २५ सम्म बोकाहरू काटिने गरिन्छ । अष्टमीको बिहान क्षेत्रीहरुले भगवती स्थानमा बोकाहरु बली चढाउँछन् भने दलितहरुले आफ्नै घरमा मुर्गाको बली चढाउँछन् । नवमीको रातमा राँगा बली सम्पन्न गरिसकेपछि मनोरञ्जनका लागि देउडा खेल खेलिन्छ । देउडा खेल्नका लागि टाढाटाढाबाट गितेरु (डेउडे) बोलाइन्छ । रातभरि नै देउडा खेलेर मनोरञ्जन गरिन्छ । राँगाको टाउकोलाई सार्कीहरुले काँधमा झन्ड्याएर बोकेर घरघर डुल्दै भोसो गीत पनि गाउँछन् ।

दशमीका दिनमा बिहानै घरमा लिपपोत गरी दुर्गादेवीको पूजाआजा गरिसकेपछि, मिष्ठान्न भोजन तयार पारिन्छ र शुभ साइत हेरी जमरा काटिन्छ र आशिर्वाद स्वरूप ठुलाबाट सानालाई जमरा लगाइन्छ । बोगटानको कुनै कुनै क्षेत्रमा दशमीको दिन र

चर्तुदशीको दिनमा पनि राँगो बलि चढाइन्छ अथवा दसैँ मेला लाग्दछ । रातभरि देउडा खेलखेली मनोरञ्जन गरिन्छ । यसपछि दसैँको कृयाकलाप क्रमशः कम हुँदै जान्छ । पूर्णिमाको दिनमा कलश र जमरा सेलाएर दसै विसर्जन गरिन्छ ।

#### ह्.ह्.ढ.ठ तिहार

दसैँ पछिको दोस्रो ठुलो चाड तिहार हो । यसलाई दिपावली (देवाली) पनि भनिन्छ । पौराणिक कथन अनुसार मृत्युलोकका राजा यमराजले आफ्नी बहिनी  यमुनालाई भेट्न यस पृथ्वीमा कार्तिक कृष्णापक्षकी त्रयोदशी तिथिमा प्रस्थान गरी शुक्ल पक्षको द्वितीयामा बहिनीसँग भेटगरी टीको लगाई मृत्युलोकतिर लागेको हुनाले यी पाँच दिनलाई यम पञ्चक पनि भन्ने गरिन्छ । त्रयोदशीदेखि द्वितीयसम्म पाँच दिन यो चाड मनाइन्छ । जसमा क्रमशः काग, कुकुर, गाई, गोरु र भाइको पूजा गरिन्छ । डोटेली लोकसंस्कृतिमा अमावस्यको दिनमा गाइपुजा र द्वितीयाको दिनमा भाइपुजा विशेष रूपमा मनाउने गरिन्छ । औँसीको दिनमा गाईलाई आफूले खाएजस्तो शुद्ध खाना खुवाउने चन्दन अक्षताले पूजा गर्ने गाइलाई रङ्गाउने र माला लगाई दिने गरिन्छ भने द्वितीयाको दिनमा बहिनीले दाजु वा भाइलाई असल खाने कुरा खान दिई टीका लगाई पूजा गरी हजारीका फूलको माला लगाइ दिन्छन् । यसपछि भाइले पनि बहिनीलाई यथाशक्य दक्षिणा दिने गर्छन् । पोएली घरमा काम गर्दागर्दै थाकेकी र दुःखित भएकी बहिनीलाई माइती घरमा गई दाजु, भाउजू, आमाबाबुसँग भेट गर्ने सुवर्ण अवसरको रूपमा यस पर्वको महत्व रहेको छ ।

#### ह्.ह्.ढ.ड नागपञ्चमी

हिन्दू मूल्य र मान्यतामा आधारित नागपञ्चमी पर्व बोगटान क्षेत्रमा विशेष महत्वका साथ मनाइन्छ । यसमा ब्राह्मणहरुले आफ्नो जजमानको घरमा नाग टाँस्ने प्रचलन छ । घरमा नाग टाँस्दा सर्प र बिच्छीको भयबाट मुक्त हुने, विश्वास गरिन्छ र यसै दिन देखि सर्पको आँखा हुन्छ र नागको पूजा पछि सर्प देखिँदैनन् र टोक्दैन भन्ने मान्यता रहेको पाइन्छ ।

#### ह्.ह्.ढ.ढ माघे सङ्क्रान्ति

नामबाट थाहा हुन्छ कि यो पर्व मकर सङ्क्रान्तिमा पर्दछ । प्रत्येक वर्ष माघ १ गतेदेखि ३ गते सम्म यो पर्व मनाइन्छ । बिहान सबेरै उठेर गङ्गामा गई स्नानगरी त्यस दिन स्नान गर्ने ठाउँमा नै आगो बालिन्छ  र त्यस अग्निको पूजा गरी आगो तापिन्छ । स्नान गरेर घरमा आइसकेपछि ब्राह्मणलाई यथाशक्य दान दक्षिणा गरिन्छ । यस चाडमा छोरी बहिनीहरूलाई राम्रो खाना खुवाइन्छ । यो क्रम माघ महिना भरिनै चल्छ । माघ महिनामा

एकदिन जसरी भएपनि छोरी, बहिनीलाई नजिक भएमा घरमा बोलाएर र टाढा भएमा पकाएर घरमा नै पुऱ्याई खाना खुवाउनु पर्ने अनिवार्यता छ । माघको महिना भरिमा छोरीबेटीले एकदिन पनि माइतघरको खिचडी खान नपाएमा धेरै दुःखी हुन्छन् । माघको महिनाको तेस्रो दिनमा उत्तरायणी भनिन्छ । उत्तरायणीमा कुनै पनि काम नगर्ने केही चिज काट्यो वा फुटायो भने भगवान रिसाउने भन्ने लोक विश्वास रहेको छ । त्यसैले यस दिन सबैलाई कामबाट फुर्सद हुन्छ र फुर्सदको समयमा मनोरञ्जनका लागि देउडा नृत्य गर्ने प्रचलन छ । कुनै ठाउँमा दुईटा केटीहरू मध्ये एउटालाई काल्पनिक केटो बनाई प्रतीकात्मक विवाह गर्ने चलन पनि छ । यस दिन खेलिने देउडा खेललाई रनपुतला खेल भनिन्छ ।

**द्द.द्द.ढ.ज्ञण** शिवरात्री

फाल्गुण कृष्ण पक्षकी त्रयोदशी तिथिमा एकदिनमात्र महाशिवरात्री पर्व पर्दछ । त्रयोदशीको दिनमा व्रतउपवास बसी स्थानीय शिवजीका मन्दिरमा पाठपूजा कीर्तन भजन आदि गरिन्छ । यस दिन रातभरी जाग्राम बसी भगवान् शिवको आराधना गरेमा ठुलो पुण्य मिल्ने जनविश्वास रहेको छ । यस शिवरात्रीको दिनमा शिवजीका शक्ति पीठ तथा मन्दिरहरूमा पुजा गर्न भक्तजनहरूको घुइँचो लाग्दछ । डोटी जिल्लाको बोगटान क्षेत्रमा मालिका भन्ने ठाउँ छ । मालिकामा रहेको शिवजीको गुफामा यस दिन दर्शन गर्ने दर्शनाभिलासीहरूको ठुलो घुइँचो लाग्दछ । कतिपय मानिसहरु चुरेको उत्तर क्षेत्र कैलालीको बबडे वा शिवनगरमा शिवको पूजाआजा गर्छन् । महिला र पुरुषले अलग अलग देउडा नाँच र गीत गाउँछन् ।

शिवरात्री भगवान शिवजीको पूजनमा आधारित धार्मिक पर्व हो । यस पर्वमा व्रत बस्ने रुद्रीपाठ गर्ने, शिवमन्दिरमा पूजाआजा गर्ने गरिन्छ । विभिन्न सांस्कृतिक झलक प्रस्तुत गरी दर्शकहरुलाई मनोरञ्जन दिने गरेको छ । यसरी यहाँ वैशाखदेखि चैत्रसम्ममा नै विभिन्न किसिमका चाडपर्वहरू मनाइन्छन् । यसरी यी चाडपर्वहरू एकातिर साधारण जनताको मनोरञ्जन र आनन्दका माध्यमका रूपमा रहेका छन् भने अर्कोतिर परम्परागत चलिआएको संस्कृति र सभ्यताको घोतकको रूपमा रहेको प्रतित हुन्छ । माथि उल्लेख गरिएका यी चाडपर्वहरू कतिपय जातिपाति रहनसहनसँग सम्बन्धित र आधारित छन् भने कति चाहीँ विशुद्ध धार्मिक परम्पराको रूपमा रहेका छन् । त्यसैले नेपाली राष्ट्रिय संस्कृतिको महत्वपूर्ण योगदान रहेको र भविष्यमा पनि मलजल पुऱ्याउने देखिन्छ ।

## निष्कर्ष

नेपालको सुदूरपश्चिमाञ्चल विकासक्षेत्र सेती अञ्चल अन्तर्गत पर्ने ५ जिल्ला मध्येको एउटा जिल्ला डोटी हो । यसको पुर्वमा अछाम र सुर्खेत, पश्चिममा डँडेल्धुरा र बैतडी, उत्तरमा बझाङ् र दक्षिणमा कैलाली जिल्लाहरू पर्दछन् ।

समुद्री सतहदेखि ६०० मिटरदेखि ४००० मिटर सम्मको उचाइमा रहेको यस जिल्लाको जम्मा क्षेत्रफल २०२५ वर्ग कि.मी. छ । प्राग्ऐतिहासिक कालदेखि यस क्षेत्रमा मानव वस्ती रहेको र लिच्छिविकालमा यो लिच्छवि राजाहरूको अधीनमा र सिँजा राज्यको पतनपछि १४०९ तिर डोटी स्वतन्त्र राज्यको रूपमा रहेको कुरा १४०९ को निरयपालको शिलालेखमा उल्लेख पाइन्छ ।

यहाँको मुख्य पेसा कृषि रहेको छ । करिब ८१% जनता कृषि पेसामा आश्रित छन् भने अन्य पेसामा नोकरी, ब्यापार आदि रहेका छन् । नेपालको कुल क्षेत्रफल मध्ये ६८ प्रतिशत भूभाग पहाडी प्रदेशले ढाकेको छ । यही पहाडी प्रदेश अन्तर्गत पर्ने डोटी जिल्ला पनि सेती अञ्चलका पाँच जिल्ला मध्येको एक हो । यही जिल्लाका दक्षिणी सिमानाको इलाका नं ७ मा पर्ने दुई गा.वि.स. मान्नाकापडी र बर्छैनलाई 'बोगटान' भनिन्छ । आधुनिक विकासका दृष्टिकोणले यो क्षेत्र पछि परेतापनि प्राकृतिक वातावरण भने जीवनोपयोगी नै छ । यहाँको धेरैजसो भूभाग जङ्गलले ढाकेको हुँदा विभिन्न किसिमका जङ्गली जीवजन्तु तथा चराचुरुङ्गीहरू पाइन्छन् । चैत्र वैशाखतिर लेकमा कोइलीको कुहुकुहु र अविरल रूपमा बगिरहने पानीका मुहानहरू मानवसेवामा तल्लिन छन् । उत्तर दक्षिण ठुलाठुला पहाडहरू ताम्रगिरी पर्वत र गोलादेउलाको काखमा रहेको यस क्षेत्रको बिचमा दुईवटा ठुला नदीका साथै विभिन्न खोलानालाहरू रहेका छन् । पुर्वमा खप्तड राष्ट्रिय निकुञ्ज र पश्चिममा शिवजीको बासस्थान रहेको विश्वास गरिने अश्द्वाला गुफा रहेको छ । विभिन्न जातजातिको बसोबास गर्दै आएको यस क्षेत्रमा विभिन्न चाडपर्व र धर्म संस्कृति परम्परादेखि नै चलिआएको छ । यस क्षेत्रमा खाद्य तथा नगदेबाली प्रशस्त मात्रामा फल्छन् किनकी यहाँ वाली उत्पादनको लागि उपयुक्त हावापानी र दोमट माटो रहेको छ । बि.पी.नगर र मदननगर, कापडीगाड र ठुलीगाडका किनारमा रहेका समथर मैदान हुन् जहाँ प्रशस्त धान फल्छन् ।

# परिच्छेदः तिन
# देउडा गीतको सैद्धान्तिक परिचय

## ३.१ देउडा गीतको परिचय र परिभाषा

देउडा शब्दको शाब्दिक अर्थ हो टेढो बाङ्गो, छड्के र कसैले 'दोहोरी' भन्ने गरेको पनि पाइन्छ । नेपाली बृहत शब्दकोश अनुसार देउडाको अर्थ यसरी दिइएको छ- देउडा = ना (देवडा) पश्चिम नेपालको लोकगीतमा चल्ने गीतको एक ताल देउरा, सङ्गीतको एकप्रकारको ताल वा भेद [१] । देउडा एक आपसमा कुममा कुम मिलाई धेरै व्यक्तिहरूले खेल्दा पादपङ्क्ति वा पैतलो चलाउँदा खुट्टा सीधा नचलाई छड्के चलाइने र पाइलो पनि एउटा पूरा र एउटा आधा चलाइने वा डेउडी चलाइने भएकोले यसलाई देउडा वा देउडा भनिएको हो । डेढी कदममा देब्रेगोडा चालेर खेलिने खेल भएको हुनाले र एउटा गीतलाई गाउँदा डेढ पटक गाइने तथा सोही अनुसार खुट्टा चलाई खेलिने र देउडा गीतका शब्दको अर्थ पनि सिधारूपमा नभई व्याङ्ग्यार्थक वा लक्ष्यार्थक हुने हुँदा यसलाई देउडा खेल भनिएको हो । एक अर्को भनाई अनुसार 'खस जातिकि कुलदेवी बडी मालिका मलयगिरी पर्वततिर गमन गर्नु अघि देउरा वा देउराली भनिने आफ्नो जन्मथलोमा बस्नु हुन्थ्यो र उहाँको जन्मदिवसमा भक्तजनहरूले उहाँको सम्मानमा एउटा सामुहिक नृत्य लोकगीतका साथ प्रस्तुत गर्दथे त्यो गायन वा नृत्य देउरा वा देउरालीमा हुने भएकोले त्यसलाई देउरा वा देउडा भनिन्थ्यो ।' [२] जसको प्रमाणस्वरूप देउडा खेल्ने वा मनोरञ्जन गर्ने ठाउँलाई आजकाल पनि देउराली भन्ने चलन यदाकदा पाइन्छ । देउडा मध्य र सुदूरपश्चिमाञ्चल विकास क्षेत्रको ज्यादै महत्वपूर्ण लोक विधा हो । नेपाली लोक साहित्यको आलोकमा राखेर हेर्दा लोकगीत अन्तर्गतको झ्याउरेसँग यसको अन्तर्सम्बन्ध रहेको देखिन्छ । लोक साहित्य भन्नाले लोक वा जनसाधारणको भावनालाई बहाउँदै निरन्तर रूपमा बहने साहित्य हो । देउडा गीतले यस क्षेत्रमा बसोबास गर्ने मानवहरूका हृदयमा अमिट रूपमा बास गरेको छ । जहाँ जुनसुकै अवस्थामा र जसरी रहेतापनि जनसाधारणले देउडा गीतलाई विर्सन सक्दैन ।

देउडा गीतलाई परिभाषित गर्ने क्रममा स्व. योगी नरहरिनाथले इतिहास प्रकाशमा यसरी व्यक्त गर्नु भएको छ-

१. ने.रा.प्र.प्र. नेपाली बृहत शब्दकोश, २०४०, (पृ ६६४) ।

२. गोविन्दप्रसाद पाण्डे, देउडा विगतदेखि वर्तमानसम्म, २०६० ।

'देउडा' गीतमा प्राकृतिक प्रवाह र स्वतन्त्र मौलिकता छ । यिनमा भाषाको मुलस्रोत स्थानीय प्राकृति, विविध हृदयका भावाङ्कुर नानारस अनेक अलङ्कार, देशाचार, निश्छल हृदयका स्वच्छ विचार एवं प्रकार सहृदयगम्य सुक्ष्मअकृतिम प्रकृति र मनोहर लोक साहित्यको प्रवाह पाइन्छ । तीर्थयात्रा, माडुपैठ हाटवाट, छैठी, विवाह, ब्रतवन्ध एवं अनेक आर्तवजातीय उत्सवहरूमा गीतका रोकी नसक्दा मूल फुट्छन् । [३]

जनकवि केसरी धर्मराज थापाले डाँफे चरी प्रकाशन मार्फत देउडा गीतलाई यसरी परिभाषित गरेका छन्-

'डोटी क्षेत्रका कतिपय छान्नादरा, कुन्नादरा सातसय दर र त्रिपाली जस्ता गाउँभित्र आफ्नो पुर्ख्यौली चलि आएको आफै एक विशिष्टपनले मुछिएको यसै डोटीका कन्दरा पाखा पर्वत, भित्ता र खोलाखाल्सामा देउडा गीतका साथ समूह नृत्य हुन्छ । यही लोक नृत्यमा डोटेलीहरूले आ-आफ्ना सामाजिक अवस्था रीतिरिवाज स्थिति र प्रचलित भाकाहरू थुपारेको देख्नेलाई एकप्रकारको प्रफुल्लताले गाउँठाउँ नै रन्किन्छ । [४]

देउडा लोकगीतको एउटा ज्यादै लोकप्रिय विधा हो । प्रारम्भमा पैतलो विशेषलाई मात्र देउडा भनिन्थ्यो तर पछि गएर यसको अर्थ विस्तार भई गीत र अभिनय दुबैलाई जनाउन थाल्यो । आजकाल पादतलमा आवद्ध सामूहिक गायनलाई देउडा खेल्नु भनिन्छ भने पादतल रहित गायनलाई देउडा गाउनु भनिन्छ । त्यसैले देउडा गीतको प्रयोग सामुहिक तथा एकल र अभिनय सहित वा अभिनय रहित ढङ्गले गर्न सकिन्छ । सामूहिक रूपमा देउडा खेल्दा खेलाडीहरू दुई पक्षमा विभक्त भएका हुन्छन् र दुबैतिर कम्तीमा एकएकजना गितेरु रहेका हुन्छन् । तिनीहरूबिच गीतिमय संवाद वा वादविवाद चल्दछ । जसमा आफ्ना गहकिला मर्मस्पर्शी अभिव्यक्तिद्वारा एक अर्कालाई परास्त पार्ने अभिप्राय रहेको हुन्छ । यसै क्रममा कहिलकाँही त गाली गलौज तथा जातभातका कुराहरू पनि आउन सक्छन् । देउडा गीतमा मार्मिकता प्रसङ्गानुसारिता अन्त्यानुप्रास र लय समेत मिलाउनु पर्ने र तत्काल भन्नुपर्ने हुँदा यी देउडा भन्ने व्यक्तिलाई आशुकविको उपाधि दिनु सान्दर्भिक देखिन्छ ।

देउडा गीतलाई कसैले देउडा कसैले ड्यौडा कसैले डोटेली लोकगीत र कसैले देउडा भन्ने गरेको भएतापनि डोटी जिल्लामा 'देउडा' भन्ने प्रचलन बढी छ । यहाँका युवा युवतीको

३. गोविन्दप्रसाद पाण्डे, देउडा विगतदेखि वर्तमानसम्म, २०६० ।
४. गोबिन्दप्रसाद पाण्डे, देउडा विगतदेखि वर्तमानसम्म, २०६० ।

त कुरै नगरौं बालकबालिका र बुढाबुढी पनि देउडा गीत भन्दा हुरुक्कै हुन्छन् । प्रत्येक हृदय देउडा गीतको विशाल भण्डार बनेर रहेको हुन्छ । मनोरञ्जनको एकमात्र साधनको रूपमा रहेको डोटेली गीत र लोक नृत्यले यस डोटेली लोकजीवनमा गहिरो छाप पारेको छ । यसले गर्दा दालभात र डुकुको समस्या पर्ने परिवारले पनि मन फुकाएर हाँस्ने अवस्था पाइरहेका छन् । देउडा गीत डोटेली हृदयको पनि स्पन्दन बनिरहेको छ ।

देउडा नाच पश्चिम नेपालको प्रमुख नाँच मध्येको एक हो । त्यसमा गाइने गीतहरू सामयिक र प्रेम सम्बन्धी नै हुन्छन् । भावुक हृदयमा देउडागीत तत्काल स्फुरित हुन्छ र गाइन्छ । भावुक हृदय भएको मान्छेलाई यसको निर्माणमा कुनै कठिनाइ पर्दैन । यो त लयपूर्ण ध्वनिमा कुनै व्यक्तिले आफ्ना सामयिक भावना व्यक्त गर्ने प्रक्तिया हो । देउडा खेलमा एकपट्टी एक समूह र अर्कापट्टि एक समूह आपसमा हातेमालो गर्दै एउटै गोलाकार घेरा बनाएर एकआपसमा उभिन्छन् र त्यसपछि एक पाइलो अगाडि र एकपाइलो पछाडि तालमा ताल दिँदै शरीरलाई लचक्दार बनाउँदै गीत गाउँदै घुम्छन् । यहाँ गीतमै सवाल जवाफको क्रम चल्दछ र एकपटक एउटा समूहले र अर्कोपटक एउटा समूहले गीत दोहोऱ्याउछन् । यो खेलमा वाद्यवादनको कुनै आवश्यकता पर्दैन ।

देउडा टेढो वा बाङ्गो घुमाउरो तरिकाले खेलिने खेल र यसमा प्रयुक्त भाषिक शब्दले समेत व्यङ्ग्यार्थ दिने हुँदा यसलाई देउडा भनिएको हो । मध्य तथा सुदूर पश्चिमाञ्चल विकास क्षेत्रको लोकप्रिय साहित्यिक विधा भएको हुनाले जोकोहिको जनजिब्रोमा देउडा गीत रहेको हुन्छ । मनोरञ्जन दिनु, प्रेम, भावना व्यक्त गर्नु, प्रशङ्गानुसारित सङ्गीतमयता जस्ता विशेषता बोकेको देउडा गीतले आफ्नो छुट्टै अस्तित्व राख्न सफल भएको छ ।

## ३.२ देउडा गीतको ऐतिहासिक पक्ष

देउडा गीत लोक साहित्यिक गीत हो । लोक साहित्यको अतितलाई हेर्दा यसको विकास मानव समुदायको विकाससँगै जोडिन सक्छ । लोक शब्द अति प्राचीनतम शब्द हो । यस शब्दको प्राचीन रूप खोज्दैजाँदा सर्वप्राचीन ग्रन्थ ऋग्वेदसम्म पुगिन्छ । यसको पुरुष सुक्तमा जीव तथा स्थानको लागि लोक शब्द प्रयोग भएको पाइन्छ । वेदलाई पनि श्रुति भनिनुबाट पहिले वेद पनि मौखिक परम्परामा एकअर्कामा हस्तान्तरण हुँदै आएको थियो । यो अध्ययनबाट के भन्न सकिन्छ भने लिखित साहित्य आउनु भन्दा धेरै समय पुर्व नै लोक साहित्यको परम्परा चलिआएको र पछि तिनै मौखिक परम्पराका आधारमा रहेका लोककथा, लोकगीत नै लिखित रूपमा रहँदा लिपिवद्ध साहित्यको प्रादुर्भाव भएको भन्न सकिन्छ ।

देउडा गीत सुदूर तथा मध्यपश्चिमको जनमानसमा परापुर्वकालदेखि नै मौखिक रूपमा रहदै आएको लोक साहित्यिक विधा हो । जनश्रुतिमा रहने साहित्य भएकाले यसको इतिहास यसैबेलादेखि सुरु भयो भनेर किटान गर्न त सकिँदैन तर यस क्षेत्रमा मानववस्ती बस्दा नै देउडाले पनि मानव हृदयमा रहँदै आएको भन्न सकिन्छ । यसको अतितलाई हेर्दा अति सुन्दर रहेको पाइन्छ । एउटा सानो बालकदेखि बृद्ध तथा घरबारीदेखि बैरागीसम्मको मन बुझाउने काम देउडाले गरेको पाइन्छ । यसले अलौकिक आनन्द दिनुका साथै मानवमानवमा वर्गविरोध, शोषणजस्ता कुरीतिलाई हटाउन आह्वान गरी समतामुलक समाजको निर्माणमा समेत ध्यान दिएको पाइन्छ । भलाकुसारी हालखबर आत्मिय भावना जस्ता सद्भावमूलक अभिव्यक्ति पनि देउडागीतमा रहेका थिए । वि.सं. २०२० साल पौष ९ गते जुम्लाका महाशंकर देवकोटाले देउडा गीतलाई रेडियो नेपालमा रेकर्डिङ गराइ सञ्चार माध्यममा गाउने प्रथम गायक हुनुभयो । त्यसपछि हाल आएर रेडियो नेपाल क्षेत्रीयप्रसार केन्द्र (दिपायल र सुर्खेत) बाट पनि देउडा गीत दैनिक प्रशारण हुने गर्दछ ।

नेपाली समाजमा बाहिरिया संस्कृतिले प्रभाव पारेकोले देउडागीतमा पनि केही प्रभाव परेको छ । विगत केही समयदेखि नेपालमा भित्रिन लागेका विभिन्न चलचित्रका गीतहरूले देउडा जति आनन्द प्रदान गर्न नसके पनि आधुनिकतातिर उन्मुख बदलिदो समाजका युवायुवतीहरू त्यतैतिर लम्किरहेका छन् । यति भएतापनि देउडाको प्रचलनमा कमि आएको भने छैन । देउडाको क्षेत्र बिस्तारै पश्चिमबाट पुर्वसम्म बढ्दै जानु, क्यासेट एल्बमहरू प्रकाशनमा आउनु, विभिन्न नेपाली सांस्कृतिक समाजमा देउडा गीत प्रतियोगिताको आयोजना हुनु, लिपिवद्ध रूपमा पुस्तक छापिनुले देउडाको विकास द्रुतगतिमा भइरहेको छ भन्न सकिन्छ ।

देउडालाई जीवन्त राख्नका लागि यसको संरक्षण हुनु आवश्यक छ । यसको सम्वर्द्धन तथा उत्थानका लागि सामाजिक सङ्घसंस्थाहरूले विभिन्न प्रकारका प्रभावकारी कदम चाल्नुपर्ने देखिन्छ । देउडा गीतसँग सम्बन्धित गायक, नृत्यकार तथा अन्य वरिष्ठ व्यक्तित्वहरूलाई प्रोत्साहित गरी त्यसको सन्देश भावी पिँढीमा पुऱ्याउनका लागि देउडा गीतसँग सम्बन्धित संघसंस्था र व्यक्तित्वहरूले अग्रसरता देखाउनुपर्ने देखिन्छ ।

### ३.३ डोटेली देउडागीतको क्षेत्र र प्रयोग

सामान्यतया क्षेत्र भन्नाले जमिनको भागलाई जनाउँछ । तर यहाँ हामीले लोक साहित्यिक क्षेत्रका बारेमा चर्चा गर्न खोजेका छौं । लोक साहित्यिक क्षेत्र भन्नाले कुनै पनि

लोक साहित्यिक विधाले आफ्नो प्रभाव पार्न सक्ने मानव समुदाय र प्रयोग हुने भौगोलिक क्षेत्रलाई पनि जनाउँछ । डोटेली देउडा गीतको क्षेत्रलाई छुट्याउनु पर्दा यसको मूल थलो राप्तिदेखि महाकाली सम्मका हुम्ला, जुम्ला, मुगु, डोल्पा, कालीकोट, सुर्खेत, दैलेख, जाजरकोट, बाँके, बर्दिया, अछाम, बझाङ, बाजुरा, कैलाली, डोटी, बैतडी, दार्चुला र कञ्चनपुरका गाउँटोल, खोलानाला, वनपाखा भएतापनि यसको प्रयोग पुर्वमा मेचीदेखि पश्चिममा महाकालीसम्म फैलिँदै गएको छ । काठमाडौँमा पनि यसको प्रयोग हुनुका साथै मनोरञ्जनपूर्ण लोकगीत तथा लोक नृत्यको रूपमा मान्ने गरेको पाइन्छ । युवायुवती, नरनारी, बालबालिका सबैका हृदयमा देउडागीतले बास गरेका छन् । अलिकति एकान्त वनपाखा तथा हृदयमा मनोरञ्जनको झिल्का आउने बित्तिकै सबैका मुखबाट देउडा गीतका मुल फुट्न थाल्छन् ।

पहिला मानिसहरूको बसाइसराइ कम हुन्थ्यो । तराईमा औँलो लाग्ने डर र देशका अन्य भागमा पनि पश्चिम नेपालका जनताको पहुँच कम भएको हुँदा डोटेली देउडा गीत मध्यपश्चिम र सुदूरपश्चिममा मात्र सीमित थियो । तर आजकाल यस क्षेत्रका जनता राजधानी काठमाडौँ लगायत देशका अन्य भागमा पनि बस्ने गरेको र विदेशमा पनि पुग्ने भएकाले देउडाको क्षेत्र विस्तारित हुँदै गएको छ । काठमाडौँमा पनि सुदूरपश्चिमका सुप्रसिद्ध व्यक्तित्व भुपु प्रधानमन्त्री लोकेन्द्र बहादुर चन्द र शेरबहादुर देउवाज्यूहरूले खेल्नु भएको देउडाबाट पनि उक्त भनाइ प्रस्ट हुन जान्छ । नेपालको करिब आधाजति जनसङ्ख्या भारत लगायतका अन्य मुलुकमा बसोबास गर्ने र त्यहाँ बस्दा एकअर्काको संस्कृतिको आदानप्रदान हुनुका साथै देउडाको व्यापकरूपमा प्रयोग हुने भएर पनि यसको क्षेत्र बढ्दै गएको छ ।

देउडा गीतको मूलथलो मध्यपश्चिमाञ्चल र सुदूरपश्चिमाञ्चल विकास क्षेत्र भएतापनि यसको आंशिक प्रभाव नेपाल अधिराज्य भरिनै परेको छ । डोटेली देउडागीतमा भएको सङ्गितमयता र लयवद्धताले गर्दा यसले आफ्नो जन्मथलोभन्दा पनि देशभरीनै आफ्नो प्रभुत्व जमाएको छ ।

## ३.४ देउडा गीतको संरचना

संरचना भन्नाले कुनै पनि वस्तुको स्वरूपलाई जनाउँछ । वस्तुको स्वरूप निर्माण हुनका लागि त्यसको पूर्णरूप दिन आवश्यक पर्ने अङ्ग भन्ने बुझिन्छ । देउडा गीतको संरचनामा कुनै पनि बोली वा भावनालाई गीत बनाउनमा सहयोग गर्ने अंगहरू भन्ने बुझिन्छ । देउडा गीतको संरचनामा निम्न लिखित अङ्गहरू पाइन्छन् ।

### ३.४.१ कथ्य

देउडामा गाइने विषयको प्रसङ्ग नै यसको कथ्य हो । गीतेरुले गीतको प्रसङ्ग अनुसार गीत सृजना गर्दै भट्याउँछ । सोही सप्रसङ्गमा नै सवाल जवाफका क्रममा गौडो थाप्ने जस्ता कार्य हुने गर्दछन् । देउडामा कुनै न कुनै विषयवस्तु रहेकै हुन्छ । देउडा गीतमा भन्न खोजेको कुरा नै कथ्य हो र त्यस कथ्यलाई सुन्नेले बुझ्दछ । गीतको सङ्गीत तत्वले गर्दा कहिलेकाँही कथ्य नबुझिए पनि श्रोतालाई आनन्दको अनुभव हुन्छ । यही विषयको प्रसङ्ग र व्यक्त हुने सन्देशलाई नै देउडा गीतको कथ्य भनिन्छ ।

### ३.४.२ भाषा

भाषा कुनै पनि साहित्यको एक ज्यादै महत्वपूर्ण तत्व हो । डोटेली देउडा गीतमा पनि कुनै न कुनै भाषा हुन्छ । डोटेली देउडा गीतहरू डोटेली भाषामा नै हुन्छन् । यसमा प्रयुक्त भाषा जनबोलीमा आधारित प्रश्नोत्तर तथा लयात्मक भाषा र पुनरोक्तिमय भाषाको प्रयोग भएको हुन्छ । गीतको भाषा सामान्य बोलीचालीको भाषा भन्दा फरक हुन्छ । लय, छन्द अन्त्यानुप्रास र सन्दर्भ मिलाउनुपर्ने हुँदा नेपाली, हिन्दी, संस्कृत र अङ्ग्रेजी जस्ता शब्दहरू पनि आंशिक रूपमा प्रयोग गरिएका छन् । यस्ता गीतहरू धेरै समयदेखि मौखिक परम्परामा रहेर हस्तान्तरित हुँदै आएका छन् । तसर्थ यसमा भाषाको पुरानो रूप पनि बाँकी रहेको देखिन्छ ।

### ३.४.३ चरण वा पद

देउडा गीतको संरचनामा पद र चरणको पनि आवश्यकता पर्दछ । यसको एक चरणमा दुई पद हुन्छन् र दुई चरण पुरा भएपछि एउटा गीत पुरा हुन्छ । प्राय : एउटा चरणको अर्को चरणसँग तुक मिलाएको हुन्छ भने केही गीतहरूमा दुबै चरण प्रासङ्गिक रूपले सम्वद्ध देखिन्छन् भने केही गीतमा एउटा चरणको प्रसङ्ग अलग र अर्को चरणको प्रसङ्ग अलग हुन्छ । यस्तो गीतमा एक चरणले अर्थ प्रसङ्गानुसार दिन्छ भने अर्को चरणलाई लय मिलाउनको लागि मात्र प्रयोग गरेको हुन्छ । एउटा देउडा गीतमा दुई चरण र चार पाउ हुन्छन् । जस्तै-

खनी दियो खननेले, बाइ दियो बा नेले ।
उच्चो निच्चो क्या बनायो, यो गणो शानेले ।

### ३.४.४ लय वा भाका

लय वा भाका भनेको देउडा गीतको स्वरसंगठन हो । एउटा गीतलाई विभिन्न लय वा भाकामा गाउन सकिन्छ । डोटेली लोक जीवनमा गीत गाउने खास शैली नै भाका हो । गीत गाइने शैलीमा विभिन्न थेगाहरू प्रयोग गरिन्छन् । यस्ता थेगाहरूमा छमक्क छमक्क, लौविरी छमछम, ऱ्याट्टी ऱ्याट्टी फर्क छोरेट्टी, ए बौजू, भिनाजु आदि हुन् भने थेगो प्रयोग नगरेर एकहोरो रूपमा गाइने भाकालाई ठाडी भाका भनिन्छ । यस्तो गायन एकल र दोहरी पनि हुन सक्छ । समूहमा थेगो प्रयोग नगरिकन गाउने गीतमा एक प्रकारको लवज हुन्छ जसलाई स्थानीय भाषामा 'राग' भनिन्छ । एउटाको स्वरमा सबैले राग वा लवज मिलाउनुलाई 'राग राख्नु' भनिन्छ ।

### ३.४.५ छन्द

अन्त्यानुप्रास युक्त साहित्यिक अभिव्यक्तिमा कुनै न कुनै छन्द रहेको हुन्छ । धेरैजसो देउडा गीतहरू निश्चित रूपमा बाँधिएका छन् भने केही बालगीत भने छन्द नमिलेर लयमा मात्र रहेका हुन्छन् । प्रायः देउडामा १४ अक्षरको एक चरण हुन्छ जसमा दुई पाउ हुन्छन् । पहिलो पाउ आठ अक्षरको र दोस्रो पाउ ६ अक्षरको हुन्छ । चार पाउ र दुई चरण गरी पुरा गीत २८ अक्षरको हुन्छ । जस्तै-

घर छाडी पर्देश जाना, बुद्‌धि हरायाका ।
मैले मान्या मेरा हुन, रैछौ परायाका ।

उपयुक्त विषयवस्तु भाषा चरण र पद भाका वा लय र छन्दका आधारमा नै एउटा डोटेली लोक गीत पुरा हुन्छ ।

## ३.५ देउडा गीतको प्रयोजन

देउडा गीत डोटेली लोक साहित्यको महत्वपूर्ण विधा भएकोले यसको प्रयोजनबारे विचार गर्नु प्रासङ्गिक नै हो । देउडा गीतका केही प्रयोजनहरू यसप्रकार छन्-

### ३.५.१ आनन्दको अनुभव

गीतको प्रयोजन नै आनन्दको अनुभव गर्नु गराउनु हो । देउडा गीतले मान्छेलाई सर्वोच्चानन्द प्रदान गर्दछ । लोकमानसको अभिव्यक्ति, सरल भाषा र सरस शब्दावली, सुरिला लय र सङ्गीतका साथ प्रस्तुत हुँदा व्यक्तिले दुःख दैन्य र अभावहरूलाई बिर्सेर आनन्दको अनुभव गर्दछ । यसप्रकारको आनन्दको अनुभव विभिन्न रूपमा प्रार्थना मूलक धार्मिक

गीतहरू, भजन, स्तुति र आरतीहरू, संस्कारहरू र विभिन्न पर्वका उल्लासपूर्ण वातावरणमा गाइने गीतहरूबाट समेत प्राप्त हुन्छ ।

### ३.५.२ अनुष्ठानको सम्पादन

हाम्रो डोटेली समाजमा केही गीतहरू मन्त्रजस्तै महत्व राख्दछन् । गीतहरूबाटै धार्मिक क्रियाकलाप सम्पन्न हुन्छन् र संस्कारका विधिविधान पुरा गरिन्छन् । डोटेली समाजमा देउडा गीतका अभावमा जीवन संस्कारहरू पूर्ण हुँदैनन् । तराई होस् वा पहाड देउडाको अभावमा फागु, तिज, जाग्राम, षष्ठीपुजा, मकर सङ्क्रान्ति र दसैँ रमाइला बन्दैनन् । देउडा गीतहरू धार्मिक अनुष्ठान, पर्व र संस्कारका अङ्ग हुन् ।

### ३.५.३ समसायिक लोकजीवनको अभिव्यक्ति

देउडा गीतहरूमा व्यक्तिले आफ्ना मनका भावना अभिव्यक्त गर्दछ । यस्तो अभिव्यक्तिमा उसको व्यक्तिगत अनुभूति मात्र नभई पुरै समाजको अनुभूति पनि व्यक्त भएको हुन्छ । समाजको चित्रणका साथै समाजले गरेका कर्म र भोगेका दुःख सुखहरूको बयान हुन्छ । हाल नेपालका राजनीतिको स्त्रीपीडाको अभिव्यक्ति देउडा गीतमा प्रतिध्वनित भएको पाइन्छ ।

नेपालका ठुला दल कुर्ची ताकेका छन् ।
कानुन बनाऊ भन्दाभन्दै जनता थाकेका छन् ।
जरा काटे निगालोका, टुप्पामा छिन काटेँ ।
यो बाला उमेर मेरो, बुढासङ् दिन काटे ।

### ३.५.४ सामूहिक गायनको प्रयोग

सामूहिक रूपमा गायन हुनु देउडा गीतको प्रमुख विशेषता हो । मेलापात र जात्रा धेरै मानिसहरू एक आपसमा एउटै ठाउँमा जम्मा भएका हुन्छन् र सबैले आपसमा मिलेर गाउने नाँच्ने गर्दछन् । यस्तो सामूहिक नृत्य तथा गायनले सामाजिक एकता र मेलमिलापमा पनि सहयोग पुऱ्याउँछ ।

आम् पेलुँ अमिला पेलुँ जारिम पेलुँपेलुँ ।
मौकाले दर्शन भयो, देउडा खेलूँ खेलू ।

सामान्यतया देउडा गीतको प्रयोजन भनेको मनोरञ्जन नै हो । कुनै पनि चाडपर्व, मेला, उत्सव र धार्मिक तथा सांस्कारिक अनुष्ठानमा मनोरञ्जन गर्न देउडा गीत गायन वा नृत्य गरिन्छ । जसमा समसामयिक लोक जीवनको अभिव्यक्ति रहेको हुन्छ ।

### ३.६ देउडा गीतको महत्व

देउडा गीत यस क्षेत्रका सबै जनमानसका मुक्त कण्ठमा झुण्डिएको हुन्छ । अलिकति अवसर पाउने बित्तिकै प्रत्येकका मुखबाट देउडाका भल बग्न थाल्छन् र जुन भलको प्रभावले मानव हृदयलाई पखालेर स्वच्छ र सुन्दर देखाउँछ । पानीका मूल फुटे जस्तै देउडाका पनि मूल फुट्छन् र धेरैका जीवनरूपी खेतमा सिँचाइ पुऱ्याउँछन् भने तिर्खाएकाहरूका लागि तिर्खा मेटाउँछन् । डेउडेहरू भन्छन्-

बैरागीको दिल बुजाइ जा, दुखारी हँसाइ जा ।
मुटुइना कुर्लन्या भल, खोलेर बिसाइजा ।

देउडा खेल्ने मानिसहरू कुममा-कुम, हातमा-हात, स्वरमा-स्वर र पैदलमा-पैदल मिलाएर एक पाइलो अगाडि र आधा पाइलो पछाडि गर्दै शरीरलाई मर्काउँदै देउडा खेल खेल्दछन् । यसरी जब वादविवाद र एक अर्कालाई परास्त पार्ने प्रयास सुरु हुन्छ तब खेल चम्केको वा राम्रो भएको मानिन्छ र यसै अवसरमा खेल्ने वा गाउने र राम हेर्नेको मनोकामना पूर्ण भएको मान्दछन् । यस्तो लोक मानसमा छताछुल्ल रूपमा रहेका देउडा गीतको महत्वलाई निम्न बुँदामा प्रकाश पार्न सकिन्छ-

#### ३.६.१ अन्तर्हृदयका कुरालाई प्रस्फुटित गर्नु

देउडामार्फत एकले अर्काको हृदय सजिलैसँग छाम्न सकिने भएको हुँदा युवायुवतीले यसलाई फुलको थुँगा सरह मानेको पाइन्छ जुन कुरा अन्यत्र त्यति सम्भव हुँदैन । युगल प्रेमीहरू देउडामार्फत आफ्ना मनका भावनाहरू प्रकट गर्नुका साथै सम्भावित वाधा विपरित कुराहरू पनि व्यक्त गर्दछन् । यसमा हर्ष, दर्द, वेदना, मर्म, पीडा र उच्छ्वास सजिलैसँग प्रकट हुने गर्दछ । देउडा युगल युवा हृदयका आत्मामा मुस्कुराइ रहेको नवोदित भावनाहरू जनमानसमा प्रकट गराईदिने प्रक्तिया हो ।

#### ३.६.२ सांस्कृतिक तथा ऐतिहासिक महत्व

देउडा गीतलाई नेपाली संस्कृति र सभ्यताको धारकका रूपमा लिन सकिन्छ किनभने वर्तमान नेपाली संस्कृतिको प्रवाह यसै क्षेत्रबाट भएको छ । यस क्षेत्रमा प्राचीनकालदेखि आजसम्म देउडा विधाले निरन्तर संरक्षण र माया पाएको छ । देउडा मार्फत आफ्नो मनमा लागेका कुराहरू सजिलैसँग व्यक्त गर्न सकिन्छ । यसका साथै देउडा गीतमा लुकेका शब्दहरूले ऐतिहासिक महत्व राख्दछन् । इतिहासमा बिर्सिएको पाटोको अध्ययन, अनुसन्धान

गर्नमा देउडा गीत सहायक हुने देखिन्छ । ऐतिहासिक घटनावलीलाई चिटिक्क सिँगारेर जनसमक्ष राख्ने काममा देउडाले महत्वपूर्ण भूमिका निर्वाह गरेको छ ।

### ३.६.३ सामाजिक महत्व

समाजमा परिवर्तित रूपरेखा र तिनका आवश्यकताहरू औँल्याउनमा देउडा विधा अतिसफल भएको छ । यसमा वक्तृत्व र अभिनय कौशल हुनाले यति कसैलाई देउडाबाट गाली गरिन्छ भने उसले हाँसी हाँसी स्वीकार गर्दछ । देउडाले निर्भीकतासाथ समाजको मनोदशा चित्रण गर्ने सफलता पाउनुमा सर्वोत्तम पक्ष समूह स्वर हो । देउडा खेल्दा उच्च, निच, धनीगरिब, छुतअछुत स्त्रीपुरुषको भावना नराखी सबैले समान रूपमा देउडामा सहभागी हुन पाउनुमा पनि देउडाले ठुलो महत्व राखेको छ ।

### ३.६.४ धार्मिक महत्व

धार्मिक विषयवस्तुका गीतहरू भजन, माङ्गल, भोलाउलो पनि देउडा गीतमा मौलाएर रहेका छन् । देउडा गीतमा रहेको सरल अभिव्यक्तिले गर्दा लोक साहित्यका अन्य विधाहरूले पनि देउडामा समाहित भएर आइरहेका छन् । संस्कृतका अप्ठ्यारा शब्दहरूलाई सकीनसकी उच्चारण गर्नुभन्दा सरल स्थानीय भाषा मार्फत् देवीदेवताका श्लोकहरू व्यक्त गर्न सबैले रुचाउनुले यसको महत्व रहेको छ । जस्तै-

हरेराम हरेराम, कति राम्रो नाम छ ।
ज्ञान हुने मानिसले, यही जप्ने काम छ ।

### ३.६.५ प्राकृतिक महत्व

देउडाको प्रमुख विषय नै प्राकृतिक चित्रण हो । निरविच्छिन्न रूपमा आफ्नो गतिलाई प्रवाह गर्ने खोलानाला र संगितमय ध्वनिमा वनपाखामा आफ्ना स्वर लहरीलाई प्राकृतिक सौन्दर्यको वर्णन गर्न गुञ्जायमान गरिरहेको चराचुरुङ्गीको गुञ्जन सुन्ने बित्तिकै मानव हृदय पनि आफ्नो मुटुको स्पन्दनलाई गुञ्जायमान भइरहेको प्राकृतिक सङ्गीतमा मिसाउन उत्सुक हुन्छन् र मुटुका भेलहरू पोख्दछन् । प्रायः देउडा गीतमा एकपाटो प्रकृति चित्रण र एक पाटो माया प्रेम सम्बन्धी भएका हुन्छन् । जस्तै

कालो लेक रमाइलो होला, काफल पागन्नारे ।
साइ पोइल नजान्या होल्ली, भल्का लागन्नारे ।

जही गुराउँसी फूल टिपेको, तही प्रिता जमेको ।
बिसरी गया हौं बाँज, रानीवन घुमेको ।

के बुढा के तरुना के बालक सबै उत्तिकै आनन्द प्रदान गर्ने विधा भएको हुनाले यसको महत्व स्वतः पुष्टि भएको पाइन्छ । खेल खेल्ने तथा बाहिर बसेर हेर्ने सबैमा समान प्रभावको महत्व रहेको हुन्छ । यसको महत्वकै कारण सीमित क्षेत्रमा मात्र नभई नेपालभरिनै फैलिएको छ ।

## ३.७ देउडा गीतको वर्गीकरण

'साहित्य समाजको दर्पण हो' भन्ने उक्तिलाई ध्यानमा राख्दा के भन्न सकिन्छ भने लोक साहित्य त दर्पण मात्र नभएर अझ एक्स-रे मेसिन हो जसले सम्बन्धित जनजीवनको बाह्य र आन्तरिक दुबै पक्षको यथार्थ प्रतिविम्व उतार्ने काम गर्छ । तदनुरूप देउडा गीतमा पनि विविध मान्यता र जीवनदृष्टिहरू समेटिएका छन् । यस्ता डोटेली जीवनशैलीका देउडागीतहरू विविध प्रकारका छन् । विभिन्न किसिमका देउडा गीतलाई नियाल्नु पर्दा यसका भेद उपभेदहरू जन्मन जान्छन् । लोक जीवनको विविध पक्षलाई ओगटेको देउडा गीतको वर्गीकरण पूर्णरूपले गर्न त साह्रै गाऱ्हो छ तापनि सामान्यतया देउडा गीतको वर्गीकरण निम्न आधारमा गर्न सकिन्छ ।

१. सहभागिताका आधारमा

२. लय वा भाकाका आधारमा

३. विषयवस्तुका आधारमा

४. भाषाका आधार

५. रसका आधारमा

### ३.७.१ सहभागिताका आधारमा

देउडा गीतको गायनको क्रममा सहभागी हुने आधारलाई नै सहभागिताको आधार भनिन्छ । यस आधारमा देउडा गीत निम्न तिन प्रकार पाइन्छन्-

**3=7=1=1** Psn  b]p*f  uLt

कुनै पनि एक व्यक्ति विशेषले आफ्ना मनका वहहरूलाई व्यक्त गर्दछ भने त्यस्तो देउडा गीतलाई एकल गीत भनिन्छ । यस्ता गीतहरूमा अभिनय पक्ष नगण्य मात्रामा रहन्छ भने गीतको भाका तथा लयात्मकता प्रमुख रूपमा देखा पर्छन् । यस्ता गीतहरू बाटो हिँड्ने बटुवा, घाँस काट्ने घसारी आदि व्यक्तिहरूले गाउने गर्दछन् । जस्तै-

रङ्ग उड्यो कपुरको, कस्तुरी बासै छ ।

साईले मलाई बिर्से पनि, मलाई त आसै छ ।

घ.ठ.ज्ञ.द्द दोहोरी देउदा गीत

दुई वा दुईभन्दा बढी व्यक्तिहरू एक आपसमा पालोपालो गरी गाउने देउडा गीतलाई दोहोरी देउडा गीत भनिन्छ । यस ढङ्गमा गीत गाउने व्यक्तिहरू दुई पक्षमा विभक्त भएका हुन्छन् । यस्तो देउडामा गीत गायन र खेल दुबै हुने गर्छ । जसमा गीत भन्ने गीतेरु दुईजना हुन्छन् । एकअर्कालाई परास्त गर्ने अभिप्राय हुन्छ । दोहोरीमा प्रश्नोत्तर वादविवाद संवाद भलाकुसारी आदि हुन्छ । जस्तै-

प्रश्न : भैँसाकी गोठाली हैकी ? गोरुकी ग्वाली है ? घरवारकी धनी हैकी ? पिरती वाली है ?

उत्तर : भैँसाकी गोठाली होइन गोरुकी ग्वाली हुँ । घरवारीकी धनी होइन पिरती वाली हुँ ।

घ.ठ.ज्ञ.घ सामूहिक देउदा ग ीत

धेरै व्यक्तिहरू देउडा खेलमा सहभागी भई देउडा खेलिने र गाउने प्रक्रियालाई सामुहिक देउडा गीत भनिन्छ । यसमा प्राय : खेल नै खेलिन्छ र गीतेरु भने २/४ जना पनि हुन सक्छन् । गीत गाउने वा स्वरमा स्वर मिलाउने व्यक्तिहरू कम्तीमा १०/१२ जनादेखि एक दुई सयसम्म पनि  हुन्छन् । समूहमा गीत गाउँदा वा खेलिदा एउटै गीतलाई एकै स्वरमा धेरै व्यक्तिले साथसाथै गाउँछन् । जस्तै : बउजु- दङ्डीदङादङ चप्पीचपाचप ।

## ३.७.२ लय वा भाकाका आधारमा

लय वा भाकाको आधारमा देउडा गीतलाई निम्न दुई भागमा बाँड्न सकिन्छ-

घ.ठ.द्द.ज्ञ ज्दी भाका

प्राय : एकजना व्यक्तिले मात्र कुनै थेगोको प्रयोग नगरी एकहोरो रूपमा गाउने गीतलाई ठाडी भाका भनिन्छ । ठाडीभाकामा स्वर चर्को हुन्छ र थोरै समयमा धेरै गीत गाउन पनि सकिन्छ । ठाडीभाका दोहरी पनि हुन सक्छन् । जस्तै-

आँपका बगैँचाभित्र, रानीवनका साल

सिम्रिकमा तेलहाले जस्तो आइजा मायाजाल ॥

घ.ठ.द्द.द्द थेगो प्रयोगको भाका

देउडा गीतमा विभिन्न किसिमका थेगोहरू प्रयोग भएका हुन्छन् । देउडा गाउँदा थेगो स्थायी रूपमा रहेको हुन्छ । यसको प्रयोग एक पङ्क्तिमा एकैचोटि वा दुईचोटि पनि हुनसक्छ । पङ्क्तिको आदि र अन्त्यमा पनि थेगो रहनसक्छ र पङ्क्तिको बिचमा पनि रहन सक्छ । कुनै कुनै गीतमा थेगोले पुरै गीतको सन्देशको सारांश दिने गरेको हुन्छ । थोगो स्थान सम्बन्धी, नाता सम्बन्धी मायाप्रेम सम्बन्धी हुन्छन् । डोटी जिल्लामा देउडा गीतमा प्रयोग हुने

थेगाहरू हुन्- मेरी दिदी, पदमफुल, मैनामेरी, कठैदैन, सु, हाइपिरु, खप्तडकी रानीचरी, अन्य हिमाल, नानीनानी आदि ।

नानीनानी । पहाड चल्न्या मोटरगाडी, मधेस चल्ने रेल ।

नानीनानी । डाँडामा अस्ताए जस्तै, बाली पऱ्यो बेल ।

### ३.७.३ विषयवस्तुका आधारमा

देउडा गीतले सम्प्रेषण गर्ने सन्देशको आधारमा यसको विषयलाई छुट्याउने गरिन्छ । यसले खासगरी सामाजिक, ऐतिहासिक, पौराणिक र राजनीतिक आदि जस्ता विषयलाई अँगाल्दछ । यिनी विषयवस्तुको वर्णन निम्नानुसार गर्न सकिन्छ-

घ.ठ.घ.ज्ञ सामाजिक विषयका गीत

समाजमा प्रचलित रीतिरिवाज, चालचलन, वेशभूषा शासन, प्रशासन र शोषणजस्ता सामाजिक चित्रण गर्ने देउडा गीतलाई सामाजिक विषयका देउडा गीत भनिन्छ । जस अन्तर्गत छोरीको बिलौना, शोषण विरोधी गीत, जातिपातिको आधारमा गरिने भेदभाव विरुद्धका गीत, विभिन्न चाडपर्वमा गाइने गीत, आर्शीवादका गीतहरू आदि पर्दछन् । जस्तै-

उधो खोली घाँस गए, काटिल्याएँ केरा ।

घरपुग्दा गाली गर्छन्, सासूज्यूका छोरा ॥

घ.ठ.घ.द्द ऐतिहासिक विषयका गीत

ऐतिहासिक तथा विगतका घटनाहरूको वर्णन गर्ने गीतलाई ऐतिहासिक गीत मानिन्छ । यस अन्तर्गत साँध सीमानाका गीत, राजा महाराजा तथा वरिष्ठ व्यक्तित्वहरूका सवाई, स्थान परिचय वंशावली काटमार तथा विगतका घटनाको वर्णन आदि पर्दछन् । जस्तै-

नेपाल-अङ्ग्रेज युद्ध भयो, विषय सिमाना ।

महिला पुरुष सबैगरी छ सय छ जना ।

नेपाली पाइपधारा, गोराले सुकायो ।

रगतको खोला बग्यो, हाम्रो मन दुखायो ।

घ.ठ.घ.घ पौराणिक विषयका गीत

पौराणिक ग्रन्थहरूमा उल्लेख भएका कथा र व्यक्तित्वको वर्णन गर्ने देउडा गीतलाई पौराणिक गीत भनिन्छ । जसअन्तर्गत रामायण, महाभारत, देवी भागवतका कथाहरू र रामचन्द्र, सीता, कृष्णा, राधा, शिवजी र पार्वती जस्ता व्यक्तित्वको बारेमा उल्लेख हुन्छ ।

सीता रनी अशोक वन, रामरना जङ्गल ।

खबर लैजा हनुमान, कुशल मंगल ।

घ.ठ.घ.४ राजनीतिक विषयका गीत

स्वदेश तथा विदेशमा प्रचलित समसामयिक राजनीति, राजनीतिक पार्टी, राजनीति गर्ने नेताहरू, उच्च पदस्त राजनीतिक व्यक्तित्वहरूका बारेमा प्रकाश पार्ने गीतहरूलाई राजनीतिक गीत भनिन्छ । यसमा समसामयिक राजनीतिक घटना विवरण र नेताहरूलाई क्षण हान्ने गरिन्छ । नेताहरूले पनि प्रचार प्रसार समेत गीतमा गर्ने र पोष्टर, पम्प्लेट तथा अपिलहरूमा पनि गीत राख्ने गरेका छन् ।

संविधानको चुनाव भए, पाँच वर्ष भै गए ।

भोट माग्न घरघर आउन्या, नेताजी काँ गए ?

घ.ठ.घ.छ प्रेम सम्बन्धी गीत

देउडा गीत प्रेमी र प्रेमिका बिचको आत्ममा रहेको मायाप्रेमलाई अभिव्यक्त गर्ने माध्यम हो । सटिक ढङ्गमा मुटुमा गुम्सिएर रहेका प्रेम भावनालाई आफ्ना मायालुसम्म सम्प्रेषण गर्न पाउँदा ती प्रेमी प्रेमिकाहरू देउडालाई धेरै मन पराउँछन् । यस्ता माया प्रेमका देउडा गीतहरूमा लोग्ने स्वास्नीका बिचमा हुने प्रेम, साथीसाथी बिचमा हुने प्रेम सालीभिना बिच हुने प्रेम भावनाका गीतहरू पर्दछन् ।

श्रीमान श्रीमतीहरूमा गहिरो प्रेम रहेको हुन्छ, मनोरञ्जन गर्ने क्रममा पनि देउडा गीत जान्ने दम्पतिहरू छन् भने गीतमा नै कुराकानी गर्दछन् । जस्तै- एउटा परिवारमा श्रीमान श्रीमती सामान्य झगडाका कारण एकअर्कामा नबोल्ने रहेछन् तर खाना खादा श्रीमतीले लोग्नेलाई बोलाएर खाना खानभन्दा गीतमा यसरी भनेछ-

भन्नु बोल्नु क्यै रहेन गाउँका गर्छन् गिल्ला ।

खाना बाँकी तयार भयो खाना खा भने बिल्ली ॥

गर्नाजति गरिहाल्यो आफन्तले गिल्ला ।

मनभरी पटक्कै भयो, केलाउँ भन्छस् बिल्ला ?

यसरी विल्लो मार्फत भएको श्रीमान श्रीमतीको संवाद मार्मिक छ । यस्तै अगाध माया हुँदाहुँदै पनि विछोडिनु पर्दा मनमा परेका चोटहरूलाई पनि गीतमार्फत व्यक्त गर्छन् । जस्तै-

मेरा स्वामी घर लाइदे, विदा दिहाल सेट ।

कैले भगवान बाटो दिन्ना, कैले होली भेट ।

उदारै मकैको बीउँ पाऊँ, उदारै बल्ला पाऊँ ।

बरु म छइ मैना बाँचु, मनपणी अद्वपाऊँ ।

घ.ठ.घ.ट श्रम सम्बन्धी गीत

काम गर्दागर्दै थाकेको अवस्थामा मनमा प्रफुल्ल आएको समयमा कामदारहरू कामसँगै केही गीतहरू गाउँछन् । जसलाई श्रम गीत भनिन्छ । यस्ता गीतहरूमा गाई, भैँसी चराउँदाका गीत वा गोठाले गीत, रोपाइँ गर्दाका गीत वा असारे गीत, घाँसदाउरा गर्दाका गीत र धान काट्दाका गीत आदि पर्दछन् । जस्तै

**भैँसी चराउँदा**

रुइँकने बासुरी मेरी, भैँसी खर्क बली ।

मालुपात खपेएजन उडी आउँला कली ।

**रोपाइँ गर्दा**

नौलाखेत धौला बल्ल, जोतारुको होला ?

रोपाइँमा रन्केको गीत, कस्को मन रोला ?

**घाँस काट्दा**

खोली काट्याँ खोली रयो, खोलीको गोगन ।

काँ हालू बालको चुल्ठो, काँ हालू जोवन ।

**धान काट्दा**

धान पाकी पहेंलीपुर, मेरा जन्मे सेरा ।

बाडुली लागेकी तागेइ, दिनका नौ फेरा ।

## ३.७.४ भाषाका आधारमा

साहित्यको मुटु नै भाषा हो । लोकसाहित्य जनसाधारणको साहित्य भएकाले यसमा प्रयुक्त भाषा पनि जनसाधारणको भाषा नै हुन्छ । देउडा गीत पनि बढी जस्तो डोटेली भाषामा नै हुन्छ भने केही मात्रामा अन्य भाषाका शब्दहरू पनि रहन्छन् । भाषाको आधारमा देउडा गीतलाई निम्न दुई भागमा बाँड्न सकिन्छ-

घ.ठ.४.ज्ञ विशुद्ध स्थानीय भाषा प्रयोगका गीत

देउडा गीत स्थानीय भाषामा गाइने लोक साहित्यिक विधा हो । देउडामा प्रयोग हुने भाषा गाउँगाउँमा पनि फरक हुनसक्छ । यसको प्रचलन रहेको क्षेत्र कर्णालीदेखि पश्चिममा नेपाली भाषाका भाषिकाहरू माझाली, ओरपश्चिम, मझपश्चिम र परपश्चिममा वर्गहरू पर्दछन् जसका कारण देउडा गीतमा पनि भाषिक प्रयोगका आधारमा विविधता आउनु स्वाभाविकै हो । भाषिक प्रयोगमा विविधता भएको हुनाले नै एउटै सन्देश र संरचना भएको

गीतमा पनि फरक फरक शब्द पाउन सकिन्छ । तर धेरैजसो यस्ता गीतहरू स्थानीय भाषामा नै हुन्छन् । जस्तै-

आधा दिन घाम लागिजाउ, बादल फाट्टीजाउ ।
साइका मुख डिठ पडिजाउ, सम्रडी काट्टीजाउ ।

घ.ठ.४.द्द अन्य तत्सम, आगन्तुक शब्द प्रयोगका गीतहरू

देउडा विशुद्ध स्थानीय भाषामा गाइने गीत भएतापनि यसमा लय, सन्दर्भ र अन्त्यानुप्रास मिलाएर तत्काल रचना गर्नुपर्ने भएकोले र केही शिक्षित मान्छेहरू स्थान बाहिर बस्ने हुनाले त्यस्ता व्यक्तिहरूले प्रयोग गर्ने भाषामा नेपाली संस्कृत लगायतका अन्य भाषाको पनि प्रयोग हुन्छ । जस्तै-

कण्ठ शोभा सुशिल बोली, हस्त शोभा दान ।
चक्षु शोभा राम्रो दृश्य, कान्को शोभा ज्ञान ।
दालखी साम्बर भन्ना, मार्चिसखी कट्टी ।
जान्नैन मराठी भाषा, रिसै मात्र चड्डी ।

### ३.७.५ रसका आधारमा

देउडा गीत पनि एक साहित्य हो । साहित्यमा रस हुन्छ । रसबिनाको साहित्य निष्प्राण हुन्छ । रस भन्नाले आन्तरिक भावनालाई बुझाउँछ । देउडामा पनि विभिन्न रसहरू रहन्छन् । रसको आधारमा देउडा गीतलाई यसरी विभाजन गर्न सकिन्छ ।

घ.ठ.छ.ज्ञ शृङ्गार रस सम्वन्धी गीत

प्रेमीप्रेमिकाको आत्ममा रहेका प्रेमभावनालाई अभिव्यक्त गर्ने देउडा गीतलाई श्रङ्गार रसका देउडा गीत भनिन्छ । शृङ्गार रस पनि विप्रलम्भ शृङ्गार र शम्भोग शृङ्गार गरी दुई किसिमका छन् । जस्तै-

**विप्रलम्भ शृङ्गार**

मेरा स्वामी घर लाइदे, विदा दिइहाल सेट ।
कैले भगवान बाटो दिन्ना, कैले होला भेट ।

धारापानी सुगीगयो, पणपानी चुनै छ ।
तेरा निम्ति डाणीवाज, हृदय रुनैछ ।

**संभोग शृङ्गार**

शिकारी बारुद भट्टो, बन्दुक छुचिमी ।
भैजान्छु चौअन्नी माला, वस्तछु चुचिमी ।

मङ्सिर भएकी भेट, काखमी वसीजा ।
सम्राइले लाएको डागो, मुसुक्क हाँसिजा ।

घ.ठ.छ.द्द करुण रस सम्बन्धी गीत

कसैको दुःखमा समवेदना प्रकट गर्नु नै करुण रस हो । देउडा गीतमा पनि करुण रस रहन्छ । जस्तै-

आफू गै अर्कालाई लैगै, पीरती डोलीगै ।
घाँस काट्न गएकी मान्छे, पानीखी खोली गै ।

अनुहार विसरी जाउँला, विसर्दैन दाँत ।
घरबार छुट्या केइ मानेइन, बयसकी खाँत ।

घ.ठ.छ.घ शान्त रस सम्बन्धी गीत

धैर्यता धारणा गर्न वा शान्त रहन उपदेश दिने भावनाले मुछिएको रस शान्त रस हो । जस्तै-

चरमेरा भैसोली आमा, यो पनि लेकै हो ।
मैखी भयो जनमान्या, सबैखी एकै हो ।
भाग्यमा परेको फूल, शीरमा पैरनु ।
जुन दुःख इश्वरले दियो, उन दुःख सैरनु ।

घ.ठ.छ.४ वीर रस सम्बन्धी गीत

वीरताको भावनाले मुखरित रसलाई वीर रस भनिन्छ । देउडा गीतमा वीर रस रहेको हुन्छ । जस्तै-

सूर्यको उदय भयो, घाम ताप्न्या भ्या ताप ।
नान्का तिन्का झुरेमुरे, मसँग नलाग ।

घ.ठ.छ.छ अद्भूत रस सम्बन्धी गीत

भयङ्कर डर तथा त्रास देखाउने भावनालाई अद्भूत रस भनिन्छ । अद्भुत रस भएका देउडा गीत पनि पाइन्छन् । जस्तै-

बाघ आयो जङ्गलबाट, तु भागीजा सुवा ।

दुई सर्प लड्न लाग्या, अछाम काली कुवा ।

देउडा गीतमा मुखरित हुने भावनालाई विभिन्न रस शृङ्गार, शान्त, करुण, वीर, अद्‌भुत आदिमा बाड्न सकिन्छ । यस आधारमा हेर्दा देउडाले विभिन्न किसिमका भावनाहरू अभिव्यक्त गर्न सक्तछ ।

उपर्युक्त वर्गीकरणको आधारमा देउडा गीतलाई गाइने क्षेत्रमा सुक्ष्म रूपले हेर्दा युवायुवतीको दोहरी, जात्रा, चाडपर्व, उत्सव र मेला, घाँस, दाउरा तथा बनपात, गाई, भैसी तथा भेडा, बाखाका गोठ, रोपाई, गोडाई, देवीदेवताको पूजाआजा, बिवाह, ब्रतवन्ध, मायाप्रेम, मनोरञ्जन आदिमा विभिन्न प्रकार देउडा गीत गाउँदै देउडा खेल खेल्ने गरिन्छ । देउडा गीतलाई यति नै प्रकारका हुन्छन् भन्ने छुट्याउन गाऱ्हो छ । यस शोधकार्यमा समेटिएका आधारमा देउडा गीतलाई प्रेम, उत्सव, पर्व, सहभागिता, लय वा भाका वा विषयवस्तुका आधारमा छुट्याइएको छ ।

## ३.८. देउडा गीतका विशेषताहरू

देउडा गीत आफैँमा स्वतन्त्र छ । यसका विशेषताहरू विविध छन् । प्रमुख रूपमा लोक पद्यको विशेषता नै छोटो वाक्य र श्रुतिमधुर समवेदना उच्छवास उत्पीडन र वेदनाले व्यथित हृदयका मर्महरूको मार्मिक चित्रण गरेर श्रोताहरूको हृदय स्पर्श गर्न सक्षम हुनु हो । यति मात्र होइन देउडा गीत आफैँमा पूर्ण छ । यसका कतिपय विशेषताहरू सिङ्गै लोक साहित्यका विशेषताहरूसँग समानता राख्न पुग्छन् । यो अस्वाभाविक पनि होइन । देउडा गीतका केही मूलभुत विशेषताहरू यसप्रकार छन्-

### ३.८.१ सहज उपलब्धी

देउडा गीत जुनसुकै वखतमा पनि सलल बग्न सक्छ । देउडा गीतहरुका लागि देउडामा प्रश्नोत्तर गर्नु गाह्रो हुँदैन । चाहेको बखतमा चाहेजस्तो गीत गाइदिन सक्छन् । देउडा गायकहरूले गीतको गेडा भुइँमा पर्न नपाउँदै यसै भाकामा प्रत्युत्तरमा गीतको प्रवाह बगाई दिन्छन् । यसरी देउडा गीत आशु प्रतिभाका सहज उपलब्धी हुनु नै यसको प्रमुख विशेषता हो । यो भावुक हृदयमा स्वतः स्फूरण यसरी हुन्छ-

जुन सर्गै बेल पनि सर्गै, तारा पनि सर्गै ।

स्वर्गवास होइजाला मान्या, अजपनि नर्कै ।

### ३.८.२ मौखिक परम्परा

देउडा गीतको दोस्रो विशेषता मौखिक परम्परा हो । यो अशिक्षित समाजमा जन्मने र हुर्कने भएकोले यसको कुनै लिखित रूप हुँदैन । भावुक हृदयबाट देउडा गीत स्वतः स्फुरण हुन्छ र समाजमा अलिखित रूपमा प्रसार भएर जान्छ । देउडा गीत एक व्यक्तिबाट अर्को व्यक्तिमा एक पुस्ताबाट अर्को पुस्तामा, एक स्थानबाट अर्को स्थानमा मौखिक रूपमा सर्दै र झर्दै जान्छ ।

### ३.८.३ अकृतिमता

देउडा गीत परिस्कृत मष्तिस्कको उपज नभएकोले यसमा कृतिमताको गन्ध पनि पाइँदैन । मनको वह स्वतः स्फुरण हुने हुँदा बढाइचढाइ तथा छाँटकाँट गर्ने समय गायकले पाउँदैन । अतः आन्तरिक हृदयको चोखो उद्‌गार यसमा प्रस्ट देखिन्छ ।

### ३.८.४ स्वच्छन्दता

देउडा गीत स्वच्छन्द हुन्छ । यो आफ्नै भावधारामा सलल्ल बगी दिन्छ । गायक पूर्वाग्रह रहित हुन्छ । गायक आफ्नो भावात्मक उद्‌गार स्वच्छन्द रूपले व्यक्त गर्न सक्छ । अत : देउडा गीतको अर्को विशेषता स्वच्छन्दता हो ।

### ३.८.५ सामूहिक भावभूमि

देउडा गीत सामूहिक भावभूमिको उपज हो । देउडा गीत सामुहिकतामा ज्यादा रम्दछ । कुनै पनि समाजमा देउडागीतको जन्म सामुहिक रूपमा हुन्छ । यसैले यसमा एक व्यक्तिको मात्र नभएर सामूहिक उत्तरदायित्व हुन्छ । यसको रचयता एक व्यक्तिलाई मान्न सकिँदैन समाजद्वारा नै रचिएको मानिन्छ । यसले प्रकट गर्ने भाव पनि एउटा व्यक्तिको बारेमा मात्र नभएर सामाजिक विषयवस्तुमा आधारित हुन्छ ।

### ३.८.६ उपदेशात्मकता

देउडाको विशेषतामा उपदेशात्मकता पनि आउँछ । डोटेली लोक गीतले समाजलाई कुनै न कुनै रूपमा उपदेश दिइरहेको हुन्छ । कुनै कुनै देउडा गीत त उपदेश प्रधान नै हुन्छ । जस्तै-

वर्ष छोटा वयसका, दिन छोटा पुसका ।
भारीबोकी पैसा खानु, नखानु घुसका ।

### ३.८.७ प्रश्नोत्तर प्रवृत्ति

देउडा गीत लोग्ने, स्वास्नी, प्रेमीप्रमीका, पक्ष-विपक्षको संवाद तथा उद्‌गार हासो ठट्टा गर्ने माध्यम भएकोले दुई पक्षबाट प्रश्नोत्तरका रूपमा गीतको श्रृजना हुन्छ । भावुक युवायुवती आफ्नो हृदयमा चल्मलाएका मायाप्रीतिका उद्‌गारहरू देउडाबाटै प्रश्न र उत्तरमा पोख्छन् । यस्तो गीतलाई झिल्टा पनि भनिन्छ । जस्तै-

प्रश्न- दाख होइकि दाणिम होइकि, सुन्तला रस होइकि ?
पराइवेटी गाणी होइकि, सरकारी बस होइकि ?
उत्तर- दाख हैन दाणिम हैन, सुन्तला रस हुँ ।
पराइवेटी गाणी हैन, सरकारी बस हुँ ।

### ३.८.८ सङ्‌गीतमयता

देउडा गीत सार्‍है सङ्‌गीतमय हुन्छ यसलाई वाद्यवादनको पनि खास आवश्यकता देखिँदैन । मादल, मुरली, हार्मोनियम जस्ता सामान्यत वाद्यवादन कुनै कुनै डोटेली लोकगीतमा प्रयोग भएतापनि धेरै जसोगीत वाद्यवादन बिना नै सङ्‌गीतमय हुन्छन् ।

### ३.८.९ प्रतीकात्मकता

देउडा गीतमा प्रतीकको पनि प्रयोग गरिएको हुन्छ । जसमा कुनै एक कुरालाई दर्शाउन अर्को वस्तुलाई प्रतीकका रूपमा प्रयोग गरिन्छ । देउडामा प्रतीकको प्रयोग धेरै मात्रामा भएको पाइन्छ । कसैले पनि आफ्नो परम् प्यारो मित्र वा साथीलाई फूलको रूपमा, कडा वस्तुलाई फलामको रूपमा, बरलिँदो मनलाई उड्ने चरीको रूपमा आदि जस्ता प्रतीक राखेर व्यक्त गर्ने चलन छ । जस्तै-

मेरा भाणी फुल फुलला, जनरिटेइ मौरी ।
ढुङ्गो पनि पसुजिन्छ, साइत रैछै बैरी ।

### ३.८.१० लयात्मकता

लयात्मक अभिव्यक्ति नै देउडा गीतको आत्मा हो र लय बिना देउडा गीत निष्प्राण हुन्छ । सामवेत स्वरमा लयपुर्वक गरिएको गायनले कति निरस गीतहरूलाई आकर्षक र मिठासपूर्ण बनाइदिन्छ । लयमा लय मिसाएर जब युवायुवतीहरू गीतको भाका झिक्न थाल्छन् । अनि लय अनुसार ह्रस्वलाई दीर्घ स्वर, दीर्घ स्वरलाई ह्रस्व स्वर, हलन्तलाई अजन्त र अजन्तलाई हलन्त गरिएको समवेतको लयपूर्ण गायनले श्रोतालाई आनन्दको महासागरमा

डुबाइ दिन्छ । यही विशेषताले गर्दा देउडा गीतको व्यापकता र प्रियतामा बृद्धि हुँदै गएको छ ।

देउडा लोकलहरीको सर्वोत्तम आकर्षक समूह नृत्य र समूह गायन हो । यसमा सामूहिक स्वर गुञ्जन जति घनिभूत हुनसक्छ उत्ति नै सङ्गीतको अपार महिमा बढेको अनुभव हुन्छ । यसले श्रोतालाई पनि त्यत्तिकै आनन्द दिलाउँछ । सटिक ढङ्गमा मानव मनका उद्गार सङ्गीतमय स्फुरण हुनु देउडा गीतको प्रमुख गुण हो ।

## निष्कर्ष

मध्य पश्चिम र सुदूर पश्चिमको लोक संस्कृति र साहित्यको एउटा पाटो देउडा हो, जुन प्रत्येक देउडा प्रेमीहरूको जिब्रो जिब्रोमा झुण्डिएको हुन्छ । देउडा शब्दको शाब्दिक अर्थ टेढो, बाङ्गो वा छड्के भन्ने हुन्छ । देउडा खेल्दा पैतलो वा पादपङ्क्ति डेडी वा छड्के पर्ने र गाउँदा पनि डेढपटक गाइने भएकाले यसलाई देउडा भनेको हुन सक्ने अनुमान गर्न सकिन्छ । देउडा गीत बन्नका लागि दुईवटा गीतिमय चरणको आवश्यकता पर्दछ । मानिसको मनोरञ्जनका लागि लोक साहित्य त्यसमा पनि देउडा गीतको महत्व बिमारीका लागि औषधि जस्तै छ । दिनभरि काम गरेर थाकेको शरीर साथीसँगीसँग बसेर देउडा गीत गाएर खेल खेल्दा थकाइ पनि मेटिने र विचार पनि आदानप्रदान भई मुलाकाते हुन्छ । देउडा गीतमा प्राकृतिक प्रवाह र स्वतन्त्र मौलिकता रहेको हुन्छ । यसमा भाषाको मूलस्रोत स्थानीय प्रकृति, विविध हृदयका भावाङ्कुर, नानारस, निश्चल हृदयका स्वच्छ विचार एवं प्रकार सहृदयगम्य प्रकृति र मनोहर लोकसाहित्यको प्रवाह यसमा पाइन्छ । विभिन्न संस्कार एवं उत्सवहरूमा गीतका रोकी नसक्दा मूल फुट्छन् जसको कारण गीत सुन्न बसेका बुढापाकाहरू पनि खेल खेल्न उत्साहित हुन्छन् ।

यी गीतहरू प्राय : सामाजिक परिवेश, सुखदुःख तथा प्रेम सम्बन्धी स्थान, जाति, रहनसहन र वेशभूषा चिनाउने खालका पनि हुन्छन् । देउडा गीतका साथै यसको लय र समूहगायनमा बढी जोड दिइन्छ । देउडा भनेको लयपूर्ण ध्वनिमा कुनै व्यक्तिले आफ्नो भावना व्यक्त गर्ने प्रक्तिया हो । यस्ता गीतहरू परम्परादेखि चलिआएका र जनसमुदायमा गहिरो छाप पारिसकेका हुन्छन् । प्रेमका दृष्टिले अति मार्मिक, ऐतिहासिक दृष्टिले तथ्यपूर्ण, भौगोलिक दृष्टिले अत्यावश्यक, संस्कृतिका दृष्टिले सारपूर्ण एवं भाषा र साहित्यका दृष्टिले उच्चकोटिका हुन्छन् ।

# परिच्छेद : चार

# डेउडा गीतको सङ्कलन

**प्रार्थना**

दुर्गा देवी भगवती, चामुण्डा कालिका ।
दाइनु भएइ मोहन्याल, दाइनिभ्या मालिका । १

ब्रह्मा विस्णु महेश्वर, राम हरि हरि ।
रामै बोल्नु रामै लेख्नु, होइ जाउ जन्मभरी । २

बोगटान हरिया बन, क्या राम्रा छन् जीव ।
पुर्वतिर केदारकुञ्ज, निवास पर्छन्, शीव ।३
उत्तरमा मालिकाधुरा, दक्षिण ठुलीगाड ।
एक्लो भनी जनमान्या, कुले तम्रा साथ ।४

मेरा पूज्य दाणेमष्टा, मैसँग खुश रएई ।
अर्न्तपूज्य कुलदेवता, शुभदाइनु भएई । ५

लेक पूज्य भगवती, औलकी मसानी ।
मेरो कलम चलाइ दिए, हे दुर्गा भवानी । ६

बाह्र, बोगटान पूजा लाउना, मोहन्याल मन्दिर ।
खपरेको तह लाउने, एक हुन देव वीर ।७
कापडीका शिरबाट नानीगाड बगन्छ ।
देवको देवत्व पाई रोगदोष हटन्छ । ८
अलाडी मोहन्याल मन्दिर, बोग्टान केदार ।
दशमी तिनका तिथि, तीर्थालु हजार । ९

प्रभातका झुल्क्या घाम, डिठ पणी सकार ।
दाइनु भएई शिला लिङ्ग, अद्धछु पुकार । १०
चण्डेश्वरी, नव दुर्गा, सरस्वती माता ।
म पनि वर्दानै माग्दो, इच्छित फलदाता । ११

सिंहासनमा मोहन्याल गर्वाको दर्वार ।
दुधधारा बर्साउन्यालाई, मेरो नमस्कार । १२

वर्षामास बग्न्या भल, कापीमी लेख्तपाउँ ।
बोगटानको सचित्र फोटो, नेपाल देख्तपाउँ । १३

## भलाकुसारी

काँ बाट सवारी भयो, काँ बाट राज भयो ?
जुन बेलको भेट्भ्या जन, मैकन आज् भयो । १

तमी हौ टाणाका माइस, खाइहालेकी भात ?
सञ्चै छकि फुलकोपिला, सञ्चै छ कि गात । २

ल्वाङ किन्या मरिच किन्या, जिरो पसलै छ ?
गातगुशल हजूरको क्या छ, याँ त अशलै छ । ३

फागुन असिना पऱ्यो, शेरी खेत बाँजै छ ।
लाउनु खानु क्यै आछिन, परानी ताजै छ । ४

## परिचय

बोगटानका अग्ला डाँडा, पीपल होकी वर ।
नौला  मान्छे माया लाग्यो कहाँ तम्रो घर ?१

वासमतीका माडासित, जिरो पिनेइनकी ।
म तम्रा डोटीकै मान्छे, अझ चिनेइनकी । २

ठेगको हलानु होला, टुपाको जो होला ।
यतरा लस्कर माज, हरिमल को होला । ३

नेपाल जान्या काम, परेको सरकारी धन्छरे ।
हरिमल भनेको मै हुँ, क्या भन्या मन्छरे । ४

## दसौं अध्याय गीता

सुन सज्जन सबै सुन, भगवान्का वचन ।
भजौ भनी जन्मेका हौं, रामनामको भजन । १

देवतामा इन्द्र मै हुँ, वेदमा साम हुँ ।
शास्त्रधारी पुरुषमा, नरेश राम हुँ । २

पङ्क्षीमा गरुड मै हुँ, मुनिमा कपिल ।
आठ वशुमा अग्नि मै हुँ, वृक्षमा पिपल । ३

दैत्यमा प्रल्हाद मै हुँ, पर्वतमा हिमाल ।
मानिसको आत्मा मै हुँ, गन्ति गर्न्या काल । ४

ऋतुमा वसन्त मै हुँ, मार्गशिर मन्यमा ।
बृहद्साम गायनमा, गायत्री छन्दमा । ५

उच्चै सर्व घोडा मै हुँ, अनन्त नाग हुँ ।
नदीमा साग मै हुँ, पशुमा बाग हुँ । ६

ऐरावत हाति मै हुँ, वेदव्यासमा मुनी ।
मान्छेका माझमा मेरो, हुन्छ नर जुनी । ७

## रामायण

अयोध्यामा राज्य गर्ने, दशरथ मात्र थिया ।
दशरथकी तिन रानीका, चार छोरा भया । १

रामचन्द्रको बस्न्या गादी, भरतलाई सऱ्यो
बुबाज्यूका वचनले, बनजानु पऱ्यो । २

रामचन्द्रको जन्म भयो, कौशिल्लाका कोख ।
रामसीता अयोध्या लाग्या, लवकुश पऱ्या शोक । ३

लवकुश गुलेली खेल्ला, वाल्मीकीका कुटी ।
एकै दिनका दिनदशाले, जम्मै लैग्यो लुटी । ४

घुम्दाघुम्दै एकदिन रामको, चित्रकुट बास पऱ्यो ।
रावणले छल गरेर, सीताजीलाई हऱ्यो । ५

सीता रनिन् अशोक वन, राम रना जङ्गल ।
खबर लैजा हनुमान, कुशल मङ्गल । ६

रावणको सुनालो मृग, राचन्द्र शिकारी ।
वृन्द्रावन क्या घुम्दा हुन्, प्रितीका भीकारी । ७

हनुमान अयोध्या फर्क्यो, जम्मै लङ्कापोली ।
लङ्कामा असर पारी धन्न, रामका गोली । ८

क्वै तमी पुगेका छौकी, बैकुण्डका देश ।
देवी ठुली जगदम्बा, देउ ठुला महेश । ९

## नीतिका कुरा

खाना दिन्या महतारी हो, ज्ञान दिन्या पिताई हो ।
जो देखाउँछ सत्य बाटो, त्यो पनि गीताई हो । १

नजाउन् मर्धका वचन, प्राणै गए पनि ।
उर्वर भेइ धर्तीकामाटी, जहाँ रया पनि । २

कसैलाई नचाइन्या सुन, त्यो त फलामै हो ।
दान धर्म उपकार, यो पनि कामै हो । ३

कण्ठ शोभा शुशील बोल्नु, हस्त शोभा दान ।
चक्षु शोभा राम्रो दृश्य, कान्को शोभा ज्ञान । ४

कृष्ण पनि गोरु ग्वाला, राम पनि शिकारी ।
युधिष्ठिरको बनवास, सुदामा भिकारी । ५

त क्या कृष्ण गाई हेद्धाहुन, रचिएका लिला ।
सबैले सामना गर्नु, आई परेका बेला । ६

जीवन त सपना रैछ, सत्य रैछ ईश ।
ऐ धर्ती अमृतको घडा, एसै धर्ती विष । ७

आकाश पुक्किन्या हैन, धर्ती हेर धर्ती ।
जान्नाइ छौकि विसरीग्या, हेरी हाल फर्कि । ८

न त इष्ट न त मित्र, न आमा न बाबु ।
नपर्नु अर्काका भर सक्षम हुनु आफू । ९

जैठौर जूनको छाया, उसै ठौर रात ।
जुग उल्टा जमाना उल्टा, अचम्मकी वात । १०

बिहानी सूर्यका किरण, छेक्यो बादलले ।
अनुहार मधुरो भयो, आँखी काजलले । ११

नै जेठ घामका धूप, नै पुसका शीत ।
नै कैगै उपकार भयो, नै आफनो हीत । १२

कसैखी खानालाई गास नै, कसैका खान्या नै ।
कसैका हलबल्ल छैन कसैका बान्या नै । १३

जानी बुझ पचाउना हौ कि, जान्नाइन जान्ना हौ ।
यथार्थ देखाइ दिउ भन्या, भाउँत दुःख मान्ना छौ । १४

दोस ठुलो अर्काको लाग्दो, आफ्ना ठुला दुःख ।
म सुदै धरती खोज्दो, फल लागेको रुख । १५

कि कोपरा फोहर हुन्छ, कि कोपरा रितै ।
क्या राम्रो रिठाको दाना, पाक्या पनि तितै । १६

रुखो प्रीति धेरै लाउना, भाषाले बगाउना ।
व्यवहार सर्पका जसो, बालीले अगाउना । १७

क्या बनाया भगवान, हाँस्न्या खी रोइखानु ।
सत्रुसेवी हुनु भन्दा, बरुमरि जानु । १८

## स्थान परिचय (बोगटान)

बोगटानका हरिया वन, क्या राम्रा छन् जीव ।
पुर्वतिर केदारकुञ्ज निवास गर्छन् शीव ।१
उत्तरमा मालिका धुरा दक्षिण ठुलीगाड ।
जन्मनु अलाडी रैछ कति ठुलो भाग ।२
लेकबाट नानीगाड, दिन्छन् शुद्ध जल ।

यी चारै दिशाका बिच, बग्छन सलसल । ३

उत्तर पश्चिम खोलानाला, बग्छन् अनेक ।
यी सबैको संगमस्थल, नानीगाड एक । ४
बाह्र बोगटान पूजा लाउन्या, मोहन्याल मन्दिर ।
खपरेको तह लाउने, एक हुन् देव वीर ।५
कापडीका शिरबाट नानीगाड बग्दछ ।
देवको देवत्व पाई रोगदोष हटन्छ ।६

बारै मास बसन्तै छ, सधै हरियाली ।
धान गहुँ मकै भट्मास, याँका प्रमुख बाली । ७

बाँज खर्सु उत्तिस  अङ्यार, वनमा झुलेका छन् ।
चैत बैशाखका मैना, गुराँस फुलेका छन् । ८

माथि छ गाई चर्न्या जङ्गल, तल खेतीपाती ।
दुर्गामाता बसेकी छन्, बोगटानका शिर्माथि । ९

दसैँ बिसौँ तिहार ओल्क्या, याँका प्रमुख चाड ।
वरिपरि चारैतिर, ठुलठुला पहाड । १०

सम्पत छैन विम्पत छैन, भात रोटीको खानु ।
सबै ठाउँ खेतालो माटी, दानु रोप्या मानु । ११

केदारगाथ मोहन्याल, प्रमुख पूज्यदेव ।
सर्वमान्य दुर्गामाता, त्यसपछि अनेक । १२

गर्खाकी चद्दशी हुनी, अलाडीकी जाँत ।
दसै ठुली निऐली हुनी, दशमी रात । १३

कृषिकाम निङ्गाला उद्योग, रोजगारीको बाटो ।
आलुखेती राम्रो फल्ने, कालो खस्रो माटो । १४

हिउन हिउन सेतो हुन्छ, चर्क्या र सकार ।
हिउन गैजा वर्खा, आइजा मान्छेको पुकार । १५

शिक्षामा पछाडी पऱ्यो, अशिक्षित छन् धेरै ।
परम्परा रीतिरिवाज, प्रचलित छ अझै । १६

## देउडामा आशिर्वादक

जय होइजाउँ पाल होइजाउ, रौतेलो तप्पीजाउ ।
मनले सोचेका जसो, कर्ममा लेख्खी जाउ । १

बाँची रएइ पलाइ रएइ, ठुलो अरेइ मन ।
मरिग्यालै विसर्दैन, तेरा लाया गुन । २

धन होइजाउ सम्पत्ति होइजाउ बाटालाई घर होइजाउ ।
जत्तिको मायाजाल थियो, उत्तिको करहोइजाउ । ३

बढ्दै रेइ सिलङ्गा डाली, सबैलाई सेल्दीएई ।
सबैमाथि छाया राखेई, उदाउन्या बेल भएई । ४

खान लाउन पुरा होइजाउ, जन लागौ रिन ।
सम्पूर्ण सुखैमा वितुन, बाँचेजति दिन । ५

काठ्वान्डु जन्मनु होइजाउ, काँशीमा मर्होइजाउ ।
लाउनालाई कपडा होइजाउ, बस्नालाई घर होइजाउ । ६

सत्यको विजय होइजाउ, शान्ति होइजाउ देश ।
हिड्न्या बाटो मैदान भैजाउ, जन लागौ ठेस । ७

## देउडा गीतमा भजन

हरेराम हरेकृष्ण, कति राम्रो नाम छ ।
मानव भई जन्मेपछि, यही जप्ने काम छ । १

मूलमन्त्र रामजप, पार हुने बाटो ।
नरजीवन नवनाउ, पशुजसो लाटो । २

राम भन्ने मन्त्र जप, यही त हो बेला ।
ऐले राम नजपेमा पछि चिन्ता होला । ३

## देउडामा उपदेश

वर्ष छोटा वयसका, दिन छोटा पुसका ।
भारी बोकी पैसा खानु, नखानु घुसका । १

भोक नलाग्ने जिमी लग्गा, हक नलाग्ने धन ।
पछाडी पछुतो होला, नडुलाउनु मन । २

धनपैसा अङ्गको मैले, इज्जत नै हो ठुलो ।
एक आफ्नो वेइज्जत हुन्या, एक आँखाको फूलो । ३

राणामा बालकृष्ण सम, लङ्का विभिषण ।
दैत्यमा प्रल्हाद पनि, सत्यवादी छन् । ४

दिमाग इन्जन मन डलाइपर, यो शरीर कारै हो ।
यो जीवन हिडन्या बाटो, बिग्रिया गारै हो । ५

वरीखा ठाँकरो भएइ, हीउन भएइ सुरो ।
बूढापाका सोधी हालेइ, नबुझेको कुरो । ६

जुवातास जन अऱ्या, खतम होला धन ।
जुवाले राजहरण गरी, पाण्डव बस्या वन । ७

जे जे लेख्यो भाविनीले, निधारका बिच ।
खोजेर पाइन्या क्यै नै, तसै मान्नु चीच । ८

पुर्व जन्म नमागेको, पाइँदैन खोजेर
पैसा भया सूनचानी, पाइन्छ जोखेर ।

## देउडा गीतमा उखान

आगन बाङ्गो केलाइ भन्नु, नाच्न न जान्नेले ।
बाडुली लाएइन होब, सौंरणी मान्नेले । १

जै गोरुको सिङै छैन, उसैको नाम तिख्या ।
प्रधानका खैला वल्ल, वाच्छासँग विक्या । २

जैका चेला उइका मेला, उसैको घर्वार ।
कसाकसा काँव गया, मुसाग्या दर्वार । ३

विकाज कोद्या न दल्लु, काज मत्यु दल्लु ।
तेरीतिर मछु भन्या, ओल्लु हैकी पल्लु । ४

खुट्टा भया जुत्ता कति, भात भया काग कति ।
पेट पाल्नु मुस्किलै भैग्यो, तुभन्नै वासमती । ५

के भनी भितर पशु, कैखी बालु आगो ।
जाँ साई जान्छै त्या म लैजा, जाँ सुयो त्याँ धागो । ६

गीत पनि उसैका गाउनु, जैको खायो भात ।
लाउनु खानु त्यत्तिकै हो, सञ्चै छकि गात । ७

काट्न्या कैची छुरा आसी, सिउन्या एकै सियो ।
जुग हुन्की जमाना हुन्की, यसो क्याले भयो । ८

## छोरीको बिलौना (पढ्न नपाउँदाको)

न छोरीलाई अंश दिना, नछोरी पणाउना ।
हिउन छोरी घाँस कटाउना, वरीखा गोणाउना । १

स्कुल जान्या भाइविनाका, लत्ता धुन्या काम ।
जीन्दगी रुइरुइको खानु, कठै हरिराम । २

पर्सो हाल्नु घाँस काट्नु, धान कुट्नु पड्डो छ ।
वन जानु दौरा ल्याउनु यतिकाम अद्धुछ । ३

स्कूल जान्या भाइविनाका, कापीकलम झोला ।
मेरा हात आँसी जेउणो, घाँस काटने खोला । ४

आमा भन्छन घाँस काट, बाबा भन्छन् दाउरा ।
दाजु जस्तै स्कूल जान, मैले कैले पाउला । ५

भाइ भन्नोछ स्कूल जाउँ, बुबाले मान्नैन ।
अचानालाई पर्ने पीर, खुकुरी जान्नैन । ६

**माइती घरबाट विदा हुन लागेकी छोरीको विलौना**

वस माइत्या रमाइला डाडा, बस् माइत्या पुनेरा ।
असौजका रुणाभाणा, साउनका सुनेरा । ७

मेरा पाल्या गाई बाखरा, जनखाया सरु ।
जन्म थान छाणनु पऱ्यो, मानेर क्या गरु । ८

घाँस काटन्या रनवन, पानी खान्या धारा ।
छुट्टी बस्नु रोइकाट्नु, रैछु कर्म हारा । ९

वन पाला पलाइ जान्ना, वसन्तका बेला
छुट्टिग्याँ अर्खाकी भैग्याँ, अवभेट क्या होला । १०

सँगका संगिनी साथी, सेउला वन जान्नी ।
घाँस काटन्नी गीत हालन्नी फाँको वाणी खान्नी । ११

नेउला कोइला वासी जान्ना, घाँस काटन्या रोल ।
कान्छो भाइ बोलाउन लाया, मेरी इजु भोल । १२

बुवाका टल्कन्या घर, दिउँसै पणी रात ।
बस्या प्यारा भाइ, बहिनी बस्या संगीसात । १३

**पराइ घरमा दुःख भोग्नु पर्दाको छोरीको बिलौना**

एकै कोख जन्मनु हो, एकै दुधका धारा ।
छोरीलाई पराया घर छोरा मात्रै प्यारा । १४

भैसी चर्न्या रनवन, गाईले चरनु हो ।
कान्छो भाइ जन्मथात खान्छ मैले मरनु हो । १५

गाईको नाउ गजली आमा, भैसाको नाउ विजू ।
थालमी भात हाल्न्या बेला डागो लाया इजू । १६

मैखीलाई कोद्याको रोटो, अरुखिलाई माणा ।
दिनभरी कुरुनु पर्न्या, मृग धुम्न्या डाणा । १७

नन्दका झलना सुन्नु, सासू ज्यूको काम ।
नै पुस हिउँ भन्न पाइन्या, नै वैशाख घाम । १८

कै मर्धको रिन खायाँ हुँ, कैजुनी हाऱ्या हुँ ।
दुई वर्षका उमेरमी, म कसन मऱ्या हुँ । १९

माइत चेली सरस्वती, पोइल चेली दासी ।
जीन्दगी बिताउनु पर्न्या, नबोली नहाँसी । २०

कठै इजू मेरा लागि, क्या पस्या हौ वेती ।
घडीकी लागन्या सम्राई, वर्ष भैग्या यति । २१

चेलीले बुहारी हुनु, रैछ गोरु जुनी ।
इजूको परायो भयो, जीउको चेली पनि । २२

उइ चेली अर्काको दासी, अज खाना धन ।
हड्डीघाउ ठेस लाग्या जन, लाग्दा छन बचन । २३

खाउँ भन्या हड्डीको मासु, नखाउँ आहारा नै ।
जो धेक्किना सव् विराना, आफ्नो सहारा नै । २४

कैलाइ दिउँ मनका कुरा, कोछ याँ सुन्दीन्या ।
जाँ पनि उराठै लाग्दो, कसरी भूल्लिन्या । २५

## प्रकृति/ऋतु सम्बन्धी गीत

कालो लेक रमाइलो होला, काफल पागन्नारे ।
साइ पोइल नजान्या होल्ली, झल्का लागन्नारे । १

मैना राम्रो असौजको, धानको बालो निउरी ।
जा साई जान्छै त्याँ म लैजा, कम्मरमा सिउरी । २

खान्तग धमिलो नभेइ, निर्मल गङ्गा जल ।
जन्वगेइ पदमा फूल, वरिखाका भल । ३

बाटालाई मुसुरी काफल, चैत पागन्लाग्यो ।
झन माया मरला मान्ना, झनपो लागन्लाग्यो । ४

खोलाइना गुयला पाग्या, चरी खान्दिनैन ।
लागन्या खुर्सानी  जसो, माइत जान्दिनैन । ५

हिउँ पऱ्यो मालिका पात, कारिम पऱ्यो खोला
आउँछु कोल लाउँछु प्रिता, जसो भया होला । ६

पुसमाग ठण्डी कसी, चैतको धाम्कसो ।
माइतकि चम्मन कसी, पोइलको काम कसो । ७

असौज रमाइला हुन्ना, धान बोएका गणा ।
बाँचेपछि भेट भैजाला, बसेइ रानी चणा । ८

खाउँ भन्या खप्तडी विष, नखाउ अहारा नै ।
मरि जाउ त बाली बैस, बाँचु सहारा नै । ९

यति लामा समुन्दर, पानीको धारो नै ।
हेरु त वणपिपल देख्तो, बसु चौतारो नै । १०

पालुवा पलाउन लाग्या, काफल पनि पाग्या ।
देश छायो अशान्तिले, जन्ता मर्न लाग्या । ११

बस्यो मन बौलाउन लाग्यो, बसन्त ऋतुले ।
ठाउँ पाएन माइस पायो, गाँ खेत नीतुले । १२

लेक जानु काफल खानु, हाङा न भाँचनु ।
भीनाले दिएकी चिठ्ठी, शालीले बाँचनु । १३

अल्काधारा चिसो पानी, मुन्टो धुनी गौरी ।
मेरा भाणी फूलफूलला, जनरिटेइ मौरी । १४

रानीवन रमाइलो भैग्यो, पलाइ गया पाला ।
बाजपाल फलाँटीपाला, दाइको बल्ल खाला । १५

नेउला कोइला चराचुरी, वनम्मा वासन्ना ।
वरिपरी डाडाकाँडा, मुसुक्क हासन्ना । १६

नसीजा वरिखा पापी, लाग् लणेली हिउन ।
वरिपरि ओशै ओश, ओपानु काँई छैन । १८

जन वगेइ हजारी धुता, वरीखाका भल
धमिलो क्याखिलाई हुन्छै निर्मल गङ्गाजल ।

दिन्कादिन बगेका बगेइ, समुन्द्रका भेला ।
गङ्गाजी हपक दिनो, धन्न छणि खोला । २०

नामर्दलाई इज्जत छैन, अल्छिलाई काम छैन ।
जन आएइ पुसका मैना, मेरा गाउँ घाम छैन । २१

## लाहुरे र श्रीमतीको दोहोरी गीत

श्रीमान्- म आउँला फागुनका मैना, कानैमा सून हाली ।
नान्कातिन्का पलि राख्नु, सिस्नामा नुन हाली । १

श्रीमति- लाउनाखि कपडा छैन, खानाखि गास छैन ।
सुन भन्ना घोडामा आया, म तेरी आश छैन । २

श्रीमान्- कडयो नेपाल गयो, एकै वक्कलले ।
घरबारी कसरी होली, तसा अक्कलले । ३

श्रीमती- मनपापी फर्कन्या छैन, दिन फर्कन्ना बरु ।
पलैत्या भैसोली भया, क्याखानो हो सरु । ४

श्रीमान्- साउको रिन रैजान लाग्यो, जीन्दगानी भरी ।
म भन्या विदेश जान्छु, बसेइ मैना चरी । ५

श्रीमती- यी मेरा मनका कुरा, भनेर खोइ होला ।
व्या भया एक वर्ष भयो, न गया के होला । ६

श्रीमान्- दुःख नमान मैना चरी, फर्कि आउँला फेरी ।
साउको रिन काट्टिन्या होकी, तेरा मुख हेरी । ७

श्रीमती- जीन्दगी बिताउँला मान्या, बिच माया खणी ।
माया त पैसाको रैछ, मेरा भन्ना वणी । ८

श्रीमान्- यती भन्ना मान्निनकी, चाडै फर्कि आउँला ।
सात है छुट्टिन्याबेला, मुसुक्क हाँसी जा । ९

श्रीमती- हृदय डुलन लाग्यो, रोक्किनाइन आँशु ।
सम्झु त हृदय रुनो, म कसरी हाँसु । १०

श्रीमान्- जोतेका हलबल्ल छाणी, पाडाकी मै छाणी ।
मैले निकै मान्या हुँकी, तु जसी जोइ छाणी । ११

श्रीमती- म पनि सँगैमा लैजा, जाँ सुयो त्या धागो ।
कै भनी भीतर पसु, कैखी बालु आगो । १२

श्रीमान्- मेरै त कोदेश पो हुन्छ त, काँ लैजाउ सँगै ।
निश्चय क्यै पनि छैन, दिल्ली भद्रास बम्बै । १३

श्रीमती- साइमेरा भागका भया कर्म लेखिना हौं ।
तोल्यान जून पण्या जन किन दोख्खिाना हौ । १४

श्रीमान्- दिन भैग्या वर्षदिन जसा, मैना भैग्या जूनी ।
एकै सूर्य घाम ताप्त छौं, भेट कसन हुनी । १५

श्रीमती- बाजमाया घर्वारको, ममाया खेतीको ।
भेट हुनु इश्वरको मर्जि, समाचार यति हो । १६

श्रीमान्- दुखो हुन्थ्यो सुखो हुन्थ्यो, वस्ता छ्यौ खलामी
कन्नेइ जुठोलाई हाल्यो कि, मास खान्या गलामी । १७

श्रीमती- भाणिका हजारी फूल, कहाई लाग्यो दाग ।
पणीजा सूनका सिक्री, म दुःखीका भाग । १८

श्रीमान्- हात ल्याउँला दुधे चानी, कानको सून ल्याउँला ।
जन विर्सेइ मुटुका टुक्रा, फेर पहाडै आउँला । १९

श्रीमती- आँशुले विस्तरा रुज्यो, साइ सम्झी रुयाँ रे ।
मनमा लागेको मैले, जादैन धुयाँ रे । २०

श्रीमान्- जति म बाडुली लाउँला, उति रोएइ जन ।
मेरा लागि साँचि राख्नु, बैसको जोवन । २१

श्रीमती- उसो छकि अनुहार, उसाइ छन्कि दाँत ।
राम्रै छकि रोजीरोटी, सञ्चै छकि गात । २२

श्रीमान्- डिठ पण्या भेट भैगै, मान्नो मेरो गैलो बानी ।
साई अर्खाकी रात वर्षाकी, क्यारु माया मानी । २३

श्रीमती- मेरा स्वामी घर लाइदे, विदा दिहाल् सेट ।
कैले भगवान बाटो दिन्ना, कैल होली भेट । २४

श्रीमान्- विपना भेट हुन्या छैन, सुइना भेट अरुली ।
जोतेका हलबल्ल जन, एकिनाइ मरुली । २५

श्रीमती- बीउ तम्रै विनाटी तम्रै, वल्ल पनि तम्राई ।
साइ तामागिर मै गोल्देउलो, क्या मान्ना हौ सम्राई । २६

श्रीमान्- जसै फूल घुम्या पनि, फाग नछाणेइ मौरी ।
रिनले परानी सक्यो, माया लाग्दो वैरी । २७

श्रीमान्- अल्को डाडो निच्चो भैजा, वाजकलि धेक्किजा ।
ऐ मन पापीका जसो कर्ममी लेख्खिजा । २८

श्रीमती- घर आउन्या मन लागि जाउ, नौकरी छुट्टी जाउ ।
अल्को डाडा निच्चो होइजाऊ, वाजकली भेट्टि जाउ । २९

श्रीमान्- ऐ देश मेरा पो क्याछ्यो, तेरा निम्ति आयाँ ।
जति बोगटानाई पानी तिर्खा, उति मलाई माया । ३०

श्रीमती- कैल हो फूलबारी लाउनु, कैल हो पैरनु ।
ईश्वरले दिएका दुःख, सबैले सैरनु । ३१

श्रीमान्- जीवनभर पैरनु भएई, मनपरेका लुगा ।
धन् दिउँला परानी दिउँला, आत्म जन दुखा । ३२

श्रीमती- ऋन वैरी दुश्मन लाग्यो, घरवारी हुन्तग ।
साइको सिरान मेरो बाउली, भैजाउ मरन्तग । ३३

श्रीमान्- दिउस भेट नहुन्या भैग्यो, सुइना त दर्शन पाउँ ।
मौरी भेष वाजकलिका, काखमी वसन् पाउँ । ३४

## शिक्षाको महिमा

न हावाले उडाउन्या, न पानीले गल्न्या ।
न घामले सुकाउन्या, न आगाले वल्न्या । १

वाँचुन्जेल गहना हुन्या, मर्‍या साथै जान्या ।
आत्माको प्रकाश हुन्या, चरी टिपी खान्या । २

न त भाइको अंश लागन्या, नचोरले चोर्न्या ।
अमूल्य शिक्षाको ज्योति, सब्ले लिनु पर्न्या । ३

धन पैसा सूनचाँनी भन्दा, शिक्षा रैछ ठुलो ।
पढी लेखी ज्ञानी भई, सबको गरौं भलो । ४

महाकवि कालीदास, कति मुर्ख थिया ।
ठुलाहरू जो जाति छन्, विद्याले नै भया । ५

कोही भया प्रधानमन्त्री, क्वै  भया विद्वान ।
राखी राखौ हृदयामी, ऐ अमूल्य धन । ६

जति जति दिन सक्यो, उति उति बढ्न्या ।
नबोकेरे भारी हुन्या,  नदिएर  घट्न्या । ७

भण्डार कैलै भरिन्या नै, पोख्या रित्तिन्या नै ।
आदि मध्य अन्त्य यसको, जानी सक्किन्या नै । ८

क्वै भन्ना तेसरो आँखो, क्वै भन्ना शिक्षा हो ।
आत्मिय गहना भई, रैरन्या विद्या हो । ९

पेसा जात विशेषण सर्वनाम थर ।
यिनु बढी दीर्घै हुन्छन्, दीर्घ लेख्ने गर । १०

## महिनावली

वैशाख गौजौकी लवाई, जेठ काफल पाक्ता ।
अषाढ जीउलाकी रोपाई, हलि वाउस्या भाग्दा । १

वैशाख छरेका बीउँकी, साउन रिमीझिमी ।
भदौकी मैतोणा जान्या, शाली हौकी तिमी । २

असौज पहेला धान, कात्तिक कटाइ छ ।
मंसिर गौं, जौं की बुबाई, खन्नाकी पटाइछ । ३

पुसकी भोजाँत होली, माघकी संक्रान्ती ।
वसन्त पञ्चमी होली, फागुन शिवरात्री । ४

नेउला कोइला बासी जान्ना, चैत मैना वन ।
संसारै हरियो होला, उराठ् होला मन । ५

गुरुपुनी नागपञ्चमी, भदौकी गमरा ।
दुत्याकी फूलकी माला, दसैँका जमरा । ६

असौज पूर्णिका जून, धान काट्टाछन् गणा ।
नाची खेली दिन बिताउना,  वन बस्न्या चणा । ७

जन्माष्टमी कुशे औसी, जनै पूर्णि तीज ।
सिलगढी डोलजात्रा होली, गाइजात्राका बिच । ८

## भैंसी चराउँदाका गीत

दुधले काच्वनी रुजी, भैसी पसन्तग ।
को वैरी दुश्मन लाग्यो, माया वसन्तग । १

गोठालो सुतेको रैछ, दुध खायो थोराले ।
जीवन धान्नु मुस्किलैछ, अपुरा होराले । २

चरचर भैसी आमा, यो पनि लेकै हो ।
मैखी भयो जनमान्या, सबैखी एकै हो । ३

खन्या खन्नाई बान्या बानाई, गोठालाकी ऐस ।
देशको विच्छेउनु भैग्याँ, ढल्क वाली बैस । ४

दुधखानाकी रहणै हो, घाँस काट्नु झालै हो ।
पृतालाई पोएल जान्या, मुलाईको चालै हो । ५

बाँजा खर्क थाणा भैंसा, उसाइपणि रना ।
वस्तैन ऐरीका शेल, काणा झणीरना । ६

मेरा काट्या इमिलिका, ती चिरा तित्तिया ।
गोरु हेर्दा बाखा हेर्दा, यसाइदिन् वित्तिया । ७

कैको होला भैस्या घाणो, पाल्यावन थर्काउन्या ।
को होली बाबुकी चेली, गयो मन फर्काउन्या । ८

जा गोठाला घाँस काटील्या, वनभैंसी साणखी ।
घरखानुन मरिजानु, क्याभ्यो मु राणखी । ९

## एक्लै विलाप

अवदिन कसाब हुन्छन्, गया दिन त गया ।
जीवन धान्नु मुस्किलैछ, यसै हुन्या भया । १

कै भनी भीतर पशु, कैका मुख बोलु ।
हृदय लागेकी चोट, कैका सामु खोलु । २

न मैले निखलै खाया, न मैले दुध पाया ।
न त हास्याँ न त रोयाँ, एसाइ दिन भुत्कायाँ । ३

नभयो सूर्यको दर्शन, न त पऱ्यो पानी ।
कुइराले जेलेको रैछ, मेरो जीन्दगानी । ४

कि फूल पैरनु होइजा, कि फूल सुगिजा ।
ऐ मन पापीका जसो, कैले त पुगिजा । ५

जून सर्गै बेल पनि सर्गै, तारा पनि सर्गै ।
स्वर्गलोक पुगिग्याँ मान्या, अझ पनि नर्कै । ६

बतास लाग्या हुर्मत्तिनो, डाडामीको पैयुँ ।
कि दुखारी नेउल्या चरा, कि दुःखारी मै हुँ । ७

जेठाजु भैसीका खर्क, जेठानी छुइछन्की ।
कोइ दुःखी छन् कोइ सुखी छन्, भगवान दुई छन्की । ८

पुर्व पश्चिम दक्षिण भारत, उत्तर महाँचिन ।
कैले फर्कि आउने हुन्ना, नेपालीका दिन । ९

खाउ भन्या खौतडी विष, नखाउँ आहारा नै ।
मरिजाउँ त वालो बैस, बाँचु सहारा नै । १०

बोलु त पगला भन्ना, नबोलु त लाटो ।
सम्झु भन्या केइ आछिन, जीवन धान्या बाटो । ११

मल हालन्छु जल हालन्छु, बालो बीउँ गोड्डोछु ।
कोइ जुनी पाउँलाकी भनी, जो जुनी कुद्धोछु । १२

काल्व्या बल्ल पणीरनो, रत्या बल्ल चद्‌धो ।
कर्ममी कोदेको रोटो, मु सुदै खीर्खोद्वो । १३

मनपापी छयलै खेल्लो, जति पुग्या पनि ।
मेघलाग्या सङरी जाउँला, रुणा सुग्या पनि । १४

सञ्चैछौकी क्याकसा छौ, काल्या पुष्प जानु ।
मदनकी सौरणी लाग्या, पच्चिनैन खानु । १५

केइ वर्ष गाई भैसा हेऱ्या, केइ वर्ष वाज काट्या ।
केइ वर्ष नान्काको ग्वालो, लोकको लाज् काट्या । १६

दिइ खान्याको चेलो हुँ रे, मागी पो खान्छु की ।
बास भयो अर्खाका देश, भोकै पो रन्छु की ।

अर्कालाई चलाउन्या मान्छे, चौकीदार हुन्लाग्याँ
उतरा फौंजको मालिक, एकलै रन्लाग्या ।

## केटाकेटीको दोहोरी

केटा- लेक भरि कुइराले जेल्यो, भैसी काइनि ओलाउ ।
आजकली मुखैन बोल्ली, क्यावाक्यले बोलाउ । १

केटी- छुटेका पीरतीसँग, म कसरी बोलु ।
कै खोली उजालो होला, कै खोलीनु ओलु । २

केटा- कानराम्रा तोला सुन, हातराम्रा वाला ।
घाँटिनी टल्कन लागि, चौअन्निकी माला । ३

केटी- नपाइन्या इन्द्रेणी फूल, त्यो मन किन डुलाई ।
तेरी खाना कली युग, जीवन के मा भुलाई । ४

केटो- बचनछ कलेजी खान्या, बोली साह्रै मिठो ।
पागेका सुन्तली दाना, किन हुन्छै तितो । ५

केटी- मेरा मुख क्या छेद्दोछै, क्या छ साइका मन ।
अर्काकी सुन्तला भाणी, आँखो लायाजन । ६

केटा- न भनु भुक्भुकी आउनी, भनु चटपटी ।
देखन्छु सुन्तला दाना, हुन्छ छटपटी । ७

केटी- दुधका उमाल माथि, क्या घुम्दोहो माखो ।
नपाइन्या हजारी फूल, केलाई लाउनु आँखो । ८

केटा- जिन्दगी दुई दिनको चोला, आज होकी भोली ।
क्या अदि्धछौ मैनाचरी, ततीरुखो बोली । ९

केटी- न रायाको नदेखेको, न आफ्ना ठाउँको ।
म मुख कसरी बोलु, परायाका गाउँको । १०

केटा- जीन्दगी त्यत्तिकै, जालामाया पृता नभै ।
रुनु हास्नु दुःखो सुखो, हुने छैन सधैं । ११

केटी- तिमी जसा अल्लारेको, क्यै हुँदैन भर ।
आमाबुबा दाजु भाउजू, क्या भन्ने हुन तर । १२

केटा- सँगै बसी दिन बिताउली, यो जीन्दगी भरि ।
हालन्छु मायाको जाल, समा मैना चरी । १३

केटी- हासी खेली दिन बिताउँली, नला मायाजाल ।
जीवन धान्नु मुस्किलै छ, छिट्टै लैजा काल । १४

केटा- साई छुट्टेल्ली म छुट्टिउला, नछुट माया जाल ।
मन्धोको नहुनासम्म, न लैजानु काल । १५

केटी- साइमेरा भागका भया, कर्म लेख्खिना हौ ।
तोल्यान जून पण्या जसा, किन धेक्किना हौ । १६

केटा- प्रभातका सूर्य जसी, पूनीका जून जसी ।
प्रीतालाई जा रानी चरी, मेरा कोल बसी । १७

केटी- गोठाला पापीका भैसा, क्या चद्दा हुन तित्या ।
पक्का म कैगीन हुनो, खेली रहर बित्या । १८

केटा- हिडकली मेरा गाउँ बाइजाउ, डोइ खेलुली डेउणा ।
हुन्याभ्या कुनिकी होइजा, हुन्दीनै धौणा । १९

केटी- मुण्डाइनु पुराँस्या डोको, ताइनाई गौंका लाछा ।
साई आफू अर्काका गास, मु क्या लागु पाछा । २०

केटा- घाँस काटी कन्नेव लैग्यो, खोली गोगनको ।
रिनपाया ब्याज तिर्न्या थियाँ, तेरा जोवनको । २१

केटी- कोइ घर सम्झाउन्या छन् की, कोतीरला रिन ।
डिठ नपुग्न्या स्वर्ग्या लोक, मन घुम्दो हो किन । २२

केटा- ढुङ्गो पनि पसुज्जिन्छ, धन्न तेरा मन ।
बस्तछु कोखेली अब, मौरी बस्या जन । २३

## प्रेमीको विछोड

कै वनकी रङ्गी सुवा, कै वनवास भयो ।
आगाले हृदय जल्यो, परानी नास भयो । १

वाज वस्न्या अल्को डाडो, टोपी हाल्या जसो
भेट नभया यसी सम्राइ, मरिगया कसो । २

जङ्गल राम्रो गोला देउला, गङ्गा राम्री सेती ।
मेरो क्या मरनु आयो, क्या मान्नो हुँ यति । ३

रहणी राम हेर्न गया, काला कोट टाँकलाई ।
न बासेई खोलीका नेउला, मेरो मुटु साँकलाई । ४

रामराम भन्नु कन्ने लेख्यो, पिपलका पातमी ।
औली छाप जन लागौ, साइतम्रा गाथमी । ५

ब्या अरेको भन्नु मात्र, साइमेरा सँग नै ।
फुर्कावाटी म क्या अरु, रङाउन्या रङ्ग नै । ६

हातकी रुमाल छुट्टी, तल्ली ताल गैरी ।
बिचै माया छटाइदिन्या, को लाग्यो हो बैरी । ८

धान कुट्या चामल भया, चामल पिनी पिठो ।
क्या लाग्यो बाजको माया, चिनीभन्दा मिठो । ९

धारापानी सुगीगयो, पणपानी चुनैछ ।
तेरा निम्ति रात दिन, हृदय रुनैछ । १०

तल हेर्नु जीउलो होइजाउ, हपुर लेक होइजाउ ।
साइको मेरो घरबार होइजाउ, दुई जीउँको एक होइजाउ । ११

छुट्टिग्यो मायाजाल मेरो, भैग्याँ परायाकी ।
मेरो भाग्य एसै होकी, बाटो बिरायाँकी । १२

क्या बनायो डाणीबाज, ऐ मायाजालले
न भयो मनको जसो, न लैग्यो काललले । १३

सङ्सङ्गै हिडुली भन्या, बिचैबाटा छाणी ।
मैखिरे बान्निका बेल, प्रभातै रातपाणी । १४

## केही फुटकर गीत

कैका गोरु चराउनी छै, मेरा पाल्या वन ।
चौतारो भत्किया पनि, पिपल ढलौ जन । १

सुतेकी छोडेर आया, ब्युझ्रेपछि रोली ।
नहिड्नु डाडीका बाटा, डिठपड्डी छ खोली । २

नपढी जागिर खान्या, नहलो वान्या हुन् ।
घरकी सम्पत्ति सकी, भारत जान्या हुन् । ३

मन पापी छयलै खेल्लो, जति पुग्या पनि
मेघ लाग्या सडरी जाउँला, रुणा सुग्या पनि । ४

बूढा बुबा बूढी आमा, भदुभदै भाउजू ।
आफनो घरबारी सम्झी, घर आइजा दाजु । ५

जोई हुन्याका बौला दुःख, राणाकी बाहाण ।
जान्याले गणखेत जानु क्या, जानु चाहाण । ६

घाँस काट्न गएकी माइस, पानी खान् खोलिगै ।
आफू गै अर्कालाई लैगै पीरती डोली गै । ७

अनुहार विसरी जाउला, विसद्दैन दाँत ।
घर्वार छुट्या केइमानेइन, वयसकी खाँत । ८

बैकुण्ठ भेट होइजाउ हाम्रो, सत्य धरमले ।
भोट जाउँकी देश लागु, यसा करमले । ९

झरीग्यो गुलाफी फूल, खाली रैग्या काँणा ।
मैलेइ बनाएको मूर्ति मैखी, भयो टाणा । १०

हजुरको शिरको टोपी कन्ने सिलायो हो ।
मान्छे माज छुत अछुत कन्ने बनायो हो । ११

कसैका खानाखी क्यै नाई कसैका खान्या नै ।
कसैका हलवल्ल छैन, कसैका वान्या नै । १२

नामै पनि धर्म भक्त, कामै पनि भक्त ।
प्राणको आहुती दियो, देश गरायो मुक्त । १३

शुक्रराजको स्वर्ग भयो, शन्तानब्बे साल ।
वयरका रुख मनी, काँ बसी है काल । १४

सातसाल फागुनका मैना, प्रजातन्त्र आयो ।
नेपालका दाजुभाइले, शान्तिको सास पायो । १५

भन्ना छन् राष्ट्रका सेवी, खाना धेरै घुस ।
वि.पि. को अवकास भयो, सत्रसाल पुस । १६

कसैखी वासमती खानु, कसैखी कोद्या नै ।
कसैखी चौअन्नी माला, कसैखी पोत्या नै । १७

रुन्छ मन दर्कन्छ छाती, सम्झन्छु जैवेला ।
कित खानु ताल्या माणो, कि खानु दैकेला । १८

भैसाको गोठालो हुनु, दुधकि तर्खानु ।
विन्द्रा वनको चरी हुनु, पाकेको फल खानु । १९

म त हुँ दमाईकी चेली, तुइले मसं खेली ।
अन्याभ्या गौदान अरेइ, नत्र संसार जेली । २०

शिलगढीमा शैलेश्वरी, अहद्वाला छ साईल ।
खप्तड सहस्रलिङ्ग, घण्टेश्वर जोराइल । २१

सुनसुन दाजुभाइ, कुरा गौरबको
राज गयो इज्जत गयो, पाण्डव कौरबको । २२

चुल्ठीको झमेलो हाली, आइजा सुवावारी ।
बिचैनी समसुन्दर बग्दी, रैग्यौं वरिपरि । २३

बैकुण्ठ भेट गर्नु होला, सत्य धर्म राखी ।
तेरामेरा झगडाका, विष्णु हुन्ना साछी । २४

मैकन बिरानो क्या भै, मेरा फूल माणी ।
जनफूलेइ पुसका मैना, दिपावली छाणी । २५

भेट अब बैकुण्ठ होला, खबर पाया पुग्यो ।
मन पनि निझर्को भैग्यो, पानी पनि सुग्यो । २६

नाम पनि पृथ्वी पऱ्यो, पृथ्वी जमायो ।
बाईस चौबीस राज्य मिलाई, एक राज्य बनायो । २७

अनासी सालमा जन्म्या, एक्तीसमा मरिग्या ।
नेपाली आमाको मुहार, उज्यालो अरिग्या । २८

## केही दोहोरी गीतहरू

जुवाले राजविक्री गरी, पाण्डव बस्या वन्मा ।
बुढा छोडी आमा बाबु, केछ तेरा मनमा । १

जुवामा दिल बस्यो मेरो, खेल्छु घुँडा धसी ।
पाण्डवले राज्य पायो, बाह्र वर्षपछि । २

अर्काका नान्काको भूटो, आफना नान्कानै ।
दर्जा ठुलो मास्टरको, मन लाग्दो तन्खानै । ३

ऐल सालका असिनाले, शेरोल्यो फेरोल्यो ।
पाँच शयले केइन साद्यो, साठीले शेरोल्यो । ४

औल्यालको भैसी, खरक टिणले छुएको ।
बाली बैस डबरेउना, हृदय रुएको । ५

टिणले छोएको छाना, चुनारे चुएइन ।
जाँ गयाँ ग्यासको बत्ती, हृदय रुएइन । ६

फर्क भन्ना तु मान्निन, दाइकि भैसी प्यारु ।
जग्गा रुख्या मल हाल्नु, कर्म रुख्या क्याऊ । ७

खेत टिपी गाणले लैग्यो, कुलाइना रुनाछन् ।
कर्महारा दुःखरीलाई तसाइ, दुःख हुनाछन् । ८

उकालीका गुना बाँदर, ओराली मेलखाना ।
कसो मान्या लुहारदाइ, बम्बैका झेल्काना । ९

एकजना खर्दार पऱ्या, पहलमान स्वार पण्या ।
जिल्लामा तिनजना ठालु, म एउटा ल्वार पण्याँ । १०

डिटदाली भिटा दाली, माज गौं काजली ।
बयसको बौलो जोवन, कैखीलाई साचल्ली । ११

दिलीगडा फूली बल्ल, बैनालीका शेरा ।
मैले क्या विगणी गऱ्या, के गल्ती छन् मेरा । १२

घाँसकाटी कन्नेव लैग्यो, तेरी जीउँली खेत ।
धेरै अऱ्या गाल पाइएला, लामा गर्नु चेत । १३

जीउ लिया सम्धिनी लिया, लिया तम्री सासू ।
सौरा तम्रा भगवान, तमी खाना मासु । १४

तम्री जीउ सुतेकी हुन्नी, तम्रा ओछ्यानमी ।
कोहै साई बाडुली लाउन्या, बिना पछ्यानमी । १५

भात पाक्यो फिती फिती, तीउन उसै भीजी ।
आदो बेची गुजर अद्दा, धोतलका रीथि । १६

मनका कुरा मनै रैग्या, हिर्दय सन्च हो ।
सबैले स्वैनी लै बेच्यो, आदो त वन्ज हो । १७

गीतै गाल्लै भातै खाल्लै, हिट्मेरा थलारा ।
गाँजो काट्न्या गजारीका, तिनपुला तलारा । १८

कैकी हो फूलकी माला, खुट्टामुनि पिच्ची ।
तमी त थलारा गया, सिर्मा कोद्या विच्छी । १९

तमी हौं लेकका माइस, क्या औल घाम् मान्या ।
हामरी बुढी पोल्या जाँत, कत्तिकी राम् मान्या । २०

जीउनी बुढी पोल्ला छौकी, मरेकी पोल्ला छौ ।
जीउनी बुढी पोलेपछि, कैको घर डोल्ला छौ । २१

यो त हो देउतीको थान, छाउछैकी चोखी छै ।
अघि सोद्धा विसरीग्या, खाइ छैकी भोकी छै । २२

हेरमेरा चौकीका डाडा सबै बराबरी ।
ठेगकाट्या निङालीका टुप्पा झराझरी । २३

अँ मैले बिगरी हाल्या, ऐ चौकी आइवट ।
मु रे अब घर जान्छु, अश्द्वाला नाइवट । २४

## प्रश्नोत्तर

ओम वर्मा ओम विस्नु, ती कैका छोरा हुन ?
वर्माका कानका जनै ती क्याका डोरा हुन ?
ओम वर्मा ओम विस्नु, ओमैका छोरा हुन ।
वर्माका कानका जनै, धर्मका डोरा हुन । १

कैका चेला रामचन्द्र, कैकी चेली सीता ?
कति काण्ड रामायण, कति अध्या गीता ?
दशरथका रामचन्द्र, जनकपुत्री सीता ।
आठै काण्ड रामायण, अठार अध्या गीता । २

कैकी हो पिपल डाली, कैकी हो चौतारी ?
को हुन् शुशीला नारी, को हुन औतारी ?
विस्नुकी पिपल डाली, पञ्चकी चौतारी ।
सीताजी शुशीला नारी, रामचन्द्र औतारी । ३

भैसाकी गोठाली होइकी, गोरुकी ग्वाली है ?
घरवारीकी धनी होइकी, पीरती वाली है ?
भैसाकी गोठाली हैन, गोरुकी ग्वाली हुँ ।
घरवारीकी धनी हैन, पीरतीवाली हुँ । ४

पराइवेटी गाडी हैकी, सरकारी वस है ?
दाख हैकी दाणिम हैकी, सुन्तला रस है ?
पराइवेटी गाणी हैन, सरकारी वस हुँ ।
दाख हैन दाडीम हैन, सुन्तला रस हुँ । ५

हजारीको घुतो हैकी, कुयली ऐरी है ?
माया गर्ने मित्र हैकी, दुःख दिन्या वैरी है ?
हजारीखी हजारी हुँ, ऐरीखी ऐरी हुँ ।
मायालुखी मायालु हुँ, वैरिखी वैरी हुँ । ६

काटन्या हसिया हैकी, बाधन्या जाल है ?
जन्म दिन्या ईश्वर हैकी, मारन्या काल है ?
काटन्या हसीया हैन, वादन्या जालै हुँ ।
मनमिल्या छातीमी बाटो, नतर कालै हुँ । ७

## सामाजिक भेषभूषा

कान राम्रा तोला सुन, हातराम्रा वाला ।
टाटुमा टल्कन लागि, चौअन्नीकी माला । १

वैकान लाउना सुर्वाल भोट्या, सोइनी गावन चोला ।
वैशाखै धम्कन लागी, धन्न लाछ्या खोला । २

अचेल रे सट पाइन्ट लाउना, सुर्वाल भोट्या छाणी ।
चेली लाउनिन कुर्ता सुर्वाल, सोइनी लाउनिन साणी । ३

छडिखोला खनीखोला, डिट्पड्डी छ वसैं ।
कात्तिकका पञ्चमीमा, सुण्ड राम्री दसै । ४

मु रैग्या दुदेल्ली गडा, डिढ पड्डीछ गनै ।
पढ्दा पढ्दै जीवन गयो, मन डुल्लो छ बनै । ५

घाँस्या मेला झुण्या मेला, विरल मान्या वन
मनपापी जङ्गलै घुम्दो चणी घुम्या जन । ६

मुन्टा वाध्न्या सेता खाईटो, चौअन्नीकी माला ।
अचेल रे हराउन लाग्यो उई पुरानो चाला । ७

मन्को वैरी मायाजाल, धन्को वैरी रिन ।
उवो चोलो मखमल, उदाभोटो जीन । ८

शिर्मा राम्रो ढाका टोपी, पाउँमा राम्रो जुत्ता ।
मैकन फूलेको हैकी हजारीका घुता । ९

फूल राम्रो गुलाफी हुन्छ, काणा भएपनि
सम्राइ लाग्दी गाँखेतकी, टाणा रहेपनि । १०

छाउपडी अलगै राइनि, फूलाएका वाल ।
टाढाइ रनु टाढाइ खानु, टाढाइ चलन चाल । ११

## सुख कहाँ छ ?

सुख ! तिमी कै ठौर छौ, कै धरती खोजु ?
काँ आया भेटौ मैना, काँ को बाटो रोजु ?
आकाश क्षितिज छौकी, पाताल धर्ती छौ ?
आनन्द बसेकी छौकी, कुनै काम गर्दछौं ?
देख्दैमा घिनलाग्दी छौकी, विशुद्ध चोखी छौं ?
घुम्दै छौकी बसेकी छौं, खाइ छौकी भोकी छौं ?
धनले लुकेकी छौंकी, मनले मस्त छौं ?
धुरधुर रोएकी छौकी, मुसुक्क हास्ति छौं ?
दृश्य हौकी अदृश्य हो, भाव हौकी मूर्त हौं ?
मैले तम्लाई खोज्नु होकी, तममैलाई खोज्दछौं ?
सुख ! तिमी कै ठौर छौं, कै धरती खोजु ?
काँ आया भेटौली मैना, काँ को बाटो रोजु ?

# परिच्छेद : पाँच

# डोटी बोगटान क्षेत्रमा प्रचलित देउडा गीतको वर्गीकरण र विश्लेषण

## ५.१ डोटी बोगटान क्षेत्रमा प्रचलित देउडा गीतको परिचय

'देउडा' शब्द संस्कृतको देउ र दुरापबाट देउदुरा हुँदै द्यौडा देउडा भएको हो ।[१] देउडा भन्दा गायन र खेल दुबैलाई जनाउँछ । डोटेली लोक जीवनमा देउडाको महत्व सर्वाधिक रहेको छ । लोक साहित्यका अन्य विधामा सबभन्दा बढी प्रयोग हुने र धेरै जनसाधारण तथा जुनसुकै व्यक्तिका भावात्मक हृदयमा निवास गर्ने गायन खेल वा नृत्य देउडा गीत हो । देउडालाई केही व्यक्तिहरूले गायन र नृत्य भन्ने गरेका छन् तर गायन त हो नै नृत्य भन्ने प्रसङ्ग भन्दा यसलाई खेल भन्नु उपयुक्त देखिँन्छ । यस खेलमा नृत्यभैंँ अनेक किसिमको अभिनय नभएर एकै किसिमको पदचालन र जिउ हल्लाउने बाहेक अन्य नृत्यगत विशेषता देखिंदैन । विभिन्न मेलापातमा र जीवन संस्कारका समयमा प्रायः लोग्ने मानिस र महिलाको अलग अलग समूहमा हातमा हात मिलाई ठुलो घेरा बनाएर हल्लिँदै पादतल मिलाउँदै र स्वरमा स्वर मिलाउँदै गीत गाउँदै बायाँबाट दायाँतिर एकनासले एक कदम पूरा र एककदम आधा सार्दै अघि बढ्छन् । देउडा गीतलाई प्रयोगमा ल्याउन समूह नै हुनुपर्छ भन्ने कुनै वाध्यता छैन । यसको प्रस्तुती एक्लै पनि हुनसक्छ, दुबैले मात्र पनि गीत गाउन सक्छन् भने धेरैले पनि यसमा भाग लिन सक्छन् । यस्तो गीत जुनसुकै समयमा जहाँ पनि प्रयोग गर्न सकिन्छ । गीत गाउँदा कुनै थेगोको प्रयोग पनि गरिन्छ थेगो प्रयोगलाई स्थानीय भाषामा भाक्य वा भाका भनिन्छ । केही गीतहरू थेगो प्रयोग नगरेर पनि गाइन्छन्, यस्तो गीतलाई ठाडो भाका भनिन्छ । डोटेली देउडा गीत चाडपर्व, धार्मिक अनुष्ठान तथा जीवनसंस्कारका कार्यदेखि लिएर सामान्य कुराकानी गर्दा पनि प्रयोग गरिन्छ । यहाँको जनजीवनमा देउडा गीत भिजिसकेको छ । प्रत्येक वनजङ्गलमा देउडा गीत गुञ्जिन्छ र प्रत्येक खोलानालाले यसमा सङ्गीत भरेका छन् ।

"उत्कृष्ट साहित्य जहिले पनि सक्कली हुन्छ । सक्कली साहित्य जनताको मुटुको स्पन्दनबाट निस्केको हुन्छ ।"[२] यस्तै देउडा गीत पनि डोटेली जनताको मुटुको स्पन्दन नै हुन् । यी गीतहरूमा धेरै चिन्तन मनन गर्नुपर्ने आवश्यकता हुँदैन । मुटुमा एक किसिमको भाव उत्पन्न हुने बित्तिकै देउडा गीत आफै उत्पन्न भइहाल्छ । लोक जनमानसका स्वतःस्फूर्त

---

१. चालीसे, विजय, डोटेली लोक संस्कृति र साहित्य, २०३९ ।
२. स्व. श्री ५ विरेन्द्र बीरविक्रम शाहदेव ।

अभिव्यक्तिले लयात्मक रूप लिई डोटेली भाषामा प्रकट हुँदा देउडा गीत पुरा हुन्छ । यसमा लोक जीवनका आशा-निराशा, दुःख-सुख, आँसु-हाँसोका साथै  विधि व्यवहार, चाल-चलन, आस्था र  मान्यताको चित्रण  भएको हुन्छ । यसमा मानव हृदयका प्रेम, करुणा, हर्ष, पीडा अभिव्यक्त भएका हुन्छन् । यिनै मार्मिक अभिव्यक्तिहरू गीत गाउने र सुन्नेको आत्मालाई रसमय बनाउँछन् । यसको प्रभावले व्यक्ति आफ्ना दुःखसुख रोगभोगलाई समेत बिर्सन्छ र गीतकै लयात्मकता भित्र हराउँछ । देउडा गीतहरू समाजमा मौखिक परम्परामा हस्तान्तरित हुँदै आएका छन् तर  कुनै व्यक्तिले  यसको सिर्जना गर्दा आफ्नो ठानेर मौलिकता समेत थपेर अभिव्यक्त गर्ने गर्दछन् । लोकसाहित्य समाजको ऐना हो भनेझै देउडा पनि भेषभूषा, चाडपर्व, जीवनसंस्कार, बानी ब्यवहार, धार्मिक मान्यताका साथै प्रकृतिको मानवीय तस्बिर खिचिएको हुन्छ । यसबारे विस्तृत जानकारीका लागि विश्लेषण र वर्गीकरण गरेर हेर्नु जरुरी छ ।

## ५.२ डोटी बोगटान क्षेत्रमा प्रचलित देउडागीतको वर्गीकरण

डोटेली लोक साहित्यको फाँटमा देउडा गीत ज्यादै प्रचलित विधा हो । परापुर्वकाल देखि नै मौखिक परम्परामा एकअर्कामा हस्तान्तरित हुँदै आएको र गाउँगाउँ, घरघर र व्यक्तिव्यक्तिका हृदयमा देउडाले बास गर्दै आएकाले यसको भण्डार ज्यादै समृद्धशाली हुँदै आएको छ । तर पहिलाका सबै गीतहरू लिपिवद्ध नभएको कारण अहिले तिनीहरूलाई भेटाउन सकिँदैन । जसको कारण यसको वर्गीकरण र विभाजन ठ्याम्मै गर्न सकिदैन, यो समयको प्रवाहमा निरन्तर बगिरहने परिवर्तनशील र मुखमुखैमा रचित र वितरित एक स्वच्छ लयात्मक अभिव्यक्ति हो । हाम्रो मन मस्तिष्कसँग यसको यति सम्बन्ध छ कि साधारण बोलीचालीका कुराहरू गीतको भाकामा निस्कन थाल्छन् । यस्तो बृहत् आयाम भएको देउडा गीत सबैको अनुसन्धान हुन पनि असम्भव भएको अवस्थामा सिङ्गो देउडा गीतको वर्गीकरण गर्न खोज्नु आकाशका तारा गन्नु समान हुन जान्छ । धेरैजसो देउडाको अध्ययनमा कलम चलाउने व्यक्तिहरूले यसलाई विषयवस्तुका आधारमा मात्र वर्गीकरण गर्न खोजेका छन् ।

यस अनुसन्धानबाट प्राप्त भए अनुसार डोटी बोगटान क्षेत्रका देउडा गीतलाई निम्न आधारमा वर्गीकरण गर्न सकिन्छ-

१. विषयवस्तुका आधारमा

२. प्रस्तुतीकरणका आधरमा

३. रसका आधारमा

४. लय वा भाकाका आधारमा

### ५.२.१ विषयवस्तुका आधारमा

कुनै पनि कथ्यको विषयवस्तु रहन्छ । देउडा गीतमा गीतकारकले दिन खोजेको सन्देश वा भाव नै त्यसको विषयवस्तु हुन्छ । प्रत्येक स्रष्टाको जीवनजगतलाई हेर्ने एक विशिष्ट दृष्टि हुन्छ । विश्व ब्रम्हाण्डलाई नियाल्ने क्रममा उसको निजी नजरको प्रयोग भएको हुन्छ । यही स्रष्टाको दृष्टि नै त्यस कथनको विषयवस्तु भएर आउँछ । विषयवस्तुका आधारमा मायाप्रेम, सामाजिक चालचलन, धार्मिक परम्परा, ऐतिहासिक कथन, उपदेशात्मक देउडा गीतहरू रहेका छन् । यसको छोटकरीमा चर्चा तल गरिन्छ ।

छ.द्.ज्ञ.ज्ञ प्रेमप्रधान देउडा गीत

देउडा गीतको प्रमुख विषयवस्तु नै मायाप्रेम हो । मायाप्रेम खासगरी युवायुवतीको अगाध मायालाई नै प्रस्फुटित गर्ने खालको हुन्छ भने सामान्यतया स्थान प्रेम, पारिवारिक प्रेम आदि विषयमा मायाप्रेम प्रकट हुन्छ । प्रेम शारीरिक परिप्रेक्ष्यमा मात्र नभएर आत्मिक प्रेम हुनुपर्दछ भन्ने धारणा राख्दै प्रेमी प्रेमिकाहरू गीतमा यसरी व्यक्त गर्दछन्-

बोगटाने मैले विछोडिनु, कैले परौजन ।
परानी गैगया पनि, माया मरौजन ।

अनुहार विसरी जाउँला, विसर्दैन दाँत ।
कसरी छोडेर गई होइ, यति राम्रो सात ।

यसरी प्रस्तुत गीतका माध्यमबाट हाम्रो विछोड हुनु कहिल्यै नपरोस् प्राण गए पनि वा हामीहरू मरेर गए पनि माया नमरोस् अनुहार विर्सन सकिन्छ तर माया विर्सन सकिँदैन । तैपनि विधिको विडम्वना छुटिनु पर्‍यो भन्ने दुखेसो पनि यहाँ प्रस्तुत गरिएको छ । यस्तै एउटा अर्को गीतमा पनि आत्मीय प्रेमीलाई प्राप्त गरेको खण्डमा भोक पनि नलाग्ने र सच्चा प्रेमीको प्राप्ति नै सर्वोच्च हो भन्ने मान्यता यसरी प्रकट गरिएको छ-

अछामकी बुढी गङ्गा, दिपाइलकी सेती ।
साइ देख्या भौगैन लाग्दी, क्या चाइनि हो खेती ।

मन मिलेका पीरतीमा, जीउ गया लै जान्दे ।
कोख बसी बाजकलिका, गलामी माम् खान्दे ।

प्रेम केवल प्रेमीप्रेमिकाको मात्र नभएर कुनै स्थान विशेषको पनि हुने र वाध्यतावस ठाउँ छोड्नु परेपनि समयसमयमा याद आइरहने कुरा गीतमा यसरी व्यक्त गरिएको छ-

फूल राम्रो गुलाबी हुन्छ, काँडा भए पनि ।
सम्राइ लाग्दी गाँ खेतकी, टाडा रहेपनि ।

यस गीतमा आफू जहाँ रहे पनि आफ्नो जन्मस्थान (गाँ खेत)को मायाले नछोडेको कुरा बताएको छ । यस्तै एउटा प्रकृति प्रेम सम्बन्धी गीतमा वसन्त ऋतुमा पालुवा पलाएर हरियो होला र मनमा आनन्दको अनुभव होला भन्ने भावना प्रकट भएको हेरौं-

नेउला कोइला वासी जान्ना, चैत मैना वन ।
वनपखा हरियो होला, उराठ होला मन ।

यहाँ चैत्रको महिनामा पलुवा पलाउलान र वनपाखा हरियो होला र मनमा उमङ्ग आउला प्रेम जाग्ला भन्ने आशा दर्शाएको छ । यसरी मायाप्रेम देउडा गीतमा सजिलै व्यक्त हुने र यसैको आधारमा नै देउडा गीत प्रस्फुटित हुने गर्दछ ।

छ.द्.ज्ञ.द् सामाजिक देउद्दा गीत

समाजमारहेका विभिन्न परम्परागत मान्यता र संस्कृतिलाई झल्काउने भाव भएका गीतलाई सामाजिक जनजीवनमा आधारित गीत मान्न सकिन्छ । यस्ता गीतहरूमा त्यहाँको रहनसहन भेषभूषा, जातजाति, परम्परागत मान्यतालाई झल्काउने गीतहरू पर्दछन् ।

हाम्रो समाजमा दलितलाई होच्याउने चलन छ । दलितहरूले माथिल्लो मान्छेसँग छुन नहुने कुरालाई प्रस्ट्याउन खोजेको छ गीतमा हेरौं-

उइपनि भूलकी चेली, उइपनि चमान्नी ।
यतरा लस्कर माज, मै मात्र छु मान्नी ।

यस्तै पुरुषले महिलालाई होच्याउने चलन पनि छ । महिलाले रजोवति हुँदा उसले कसैलाई छुन नहुने, सार्वजनिक तथा धार्मिक स्थलमा जान नहुने भन्ने कुरालाई देउडा गीतमा यसरी भन्न खोजेको छ ।

अगि सोध्दा विसरीग्या, खाइहोइकि भोकी होई ।
यो त हो देउताको स्थान, छाउ हैकी चोखी होई ।

यहाँका वेशभूषा र गरगहनाको सम्बन्धमा पनि गीतमा वर्णन भएको पाइन्छ । जस्तै-

कान राम्रा तोला सुन, हात राम्रा बाला ।

टाटुमा टल्कन लागि, चौअन्नीको माला ।

मनको वैरी मायाजाल, धनको वैरी रिन ।
उँभो चोलो मखमल, उँधोभोटो जिन ।

शिरमा राम्रो ढाका टोपी, पाउमा राम्रो जुता ।
मैकन फुलेको हैकी, हजारीका घुता ।

विवाह गरेकी महिलाले कानमा सुनका गहना लगाउनुका साथै हातमा चाँदीका बाला लगाउछन् र गलामा पनि चाँदीका पैसाको माला लगाउने गरेको पाइन्छ भने अविवाहित केटीले भोटो  कम्मर भन्दा माथिकोलाई उँभोचोली र तलकोलाई भोटो (पुरैलाई पनि भोटो नै भन्छन्) लगाउने तर लोग्नेले शिरमा टोपी र पाउँ (खुट्टा)मा जुत्ता लगाउने मात्र यहाँ उल्लेख गरिएको छ । त्यस्तै यहाँका मान्छेको भाग्यवादी प्रवृत्ति पनि रहेको छ । जस्तै-

जे जे लेख्यो भाविनीले, ललाटका बिच ।
खोजेर पाइन्या क्यैनै, तसै मान्नु चीज ।

पुर्व जन्म नमागेको, पाइनैन खोजेर ।
पैसा भया सुन चाँदी, पाइन्छ जोखेर ।

बोगटान क्षेत्रमा हुने चाडपर्वको वर्णन पनि देउडा गीतमा भएको पाइन्छ । गर्खा भन्ने गाउँमा चतुर्दशीमा मनाइने, 'सिर्मा' मा जाँत बनाइने र बर्छैनमा नवमीका दिन ठुलो धुमधामका साथ दसै मनाइने गरेको वर्णन तलको देउडा गीतले यसरी गर्दछ-

गर्खाकी चद्दशी हुनी, अलाडीकी जाँत ।
निरौलीकी ठुली दसैं, दशमीका रात ।

यहाँको समाजमा धन खाने चलन पनि छ । यस्ता विसङ्गतिमाथि व्यङ्ग्य पनि देउडामा गरिएको हुन्छ । जस्तै-

तमरा मुख्याकी चेली, माल भन्नी मालै हो ।
मुख्याकी धनचरी भैगै, औरुखी कालै हो ।

यसरी समाजका प्रचलित विभिन्न चालचलनलाई उजागर गर्न देउडा गीत सफल भएको छ । लोकसाहित्य समाजको ऐना हो भन्ने उक्तिलाई देउडा गीतले सत्य सावित गराएको छ ।

छ.द्.ज्ञ.घ धर्मधान देउदा गीत

धार्मिक भावधारा लिई सल्ल बगेका देउडा गीतहरू समाजमा प्रशस्त मात्रामा रहेका पाइन्छन् । हाम्रो डोटी बोगटान क्षेत्रमा पनि धार्मिक कार्यमा विश्वास राख्ने प्रचलन धेरै छ । धार्मिक कार्यमा लाग्न वा धार्मिक उपदेश दिनको लागि पनि कहिलेकाही देउडा गीतमा भन्ने गरिन्छ । जस्तै-

हरे राम हरे कृष्ण, कति राम्रो नाम छ ।
ज्ञान हुने मानिसले, यही बोल्ने काम छ ।

बोलौं सबै राम बोलौ, यही त हो बेला ।
ऐले राम नजपेमा, पछि चिन्ता होला ।

हरि बोल राम बोल, पार तर्‍या बाटो ।
नर जीवन किन भयो, पशुजसो लाटो ।

राम नाम अति सुन्दर र बोल्नलाई सजिलो छ । ज्ञान भएका मानिसले यही जप्नुपर्छ, भगवानलाई जप्ने मौका पनि यही हो, अहिले रामलाई भुलेमा पछि चिन्ता होला नरकमा पर्नु पर्ला स्वर्ग जान पाइने छैन, मानव जीवन भएर पशुझैँ बनाउनु हुँदैन भन्ने धार्मिक सन्देश प्रस्तुत गीतहरूले दिन खोजेको छ ।

छ.द्.ज्ञ.४ ऐतिहासिक देउदा गीत

राष्ट्रोत्थानमा समर्पित राष्ट्रिय व्यक्तित्वको महिमामा आधारित अथवा इतिहाससँग सम्बन्धित घटना विषय र व्यक्तिलाई लिएर सङ्गीतवद्ध भएका देउडा गीतहरू ऐतिहासिक गीत हुन् । ऐतिहासिक तथ्यसँग यी गीतहरू पुरै नमिले पनि इतिहासको छनक भने रहेकै हुन्छ । ऐतिहासिक गीतहरू घटनापरक व्यक्तिपरक र किम्वदन्तीमूलक पनि हुन्छन् । जस्तै-

यहाँ राणाकालमा प्रजातन्त्रको स्थापनाको लागि प्राण आहुती गर्ने सहिदप्रति लेखिएका गीत हेरौं-

नामै पनि धर्मभक्त, कामै पनि भक्त ।
प्राणको आहुति दियो, देश गरायो मुक्त ।

शुक्रराजको स्वर्गै भयो, सन्तानब्बे साल ।

बयरका रुख मुनि, काँ बसी है काल ।

ऐतिहासिक घटना सम्बन्धी २००७ सालमा प्रजातन्त्र आएपछि नेपाली जनताले शान्तिको सास फेर्न पाएको धारण यसरी व्यक्त गरिएको छ-

सातसाल फागुनका मैना, प्रजातन्त्र आयो ।
नेपालका दाजुभाइले, शान्तिको सास पायो ।

भन्नाछन् राष्ट्रका सेवी, खाना धेरै घुस ।
मन्त्रीको आकास भयो, सत्रसाल पुस ।

छ.द्.ज्ञ.छ पौराणिक देउडा गीत

रामायण, महाभारत, कृष्णचरित्र जस्ता पौराणिक ग्रन्थबाट विषयवस्तु लिएर रचिएका गीतहरूलाई पौराणिक गीत भनिन्छ । उदाहरणको लागि रामायणको विषयवस्तुमा आधारित गीत यसप्रकार छन्-

अयोध्यामा राज्य गर्ने, दशरथ मात्र थिया ।
दशरथकी तिन रानीका, चार छोरा भया ।

रामचन्द्रको वस्त्या गद्दी, भरतलाई सऱ्यो ।
बुबाज्यूका वचनले, वन जानु पऱ्यो ।
हनुमान अयोध्या फर्क्यो, जम्मै लङ्का पोली ।
लङ्कामा असर पारी, धन्न रामका गोली ।

यहाँ अयोध्याका राजा दशरथकी तिन रानीबाट चार छोरा भए । जेठा छोरा रामचन्द्रले वन जानु पर्दा राज्यभार भरतमा गएको, वनमा सीतालाई रावणले चोरेर लङ्कामा लग्दा हनुमानले लङ्कामा आगो लगाएको र राम र रावणको युद्ध हुँदा लङ्का नै ध्वस्त पारेको कुरा माथिका देउडा गीतहरूमा संचरण भएको छ । यस्तै गीताको १० औं अध्यायमा भगवान कृष्णको मुखारविन्दुबाट मर्जि भएका दैविक वाणिलाई गीतमा यसरी उतारिएको छ-

देवतामा इन्द्र मैहुँ, वेदमा साम हुँ ।
शस्त्रधारी पुरुषमा, नरेश राम हुँ ।

पंक्षीमा गरुड मै हुँ, मुनिमा कपिल ।

आठवशुमा अग्नि मै हुँ, वृक्षमा पिपल ।

ऐरावत हात्ती मै हुँ, वेदव्यासमा मुनी ।

मान्छेका माजमा मेरो, हुन्छ नर जुनी ।

यहाँ कृष्णले सबै ठुलाठुला मध्येमा मनै हुँ, देवतामा इन्द्र हुँ, वेदमा सामवदे हुँ, शास्त्रमा उल्लेखित पुरुष मध्येको राम हुँ, पंक्षीमा गरुड हुँ, मुनिमा कपिल हुँ, जस्ता अभिव्यक्तिले भगवान सबैमा व्याप्त छ । ईश्वरबिना संसारमा केही पनि छैन भन्ने पौराणिक मान्यतालाई माथि उल्लेखित गीतहरूले प्रस्तुत गरेको छ ।

छ.द्द.ज्ञ.ट प्रगतिवादी देउडा गीत

समाजबाट वा ठुला व्यक्तिबाट पीडित व्यक्ति वा वर्गले आफूमाथि भएका अन्याय अत्याचारलाई उजागर गर्न व्यक्त भएका देउडा गीतलाई प्रगतिवादी गीतमा राखिएको छ । हाम्रो समाजमा, जातिपाती, ठुलो सानो, धनी गरिबहरूका बिचमा विभिन्न अन्याय र अत्याचारहरू रहेका हुन्छन् । गरिब र धनी बिचको अन्तर्संघर्ष प्रकट भएको एउटा गीत हेरौं-

कसैका खानखी क्यै नाई, कसैका खान्या नै ।

कसैका हलबल्ल छैन, कसैका वान्या नै ।

नेरु दिना भारु लिना, ब्याजको स्याज पनि ।

गाउँका साउ विदेश धाउना, रिन उठाउँना भनी ।

कसैले खानको लागि गास पाएका छैन भने कसैका खाइदिने पनि छैनन् भन्ने भाव पहिलो गीतको छ भने अर्को गीतले नेपाली रूपियाँ दिएर भारु तिर्नुपर्ने र केही समयसम्म पैसा दिन नसकेमा गाउँका साहुसमेत भारतैमा पुगेर पैसा ल्याउने कुरा यहाँ प्रष्ट पारेको छ । त्यस्तै दलित वर्गले पनि आफूले बनाएको सामान देवतामा चढ्ने वा देवता समानै हुने तर त्यसमा आफू पूजाआजा र दर्शन गर्न नपाइने दुखेसो गीतमा यसरी पोखेका छन् ।

झरिग्यो गुलाबी फूल, खाली रैग्या काँडा ।

मैले बनाएको मूर्ति, मैदेखि भै टाडा ।

हजुरका शिरको टोपी, कन्ने सिलायो हो ।

मान्छे माझ छुत अछुत, कन्ने बनायो हो ।

यहाँ देवताको मूर्ति आफूले बनाएको तर त्यसको दर्शन गर्न नपाइने र हामीले सिलाएको टोपी शिरमा चढ्ने तर हामी छुत भई अलग रहनु पर्ने सामाजिक परम्पराप्रति व्यङ्ग्य गर्न खोजेको छ ।

छ.द्द.ज्ञ.ठ ऋतुसम्बन्धी गीत

प्रकृति, मौसम र दिन, महिना वर्षको वर्णन गर्ने गीतलाई ऋतु सम्बन्धी गीतमा राख्न सकिन्छ । यस्ता गीतहरूमा वनजङ्गल कुनै स्थान, समय, मौसम आदिको वर्णन भएको हुन्छ । जस्तै- बैशाखमा बाली भित्र्याउने र जेठमा काफल पाग्ने हुँदा रमाइलो महशुस हुने कुरालाई गीतमा भनिएको पङ्क्ति केही यस्ता छन्-

वैशाख गौ जौंकी लवाइ, जेठ काफल पाग्ता ।
आषाढ जिउलाकी रोपाइँ, हली वाउस्या भाग्दा ।

यहाँ उल्लेख भएका वैशाख, ज्येष्ठ, आषाढ महिना समय हुन् भने काफल पाक्ने प्राकृतिक देन हो र रोपाइँ समय अनुसार हुने काम हो, यी सबैको सङ्गठनात्मक स्वरूप ऋतु वर्णन हो । प्राकृतिक रमणीयताको मायाले ओतप्रोत भएको एउटा देउडा गीत यस्तो छ-

जङ्गल राम्रो गोला देउला, गङ्गा राम्री सेती ।
तै पापी बोगटानको माया, क्या लाग्दो हो यती ।

प्रकृतिको निःशुल्क उपहार गोलादेउला र सेती अञ्चलकै सबभन्दा ठुलो नदी सेती प्राकृतिक सौन्दर्यले भरिपूर्ण रहेको कुरा गीतमा स्पष्ट बुझिन्छ ।

लेक राम्रा बाज गुराँस, औल राम्रा साज ।
खप्तड राइसल्लो पाइनो, गोलादेउला बाज ।

कोइली चरी कुहुकुहु, बासेका छन् वन ।
गुइला सेल चिसो पानी, क्या रमाइलो मन ।

कालो लेक रमाइलो होला, काफल पाग्न्नारे ।
साइ पोइल नजान्या होल्ली, झल्का लागन्नारे ।

जाँ साइ जान्छै ताँ मु लैजा, कम्मरमा सिउडी ।
मैना राम्रो असौजको धानको, बालो निउरी ।

प्राकृतिले वनजङ्गललाई हराभरा बनाएझैँ यी गीतहरूले प्रकृतिका रमणीयता र अद्वितीय शक्तिलाई बडो मार्मिक र सरल भाषाशैलीमा वर्णन गरिएको छ ।

छ.द्.ञ.घ उपदेशात्मक देउडा गीत

केही देउडा गीतहरू अर्ती उपदेश दिनको लागि मुखरित भएका हुन्छन् । राष्ट्रसेवीहरूलाई घुस नखानु बरु कडा परिश्रम गर्नु भन्ने उपदेश भएको गीत तल छ ।

वर्ष छोटा बयसका, दिन छोटा पुसका ।

भारी बोकी पैसा खानु, नखानु घुसका ।

हक नलाग्ने जिमी जग्गा, भोक, नलाग्न्या धन ।

पछाडि पछुतो होला, नडुलाउनु मन् ।

धन् पैसा अङ्गको मैल, इज्जत नै हो ठुलो ।

एक आफ्नो बेइज्जत हुन्या, एक आँखाको फुलो ।

यी गीतहरूमा आफ्नो अधिकार नभएको कुनै पनि वस्तुमा मन नलाउनु पछि गएर पछुताउनु पर्ला धन पैसा भनेको केही होइन मान्छेको इज्जत नै ठुलो हो, अरुले पनि नराम्रो दृष्टिले हेर्छन्  पराया धनमा आखो नलगाउनु भनेर उपदेशात्मक अभिव्यक्ति दिएको छ ।

यसरी विभिन्न अवधारणामा छताछुल्ल रूपमा बगिरहने देउडा गीतहरूले मनोरञ्जन दिनु यसको मूल वैशिष्ट्य हो भने प्रेमिप्रेमिका होस् श्रीमान् श्रीमती होस् जसको पनि आन्तरिक प्रेमलाई मार्मिक रूपमा प्रस्तुत गर्ने, समाजको यथार्थ चित्रण गरी अन्याय र अत्याचारको विरोध गीतिमय ढङ्गमा गर्ने र धार्मिक ऐतिहासिक, पौराणिक र उपदेशात्मक सन्देशहरू दिने देउडा गीतको महत्व दिनानुदिन बढ्दै जानुपर्ने देखिन्छ ।

### ५.२.२ प्रस्तुतीकरणका आधारमा

प्रस्तुतीकरण भनेको देउडाको प्रायोगिक पक्ष हो देउडा प्रस्तुत हुने शैली वा प्रयोग हुने तरिका नै यसको प्रस्तुतीकरणको माध्यम हो । प्रस्तुतीकरणको आधारमा देउडालाई निम्न उपशिर्षकमा विभाजन गर्न सकिन्छ ।

5=2=2=1  Psn  uLt

एकोहोरो रूपमा गाइने गीतलाई एकल गीत भनिन्छ । यस्ता एकल गीतमा धेरैजसो दुःख सुखका र अर्ति उपदेशका विषयवस्तुहरू प्रस्फुटित हुने गर्दछन् । एकल गीत प्रायः ठाडी भाकामा गाइने गीत हो । यसमा दोहोरो प्रसङ्ग हुँदैन, एकहोरो रूपमा गीत अगाडि बढेको हुन्छ । यस्तो गीतमा सहभागी हुने व्यक्ति भने एक वा एकभन्दा बढी पनि हुन सक्छन् । जस्तै-

खाऊँ भन्या खप्तडी विष, नखाउँ आहारा नै ।

मरि जाऊँ त बालोबैस, बाँचु सहारा नै ।

बोलूँ त पागला भन्ना, नबोलु त लाटो ।

सम्झूँ भन्या क्यै आछिन, दिल भुलाउन्या बाटो ।

यी गीतहरू एकोहोरो रूपमा आफैँले आफैँमाथि परेको दुःखलाई प्रकट गरेका छन् । यहाँ अरू कसैलाई आग्रह तथा पूर्वाग्रह गरेको छैन । खाउँ भने असजिलो वा नराम्रो चिज, नखाऊँ त अरु आहार छैन, मरिजाऊँ भने यौवन अवस्था छ, बाँच्न पनि सहारा छैन, भन्ने एकल अभिव्यक्तिले मानिसलाई जन्मेपछि जहाँ पनि दुःख नै छ, जे गरे पनि सुख छैन भन्ने सन्देश उक्त माथिल्लो गीतले दिएको छ ।

छ.द्द.द्द.द्द दोहोरी

दुई वा दुईभन्दा बढी व्यक्तिहरू दुई समूहमा विभक्त भई गाउने गीतलाई दोहोरी देउडा गीत भनिन्छ । यस्तो गीतमा खेलभन्दा गायन नै बढी हुन्छ । दुई व्यक्तिका विभिन्न सवाल जवाफ, प्रश्नोत्तर, संवाद, वादविवाद मायाप्रेम यस्तो गीतमा आउन सक्छन् । विदेशिएको श्रीमान् र घरमा उसकै बाटो हेरेर बसेकी श्रीमतीका मायाप्रेममा हुने दोहोरी यस्तो छ-

श्रीमती- हौसले हजारी लायाँ, नपैरी खणीग्या ।

ती तेरा बम्बैका पैसा, म भन्ना वणिग्या ।

श्रीमान्- मुटुका चार चिरा हुन्छन्, सम्झि लिँदा खेरी ।

साउको रिन काट्टिन्या होकी, तेरा मुख हेरी ।

उपर्युक्त गीतमा श्रीमतीले विदेशमा पैसा कमाउन गएको आफ्नो श्रीमान्लाई म भन्दा पैसामा माया रहेछ मप्रति त्यति गहिरो माया रहने छ भनेर आफ्नो श्रीमानलाई हजारीको उपमा दिँदै आफूले रोपेको हजारीलाई प्रयोग गर्न नपाएकोमा दुःखी माया प्रकट गरेकी छन् भने श्रीमान्ले आफू कुनै रहरले नभएर वाध्यतावस साउको रिनतिर्नलाई विदेशीएको तर सम्झदाखेरी मेरो पनि आत्ममा ठुलो चोट परेको छ भन्ने विप्रलम्भ शृङ्गारयुक्त अभिव्यक्ति प्रकट गरेको छ । यस्तै अन्य केही गीतिमय संवाद हेरौँ-

केटा- लेकभरी कुइराले जेल्यो, भैँसी काइनी ओलाउँ ।

आजकली मुखैन बोल्ली, क्या वाक्यले बोलाउँ ।

केटी- तेरी खाना कली युग, मान्छे केमा भुलाई ।

नपाइन्या इन्द्रेणी फुल, त्यो मन किन डुलाई ।

केटा- बोली छ कलेजी खान्या, सवद् साह्रै मिठो ।

पाकेका सुन्तली दाना, क्यान हुन्छै तितो ।

केटी- दुधका उमाल माथि, क्या घुम्दो हो माखो ।

अर्काकी सुन्तला भाणी केलाई लाउनु आँखो ।

छ.द्द.द्द.घ सामूहिक गीत

धेरै व्यक्तिहरू एकआपसमा मिलेर दुई समूहमा विभक्त भई खेलिने देउडा गीतलाई सामूहिक खेल तथा नृत्य भनिन्छ । धेरै व्यक्तिहरू गोलवद्ध भई उभिएर सामूहिक रूपमा पालोपालो गरी गीत गाउने र पादतल मिलाई बाँयाबाट दायाँतिर घुम्ने गरिन्छ । यस्तो देउडामा गायन र नृत्य दुबै हुन्छ । गीत भन्ने टोलीनेता एक समूहमा एकजना हुन्छ र पहिला टोली नेताले ठुलो स्वरमा गीतलाई भट्याउँछ र त्यसपछि उसको समूह भित्रका सबैले स्वरमा स्वरमिलाई गीत गाउन थाल्छन् । दुई समूहमा विभक्त हुने भएकाले यसमा संवाद, वादविवाद प्रश्नोत्तर आदि गरेर एकअर्कालाई परास्त पार्ने भावना रहेको हुन्छ । डोटी क्षेत्रमा दसैंमा गाइने गीत, विभिन्न मेलामा गाइने गीत, विभिन्न सांस्कारिक कार्यमा गाइने गीत सामूहिक गीत अन्तर्गत नै पर्दछन् । यस्ता गीतहरू केकस्ता छन् त हेरेर बुझौं-

गीतै गाल्लै भातै खाल्लै, हिट् मेरा थलारा ।

गाँजो काट्न्या गजारीका, तिन पुला तलारा ।

कैकी हो फूलकी माला, गोडा मुनि पिच्चि ।

तमी त थलारा गया, सिर्मा कोद्या विच्छि ।

यस गीतमा प्रथम वक्ता बोगटानको मान्छे हुन् तर उनी थलारामा बसाइ सरेर गएको र आफ्नो सहकर्मीलाई पनि उतै जान आग्रह गर्दा साथीले तिमी त भात नपाएर वा कोदो खान नसकेर गयौं मलाई त यहाँ खानलाई छदैछ म किन जान्छु । अर्काको ठाउँमा भनेर प्रतिउत्तर गरेको छ । यस्तै एकजना गाउँका सानो प्राथमिक विद्यालयका शिक्षक र भारतका लाहुरे बिचको गीतिमय संवाद यस्तो छ-

लाहुरे- अर्काका नान्काको भूटो, आफ्ना नान्का नै ।

दर्जा ठुलो मास्टरको, मन लाग्दो तन्खा नै ।

शिक्षक- ऐले सालका असिनाले, सेरो ल्यो फेरोल्यो ।

पाँचसयले केइन भयो, साठीले शेरोल्यो ।

प्रस्तुत दुईवटा संवादात्मक गीतिमय पङ्क्तिहरूमा नेपालको शैक्षिक स्थितिका साथै यहाँको समाजका बहुसङ्ख्यक व्यक्तिहरू गाउँमा मेहनेत गर्नु भन्दा पनि भारततिर लाग्ने र त्यहाँ राम्रो कमाई भएपनि कमाएको पैसा त्यतैतिर सिध्याएर फर्कने एउटा संस्कारकै रूपमा समाजमा चलेको कुरालाई झल्काएको छ । लाहुरेले शिक्षकलाई होच्याएर आफ्ना छोराछोरी नभएर पनि अर्काका छोराछोरीको स्याहारसुसार गर्नुपर्ने तर तलब भने धेरै कम भएको भन्छ भने शिक्षकले हैन बढी पैसा (रु. ५००) त तिमीले कमाएका छौ तर घरमा पुग्दैन । हामीले थोरै (रु. ६०) ले पनि राम्रोसँग घरबार चलाएका छौँ भन्ने राष्ट्रिय भावना पनि यहाँ मुखरित भएको छ ।

यी तिन प्रकारका गीतहरूमा एकल गीत नृत्यरहित आफ्नै जीवनमा घटेका घटना र दुःखसुखको अभिव्यक्तिको रूपमा बढीजसो प्रयोग हुने गीत हो भने दोहोरी गीत चाहीँ संवादात्मक नृत्यरहित वा नृत्यसहित पनि हुन सक्ने र सामूहिक गीत भने नृत्यसहितको संवाद, वादविवाद, भलाकुसारी, चिनापरिचय आदि दोहोरो किसिमले समूहमा स्वर मिलाएर गाइने गीत हो । देउडा गीत एकल, दोहोरी र सामूहिक गरी तिन किसिमका हुन्छन् । महिलाहरूले मात्र खेल्ने खेललाई महिलाको खेल भनिन्छ । यस्तो खेलमा गीतेरु दुबैतिर महिला नै हुन्छन् । पुरुषलाई उक्त खेलमा प्रवेश गर्न दिंदैनन् । जाग्रम, तीज, गौरा र माघेसंक्रान्तिमा प्राय : महिलाको मात्र खेल हुन्छ । महिला पुरुषको खेलमा एक समूहमा पुरुष र अर्को समूहमा महिला हुन्छन् । गीतेरु एकातिर पुरुष र एकातिर महिला हुन्छन् । यो केटाकेटीको खेल हो । प्रायः लुकेर राति खेलिने यो खेल हाल आएर सार्वजनिक समारोहमा पनि खेलिने गरिन्छ । यस्तो खेल खप्तडमा दशहाराको मेलामा यत्रतत्र देख्न पाइन्छ । पुरुषपुरुषको खेलमा पनि दुईटै समूहमा पुरुष नै हुन्छन् । यो खेल बुढापाका तरुना सबैले खेल्छन् । यस्तो खेलमा गीतेरु पनि पुरुषनै हुन्छन् र यस्तो खेल प्राय : दसैंमा, जाँतमा र भुवामा बढी खेलिन्छ ।

### ५.२.३ रसका आधारमा

कुनै पनि साहित्यको अध्ययन वा श्रवणपछि मानिसका मनमा उत्पन्न हुने भावना नै त्यसको रस हो । सामान्यतः रसका नौं प्रकारहरू मानिएका छन् । देउडा गीतमा पनि यी नौंवटै रसहरू रहेका छन् । यिनको छोटो चर्चा र उदाहरण तल प्रस्तुत गरिएको छ-

छ.द्द.घ.ज्ञ शृङ्गारिक रसका गीत

रति र प्रेम स्थायी भाव हुने रसलाई शृङ्गाररस भनिन्छ । प्रेमिप्रेमिकाहरूले आफ्नो आत्मिय प्रेमलाई विषयवस्तु बनाई लेखिएका वा गाइएका देउडा गीतलाई शृङ्गारिक गीत अन्तर्गत राख्न सकिन्छ । शृङ्गार रस पनि दुई प्रकारको हुन्छ- १) विप्रलम्भ शृङ्गार २) सम्भोग शृङ्गार । यी दुबैको उदाहरण तल हेरौं-

विप्रलम्भ शृङ्गार- रुन्छौकी सम्झेका बेला, सम्झन्छौकी कैलै ।
सम्राइ लागी मरिरैछु, घर आइजाउ ऐलै ।

ब्या अरेको भन्नु मात्रै, साइमेरा सँग नै ।
फुर्कावाटी म क्या गरु, रङाउन्या रङ्ग नै ।

अल्काधारा चिसो पानी, मुण्टो धुनी गौरी ।
मेरा भाणी फूल फूलला, जनरिटेइ मौरी ।

सम्भोग शृङ्गार- मन मिलेका पीरतीमा, ज्यू गयालै जान्दे ।
कोख बसी बाजकलीका, गलामी माम खान्दे ।
बोली छ चिनेका जसो, आउ ओर बसी जा ।
म तेरी सम्राइले आयाँ, मुसुक्क हाँसी जा ।

माथि उल्लेखित गीतहरूलाई हेर्दा विप्रलम्भ शृङ्गारमा विछोडिएका प्रेमी प्रेमिकाहरूको विछोडका दुःख व्यक्त गर्दै, छुटेका प्रेमीलाई चाडै भेट गर्न आग्रह गरेकी छिन् । प्रेमीले मेरो फूलभाणी (प्रेमिका) माथि कसैले आसक्त हुन नहुने र चाँडै भेट गर्ने आशा देखाएको छ । शम्भोग शृङ्गारमा प्रेमीप्रेमिका सामान्य उपस्थित छन् र चाडै मायाप्रेम गास्ने प्रस्ताव राखेका छन् ।

छ.द्.घ.द् वीर रसका गीत

कुनै पनि कार्य गर्नमा उत्साह देखाउने रसलाई वीररस मानिन्छ । बल र शक्वितकारण वीररस उत्पन्न हुन्छ । देउडा गीतमा पनि यस्ता उत्साहपूर्ण गीत रहेका छन् ।

जस्तै-

आउँछु  कोल लाउछु प्रीति, जसो हुन्छ होला ।
लायो प्रीता छोड्ने छैन, गया ज्यानै जाला ।

कैको हो घडाको पानी, सारी खाइ हाल्लछु ।
मुरे अब रै सक्तैन डागो, लाइ हाल्लछु ।

यहाँ विभिन्न अवरोधका वावजुद पनि प्रीता लगाउन साहस गर्ने उत्साह र अर्काकै भएपनि आफ्नो मायालुलाई बोलाउने साहस देखाएको छ । त्यसैले यहाँ वीररस देखा परेको छ ।

छ.द्द.घ.घ करू०ा रसका गीत

आफन्तजनहरूको विछोडमा शोक स्थायी भाव भएको रसलाई करुण रस भनिन्छ । देउडा गीतमा पनि आफन्तजनको विछोड भएपछि मोह स्मृति चिन्ता प्रकट गरिन्छ । जस्तै-

आफू गै अर्कालाई लैगै, पीरती डोली गै ।
घाँस काट्न गएकी माइस, पानीखी खोली गै ।

अनुहार विसरी जाउँला, विसद्दैन दाँत ।
घरबार छुट्या केइमानेइन, वयसकी खाँत ।

यस गीतमा कुनै आफन्तजनले आफू सहित अर्को व्यक्ति समेतलाई लगेर विछोडिएको तर आफू विर्सन नसक्ने स्मृति रहेको छ ।

छ.द्द.घ.४ अद्भुत रसका गीत

विस्मय स्थायीभाव हुने रसलाई अद्भुत रस भनिन्छ । यसमा अनौठो वस्तु ठाउँ आदि आलम्वन विमाव, विस्मय, आश्चर्य विचित्रता आदि उद्दीपन विभाव आँखा ठुला हुनु, ट्वाल्ल पर्नु, पसिना आउनु, अक्क न बक्क हुनु अनुभाव तथा आवेग तर्क दैन्य जडता चञ्चलता उत्सुकता हर्ष भ्रान्ति आदि व्यभिचारीभाव हुन् । जस्तै-

बाघ आयो जङ्गलबाट बाखरो खानालाई ।
मैखी रे मुस्किलै पऱ्यो, अब भेट् हुनलाई ।
नेपाल नजान्या छोरो, गर्भकी भीतरी ।
वन्दुक्या शिकारी आयो, उडिजा तितरी ।

यहाँ बाघ आयो जङ्गलबाट र बन्दुक्या सिकारी आयो जस्ता पदावलीले विस्मय उत्पन्न गरेको छ भने अन्य पदावलीहरू गीत पूरा गर्ने क्रममा मात्र आएका हुन् ।

छ.द्द.घ.छ रौद्र रसका गीत

क्रोध स्थायी भाव हुने रसलाई रौद्र रस भनिन्छ । देउडा गीतमा पनि रौद्ररसको प्रयोग भएको पाइन्छ । यसमा शत्रु, विराधि, विपक्षी आदि आलम्वन विभाव हमला आघात कठोर बोली आदि उद्धिपन विभाव, हतियार उठाउनु, हाँक दिनु आदि अनुमाव तथा उग्रता, आवेग आदि व्यभिचारीभाव हुन् । जस्तै-

ऐ गडाका पल्दीरैना, भात पकाया डिल्ला ।

धेरै कुरा जनगरेइ, जुणीसमाइ टिल्ला ।

यस गीतमा वक्ता रिसाएको कुरा स्पष्ट छ । धेरै कुरा नगर्नु टुपी समातेर पिट्नेछु भन्ने अभिव्यक्तिले रिसाएको थाहा पाउन सकिन्छ ।

छ.द्द.घ.ट हास्य रसका गीत

हास वा हासो स्थायीभाव हुने रसलाई हाँस्यरस भनिन्छ । यसमा हाँसो उठदो अनुहार, क्तियाकलाप र बोली भएको पात्र आदि आलम्वन विभाव विकृत आकारप्रकार रुपरङ्ग आदि उद्धिपन विभाव आँखाको खुम्चाई वा चिम्लाई अनुभाव, कम्पस्वेद आदि व्यभिचारी भाव हुन् । देउडा गीतमा पनि हास उठदा कुराहरू धेरै हुन्छन् । जस्तै-

मुख हेरुँ वान्नर जसी, आँखा कैला कैला ।

माइस हेरुँ दुई पैसाकी, कुरा आद्धी बौला ।

हाणीछन् भालुका जसा, जुँगा हेरुँ वाघ ।

माइस छन् जोगेनी जसा, खानाछन् सराब ।

यी गीतहरूमा काम व्यवहार र शारीरिक बनावट फरक फरक भएकाले हास्य रस प्राप्त भएको छ । यी गीतहरू दुईवटा नायक नायिकाका अभिव्यक्ति जस्ता छन् र नायकले नायिकालाई बाँदरको जस्तो मुख भएकी कैला रौं भएकी आफू सानी पुड्की र कुरा गर्दा धेरै ठुला गर्ने भन्दा नायिका भालुकाजस्ता दारी वाघका जस्ता जुँगा मान्छे जोगी जस्ता तर सराप (रक्सी) खाने भनेर व्याङ्ग्य गर्दा हाँसो लाग्नु स्वाभाविकै हो ।

छ.द्द.घ.ठ वीभत्स रसका गीत

घृणा वा जुगुप्सा स्थायीभाव हुने रसलाई वीभत्स रस भनिन्छ । घिनलाग्दो वा दुर्गन्धित प्राणी, वस्तु, ठाउँ आदि आलम्वन विभाव दुर्गन्ध विकृति आदि उद्धिपन विभाव नाक

थुन्नु वा खुम्च्याउनु आँखा चिम्लनु, थुक्नु ब्यभिचारी विभाव हुन् । डोटेली देउडा गीतमा पनि यस्ता घिनलाग्दा कुराहरू हुन्छन् । जस्तै-

वाटाइनी गाई बुढी मरी, मुल्यौ पुगी गन ।
डिङु खायो गणुलले, पीना खाया जन ।

उसै गडा हलबल्ल छन्, उसै गडा जूछ ।
साइको गाउँ रहडी रैछ, ठौर ठौर गूछ ।

यहाँ गाई मरेर दुर्गन्ध फैलिएको तर चिल गरुडले त्यसलाई ढिँडो जस्तै खाएकाले घिन लाग्दो छ भने अर्को गीतमा गाउँको चित्रण छ जहाँ जथाभावी दिसापिसाब गर्ने र पुरै गाउँ नै दुर्गन्ध हुने घिनलाग्दो कुरा छ ।

४.द्द.घ.ड भयानक रसका गीत

भय स्थायीभाव हुने रसलाई भयानक रस भनिन्छ । यसमा डरलाग्दा भुतप्रेत, मसान, अत्याचारी आदि आलम्वन विभाव डर, त्रास आदि उदि्धपन विभाव कम्पन आउनु, स्वर बिग्रिनु रौँ ठाडा हुनु, पसिना आउनु, रुनु आदि अनुमाव तथा त्रास दैन्य, आवेग मोट चिन्ता, शंका आदि व्यभिचारी भाव हुन् । देउडा गीतमा पनि त्रासपूर्ण गीत हुन्छन् । जस्तै-

जताततै बोल्न लाग्या, बन्दुगका गोली ।
केलाई गरी सँगी सुवा, तसो रुखो बोली ।
भालु आयो खोलाइ खोला, लेक कोद्या खाइग्यो ।
एकै ढिका असिनाले, जमाई खेती लैग्यो ।

यहाँ जताततै बन्दुकका गोलीका आवाज, भालुको आगमन र असिनाले मानवमा भय पैदा गराउने त्रास देखाउने कुरा व्यक्त भएको छ ।

छ.द्द.घ.ढ शान्त रसका गीत

शम वा निर्वेद स्थायी भाव हुने रसलाई शान्त रस भनिन्छ । यसमा अनित्य संसार, वैराग्यभाव तत्वज्ञान आदि आलम्वन विमाव सत्सङ्ग, तीर्थ शास्त्र चिन्तन नीति शिक्षा ईश्वर दर्शन उदि्धपन विभाव त्याग रोमाञ्च भीरुता  आदि अनुभाव तथा हर्ष, दया, मति, स्मृति आदि ब्याभिचारी भाव हुन् । देउडामा शान्तरसका गीतहरू धेरै छन् । जस्तै-

कृष्ण जस्ता गोरुग्वाला, राम जस्ता शिकारी ।
युधिष्ठिरको बनबास, सुदामा भिकारी ।

त क्या कृष्ण गाई हेद्धा हुन, रचिएका लिला ।

सबैले सामना गर्नु, आइपरेका बेला ।

गाई बुढी बटौली लागि, सँगै गयो छाउनु ।

हुनीहार सबैलाई भयो, हृदय क्या रोउनु ।

प्रस्तुत गीतहरूले भगवान कृष्णले पनि गाई ग्वाला हुनु, रामले राज्य त्यागी वन जानु र सीताहरण हुँदा काल्पनिक मृगको शिकार गर्न थाल्नु, युधिष्ठिरले राज्य छोडी वनवास जानु, कृष्णका साथी सुदामाले भिकारी हुनु पऱ्यो भने हामी त मानव हौँ, विभिन्न दुर्घटनाहरू पर्न सक्छन् । धैर्य धारण गर्न सक्नुपर्छ भनेर शान्तिको सन्देश दिएको छ ।

यसरी देउडा गीतलाई नौंवटै रसका आधारमा वर्गीकरण गरिएबाट गीतहरूमा पनि साहित्यिक रस प्राप्त हुने अनुभव गर्न सकिन्छ । रसका आधारमा देउडा गीतहरू सिर्जनात्मक साहित्यभन्दा पनि उच्चकोटीका छन् ।

### ५.२.४ लय वा भाकाको आधारमा

भाका भनेको एक किसिमको गीत गाउने शैली हो । गीतलाई लामो तरिकाले गाउन र बढी मनोरञ्जन थप्न गीतको बिचबिचमा केही थेगोहरू जोडिन्छ जसलाई भाका भनिन्छ । भाकाले गीत गाउनेको स्वरमा मिठास थप्ने गर्दछ । भाकालाई लय वा सङ्गीत पनि भन्ने गरेको पाइन्छ । भाकाको आधारमा देउडा गीतलाई निम्न आधारमा वर्गीकरण गर्न सकिन्छ-

छ.द्.४.ज्ञ ठाडी भाका प्रयोगका गीत

गीत गाउँदा एकहोरो रूपमा चर्को स्वरले गाउने भाकालाई ठाडो भाका भनिन्छ । ठाडो भाका एकल, दोहोरी वा सामूहिक पनि हुनसक्छ । सामूहिक रूपमा गाइने भाका चर्को नभएर विस्तारित हुन्छ । यसमा बिस्तारै स्वर घुमाएर लामो पारेर गाइन्छ । ठाडो भाका प्रायः एकल हुने पाइएको छ । यसमा एक व्यक्तिको दुःख, सुख वा विचार व्यक्त भएको हुन्छ । यस्तो भाकामा अघिपछि केही जोडिदैन । लेखे जस्तै सिधै पढिन्छ । जस्तै-

बाटालाई मसुरी काफल, चैत पागन्लाग्यो ।

झन माया मरला भन्ना, झन्पो लागन्लाग्यो ।

कै मर्धको रिन खायाँ हुँ, कैजुनी हाऱ्या हुँ ।

दुइवर्षका उमेरमी, म कसन मऱ्या हुँ ।

यति लामा समुन्दर, पानीको धारो नै ।

हेरु त वड्पिपल देख्तो, वसु चौतारो नै ।

यी गीतहरूलाई सरसर्ती पढ्दा पनि ठाडी भाका उत्पन्न भइहाल्छ, यस्तो भाकामा थेगो आदिको प्रयोग गर्नुपर्दैन ।

### छ.द्द.४.द्द ढेरीभाका प्रयोगका गीत

देउडा गीतको एक हरफलाई एकपटक गाएर फेरी आधा गाउने प्रक्तियालाई डेढी भाकामा राख्न सकिन्छ । यस्तो डेढी भाकामा पछिल्लो पदलाई दुईपटक गाएर पहिलो पदलाई पछि एकैपटक गाउने गरिन्छ । जस्तै-

काफल पागन्नारे, काफल पागन्नारे, कालो लेक रमाइलो होला ।
झल्का लागन्नारे, झल्का लागन्नारे, साइपोइल नजान्या होल्ली ।

मेरा फूलका भाणी, मेरा फूलका भाणी, घामलाग्या ओइलाएइ जन ।
दिपावली छाणी, दिपावली छाणी, जनफूलेइ पुसका मैना ।

भाषाले बगाउना, रुखा वचन धेरै लाउना, भाषाले बगाउना ।
बोलीले अगाउना, ब्यवहार सर्पका जसो, बोलीले अगाउना ।

यहाँ पहिला लेखिएका पदावलीहरू दुईपटक लेखिएका छन् । यी पदावलीहरू अन्तिममा रहेका र नदोहरिएका पदावलीका पछाडीका हुन तर यहाँ गायनका लागि अगाडि आएका छन् । भाका गायनमा प्रयोग हुने भएकाले लिखितमा यसको व्याख्या त्यति स्पष्ट हुन सक्दैन ।

### छ.द्द.४.घ थेगो प्रयोगका गीत

गीत गाउँदा त्यसमा केही स्थायी अन्तरा जोडेर गाउने प्रक्तियालाई थेगो प्रयोगको भाका भनिन्छ । यस्ता थेगोहरू सुरुमा, बिचमा र अन्यत्यमा प्रयोग गरिन्छन् । केही थेगोहरू आधा सुरुमा र आधा बिचमा वा अन्त्यमा पनि थपिन्छन् । जस्तै-

नेपाल हनुमान ढोका, झुल्घाट झोलङ्गे पूल ।
छत्रछाया याँ छ मेरा, फुलिरै हजारी फुल ।
मेरो मनमा साइको माया, झुल्घाट झोलुङ्गे पूल ।
साइका मनमा के छ मेरा, फुलिरेइ हजारी फुल ।
कालो लेक अनारो हुन्छ, झुल्घाट.... ।
बोल बोल भैसी घाणा, मेरा फुलिरेइ ...... ।
जीन्दगी चलाउनु भएई, झुल्घा झोलुङ्गे पूल ।
मन परेका भाणा, मेरा फुलिरेइ ।

पुर्वमा खरानी पऱ्यो, बोगटानतली शैनशेरो ।
क्या राम्रा छन् जीव, कठै हारेको करममेरो ।
पश्चिमतिर अश्द्वालामा, बोगटानतली शैन शेरो ।
निवास गर्छन शिव, कठै हारेको करम मेरो ।
छमक्क, छमक्क । नेपाल, हनुमान ढोका ।
छमक्क, छमक्क । तस्बीर टाँसेकाइछन्, भिनाजु ।
छमक्क, छमक्क । मन मेरो साउनकी रात ।
छमक्क, छमक्क । दन्त हाँसेकाइछन् भिनाजु ।
न मैले कोपिला टिप्नु, खप्तडकी रानी चरी ।
न फूल पैरनु, कठै, माया रै जाउ जनमभरी ।
कैलहो फूलबारी लाउनु, खप्तडकी रानी चरी ।
कैलहो पैरनु, कठै, माया रैजाउ जनमभरी र ।
कठैदैन, न मैले निखलै खायाँ न मैले दुध पाया ।
कठैदैन, न त हास्या न त रोया यसाइ दिन भुत्कायाँ ।

माथि उल्लेखित देउडा भाकाहरूमा झुल्घाट झोलङ्गे पुल बिचमा र अन्तमा प्रयोग भएको छ र बोगटान तली शैनी शेरो पनि मध्य र अन्त्यमा नै प्रयोग भएको छ । छमक्क छमक्क भन्ने भाका सुरुमा र मध्येमा प्रयोग भएको छ भने अन्तमा 'भिनाजु' थेगो जोडेको छ । खप्तडकी रानीचणी पनि मध्येम र अन्त्यमा नै प्रयोग भएको छ भने खप्तड निङाली चाही सुरुमा र मध्यमा भने आधा मात्र प्रयोग भएको छ । जेहोस् यसबाट थेगोहरू जहाँ पनि जस्तोसुकै पनि जोड्न सकिन्छ भन्ने बुझाउँछ । यसरी देउडा गीतलाई वर्गीकरण गर्दा विभिन्न आधारमा गर्न सकिन्छ । यहाँ देउडा गीतलाई विषयवस्तुका आधारमा प्रेमप्रधान, सामाजिक, राजनीतिक, ऐतिहासिक पौराणिक, प्रगतिवादी, प्राकृतिक, उपदेशात्मक विभाजन गरिएको छ भने प्रस्तुतीकरणका आधारमा एकल, दोहोरी र सामूहिक गरी वर्गीकरण गरिएको छ । रसका आधारमा वर्गीकरण गर्दा शृङ्गार, वीर, करुण अद्भुत, रौद्र, हास्य, विभत्स र शान्त रसमा विभाजन गरिएको छ । लय वा भाकाको आधारमा ठाडी भाका डेढी र थेगो प्रयोगको भाका गरी तिन भागमा विभाजन गरिएको छ ।

## ५.३ डोटी बोगटान क्षेत्रमा प्रचलित देउडा गीतको विश्लेषण

देउडा गीतको विश्लेषण गर्दा प्रस्तुत सङ्कलनसँग सम्बन्धित दुई हरफको एक गीतलाई नै आधार मानी यसैको केन्द्रबिन्दुमा देउडा गीतका तत्वहरू शब्द शक्ति र विषयवस्तुलाई लिएर  यसको विश्लेषण गर्न प्रयास गरिएको छ ।

देउडा गीतमा संरचनामा भावविधान लयविधान छन्द र अन्त्यानुप्रास रहने हुँदा यसलाई लिखित वा सिर्जनशील साहित्यको काविता विधाको नजिकबाट हेर्न सकिन्छ किनकि भाव, लय, छन्द जस्ता तत्वहरू कवितामा पनि रहेका पाइन्छन् । देउडा गीतमा रहने यिनै विभिन्न अङ्गहरू र विषयवस्तुको आधारमा यसको विश्लेषण निम्न शीर्षकमा सङ्क्षिप्त चर्चा गरिन्छ ।

### ५.३.१ देउडा गीतको तत्त्वगत विश्लेषण

देउडा गीतको संरचना प्रयोग हुने विभिन्न अङ्गहरूलाई आधार बनाई यसको तत्वगत विश्लेषण निम्नप्रकारले गर्न सकिन्छ ।

छ.घ.ज्ञ.ज्ञ देउडा गीतमा भावात्मकता

देउडा गीतले व्यक्त गरेको केन्द्रिय कथ्य वा भाव नै यसको मुटु हो । यसलाई भाव, रस, सौन्दर्य, अर्थ, सन्देश पनि भन्न सकिन्छ । भावले देउडा गीतमा रहेका शब्द र समग्र गीतको अर्थ प्रकट गर्ने गर्दछ । भाव वा विचार प्रत्येक हरफ तथा गीतमा फरक फरक हुन सक्छ ।

देउडा गीतमा रति, हाँस, वैराग्य, क्रोध, शोक, विस्मय आदि भाव रहेका हुन्छन् । जसमध्ये बढी प्रयोग हुने रतिभाव नै हो । यसमा रहने विभिन्न भावहरूलाई निम्न उदाहरणहरूबाट विश्लेषण गर्नु सान्दर्भिक छ-

रतिभाव- गैला सेल बसी रनु पाक्याका आमा खानु ।
बल्लीका कोखेला बसी पल्लीका माम खानु ।
भोटेनी विस्कुनी हाल्ली, भोटेका पाखीमी ।
मौरी भेष बाजकलिका, बस्तछु काखीमी ।
हिउनका केलारेला, बरिखाका आरु ।
बाडुली लागेकी लागेई, काँ छौ मेरी प्यारु ।

प्रस्तुत गीतहरूमा प्रेम, विछोड भएको र प्रेमीप्रेमिकाहरू एकआपसमा भेट गर्न आतुर रहेका छन् । प्रेमीले प्रेमिकालाई चुल्ठोको डोरीमा झुण्डिएर आफू कहाँ आउन आग्रह गरेको

छ । जो अतिशयोक्तिमूलक छ । अन्तिम हरफले दुबै प्रेमिप्रेमिका नजिक भएको र प्रेमीले काखमा बस्न दिन आग्रह गरेका छन् । तसर्थ यहाँ रतिभाव उत्पन्न भएको छ ।

**वैराग्य भाव**

शान्ति, सम, निर्वेद वा शान्तरसमा वैराग्य भाव रहन्छ ।

जस्तै- कृष्ण पनि गोरु ग्वाला, राम पनि शिकारी ।
युधिष्ठिरको बनवास, सुदामा भिकारी ।

जे जे लेख्यो भविनीले, निधारका बिच ।
धर्म मान्या मानिसले, उही मान्नु चिज ।

यहाँ भगवान कृष्णले गाई चराउन वन जानु, रामले राज्य त्यागेर वनमा गई शिकार गर्नु, युधिष्ठिरले राज्य समेत बेचेर बनबास लाग्नु, सुदामाले भिकारी हुनु पर्‍यो । यस्ता अवश्यभावी कुराहरू भाविनीले लेखेका हुन्छन् जस्तो पर्‍यो त्यहीलाई स्वीकार गर्नुपर्छ भन्ने बैराज्ञ ज्ञान प्राप्त  हुन्छ ।

**उत्साह भाव**

कुनै पनि काम गर्ने इच्छालाई उत्साह भाव भनिन्छ । जस्तै-
धैं हेर्दै चर्क्याका डाडा, क्या राम्री जूनपणी ।
आइजान्छु सुनाउली कोल, अद्धोछु मनपणी ।

पातलका पर्पुनेरा, पानी खाइ हाल्लो छु ।
मु रे अब रैसक्तैन, डागो लाइ हाल्लो छु ।

यी गीतहरूमा विभिन्न वाधाव्यवधानका बाबजुत पनि एउटा मायालुले आफ्नो मायालुसँग भेट गर्ने जस्तो परेपनि आउन र बोलाउन साहस देखाएको छ । तसर्थ यहाँ उत्साह वा वीरभाव प्रकट भएको देखिन्छ ।

**करुणभाव**

आफन्तजन तथा आफ्नो मन परेको स्थानबाट विछोड हुनु वा आफन्तको दुःख पर्नुले उत्पन्न हुने शोक चिन्ताले करुणभाव उत्पन्न गराउँछ । जस्तै-

दिन गया बादलपछि, रातपरी जानेइन ।
यति चाँडै जन्मथात, छुट्टेला मानेइन ।

रुनाले कर्णाली वगी, रोक्किनाइन आँशु ।
साइ सम्भे हृदय रुनो, म कसरी हाँसु ।

प्रस्तुत गीतमा सूर्य बादलमा ढाकेकोले राती भएको थाहा नहुनु भनेको आफ्नो जन्मघर छुट्न लाग्दा थाहा नभएको तर छुटिसकेपछि आफूलाई एकदम ग्लानी भएको र अर्कोमा कुनै आफन्त प्रेमी वा जोसुकैलाई पनि सम्भदा आत्म रोएको हास्न नसकिने कुरा प्रष्ट भएकोले यहाँ करुणभाव व्यक्त भएको छ ।

**क्रोधभाव**

कसैले गिज्याउँदा गाली गर्दा कुनै नराम्रो काम गर्दा उसप्रति रिसाउनु नै क्रोध हो । देउडा गीतमा क्रोध भाव पनि उत्पन्न भएको हुन्छ । जस्तै-

अकास टुडीका रुख, चीलकी खुर्खुट्टि ।
वर्ता कुरा जन अरेइ, भाँचुला मुर्कुट्टी ।

उदो लोट्टो कभो लोट्टो, गोर्खालीको गुण्टो ।
याद राखेइ विचार राखेइ, फुटाइ दिउँला मुन्टो ।

यहाँ धेरै कुरा नगर पाखुरा भाँची दिउँला याद गरेर बोल्नुपर्छ जथाभावी बोल्ने भनेर क्रोध भाव व्यक्त भएको छ ।

**हाँसो भाव**

हाँसो उठ्दा खालका अभिव्यक्तिलाई हाँस भाव अन्तर्गत राख्न सकिन्छ । विचित्र किसिमको आकृति वा व्यवहार, स्वर भयो भने हाँस भाव हुन्छ । जस्तै-

घामले फूलेका हुन्कि, कठै तम्रा दाडी ।
नान्कासँग खेल खेल्ला छौ, नित्यकर्म छाडी ।

आँखो लाउना छोट्टीतिर, पाठ अद्धा चण्डी ।
बाज्या तमी काँ जान्या हौ, घर बजेइ छन्कि ।

यहाँ बुढा मान्छे दारीजूङा फूलेका तर युवायुवतीहरूका खेलमा खेल्न लाग्दा युवाहरूले बुढालाई गिज्याउँदै नित्यकर्म गर, युवतीतिर नहेर चण्डीपाठ गर घर जाउ जस्ता हाँस उठ्दा कुरा गरेका छन् ।

**विस्मय भाव**

अनौठो वा अपत्यारिलो घटना भयो भने विस्मय भाव व्यक्त हुन्छ । यसमा अतिशयोक्तिमूलक घटनाको वर्णन हुन्छ । जस्तै-

मध्यरात बेल उदाइगै घाम, ताप्त्या भ्या ताप ।
आइगयाँ बान्नीको बेल, सबै खेल लाग ।

बाघले बाखरी लैग्यो, पड काँठाइकाँठा ।
मेरो माया साँची राखेइ, चुल्ठी आठाइआँठा ।

यहाँ रातमा सूर्य उदाएको र बाघले बाखालाई लगेकोमा विस्मय भाव व्यक्त भएको छ । रात्रीमा सूर्य उदाउनु र मानिसलाई सूर्य मान्नुले यहाँ विम्व र अलङ्कारका साथै अतिशयोक्तिमूलक अभिव्यक्ति छ ।

**घृणाभाव**

कुनै पनि दुर्गन्धित वस्तुलाई देख्दा मानिसको मनमा एउटा जुगुप्सा हुन्छ भने त्यसलाई घृणाभाव मानिन्छ ।

ओरिपरि हड्डीमासु, धन्न राउस्याकोट ।
यत्रतत्र दुर्गन्धै छ, तै मसान घाट ।

चिहानमा हड्डी मासु हुनु स्वाभाविकै हो तर यहाँ हड्डी मासु भन्दा दुर्गन्धको वा घृणा भाव पैदा भएको छ । राउसेकोट भनेको एक मसानघाट हो ।

**डरभाव**

केही वस्तु देख्दा वा सुन्दा मनमा भय वा त्रास उत्पन्न हुन्छ भने त्यहाँ डरभाव उत्पन्न हुन्छ । डरलाग्दो जनावर, मान्छे वा सन्देशबाट यस्तो भाव प्रकट हुन्छ । जस्तै-

आइगयो भालुको चल्लो, भागकलि भाग ।

औल है अजिङ्गण आयो, लेक आयो वाग ।

यहाँ भालु, बाघ र अजिङ्गर जस्ता भयानक डरलाग्दा जीवजनावरहरू आएकाले तिमीलाई खान्छन् भाग भन्ने भाव प्रकट गर्दा एक किसिमको डर उत्पन्न भएको छ ।

देउडा गीतमा विभिन्न किसिमका भावहरू प्रकट भएका छन् । विभिन्न विषयवस्तुलाई अंगालेर देउडा गीतले भाव प्रकट गर्दछ । एउटै गीतमा पनि एकभन्दा बढी भाव वा सन्देश यस्ता गीतहरूमा प्रकट भएको हुन्छ ।

छ.घ.ज्ञ.द्द देउडा गीतमा लयात्मकता तथा ५न्द प्रयोग

छन्द हुनका लागि लय हुनु आवश्यक हुन्छ भने लय छन्द बिना पनि रहन सक्छ । देउडा गीतमा भने लय र छन्द अनिवार्य रूपमा रहेका हुन्छन् । लयले देउडा गीतलाई सङ्गीतमयता प्रदान गर्छ भने छन्द निश्चित वर्णमा बाँधेको हुन्छ । देउडा गीत लोकलय र वार्णिक छन्दमा रहेका हुन्छन् । देउडामा एक हरफमा १४ अक्षर रहन्छन्, गीत पूरा हुनलाई २ हरफ हुनु अनिवार्य छ । एकै हरफमात्र भएमा गीत पूरा भएको मानिँदैन । देउडा गीतलाई आकर्षक बनाउने अर्को महत्वपूर्ण तत्व अनुप्रास हो । गीतमा प्रयोग हुने २ चरणका अन्त्यमा समान ध्वनि भएका एक वा अनेक स्वर र व्यञ्जनवर्णको आवृत्ति हुन्छ । जस्तै-

कालो लेक रमाइलो होला, काफल पागन्नारे ।

साई पोइल नजान्या होल्ली, झल्का लागन्नारे ।

बाटालाई मसुरी काफल, चैत पागन्लाग्यो ।

झन् माया मरला भन्ना, झनपो लागन्लाग्यो ।

यी गीतहरूमा ‘कालो लेक रमाइलो होला’ भन्ने यो एक पाउ हो र आठौं अक्षरमा यति भएको छ र ‘काफल पागन्नारे’ अर्को पाउमा ६ वटा अक्षर छन् दुबैगरी चौध अक्षरमा एक हरफ पूरा भएको छ । त्यसैगरी अरु हरफमा पनि उल्लेख अनुसार नै छ । उपर्युक्त चार हरफमा २ गीत छन् र तिनमा ‘पागन्नारे’ ‘लागन्नारे’ र ‘पागन्लाग्यो, लागन्लायो जस्ता अन्त्यानुप्रासको प्रयोग भएको छ ।

छ.घ.ज्ञ.घ देउडा गीतमा भाषाशैली र अलङ्कार प्रयोग

अनुभूति वा विचार विनिमयको सशक्त माध्यम भाषा हो । भाषाशैली भनेको भाव प्रकाशनका लागि गरिने अभिव्यक्ति कौशल हो । देउडा गीत पद्यात्मक सरल, अलङ्कारिक र वर्णनात्मक भाषाशैलीमा प्रस्तुत हुने लोकसाहित्यिक विधा हो । गायक तथा लेखकले जुन अर्थ दिन खोजेको हो । त्यो अर्थ बुझाउने गीतको कला नै भाषाशैली हो । देउडा गीत जनसाधारणको गीत भएकोले यसमा प्रयुक्त भाषा सरल सुवोद्ध र स्थानीय हुन्छ भने शैली चाहीँ सरल अलङ्कारिक र वर्णनात्मक हुन्छ । जस्तै-

नेउला कोइला वासी जान्ना, चैत मैना वन ।
संसारै हरियो होला, उराठ होला मन ।

यस गीतमा प्रयोग भएको भाषाशैली सरल छ । यहाँ चैत्रको महिनामा वसन्त ऋतुको आगमनले आलङ्कारिक लेकमा पलुवा पलाउने र हरियाली बढ्ने यसको कारणले मान्छेको मनमा अर्कै  उमङ्ग आउने भन्ने कुरा बुझ्नका लागि सजिलै छ । तर यसको आलङ्कारीक अर्थ भने फरक पनि हुन  सक्छ । यस गीतमा प्रयोग भएको चैत महिना (वसन्त ऋतु) यौवनको प्रतीक हो भने ‘हरियो संसार हुनु’ इच्छा आकांक्षा हुन जसले गर्दा मनमा एकप्रकारको उमङ्ग पैदा गर्दछ भन्ने अलङ्कारिक बिम्ब प्रतीकको पनि प्रयोग भएको छ । जसले गर्दा गीतमा अर्कै मिठास थपिन गएको छ । यस्तै उपमा अलङ्कारको प्रयोग भएको एउटा अर्को गीत हेरौ-

प्रभातका सूर्यजसी, पुनीका जुनजसी ।
पिर्ता लाइजा मैना चरी, मेरा कोल वसी ।

यहाँ एउटा प्रेमीले प्रेमिकालाई सूर्य र चन्द्रमासँग तादात्म्य (उपमा) देखाइ मैनाचरीको प्रतीकको रूपमा आफ्नी प्रियशीलाई संवोधन गरेको छ । आफ्नो घरमा आउन र माया गाँस्न आग्रह गरेको छ । देउडा गीतमा विम्वर प्रतीकको प्रयोग गर्दा प्रकृतिलाई मानविकरण गर्ने प्रचलन बढ्दो  छ । जस्तै-

सम्झन्छैकी विसरीगै, सुन्तलीका वोट ।
तुरैगै जन्मेका ठौर, मु रैगया भोट ।

मैकन फूलेको हैकी, हजारीका फूल ।

फूल टिप्या रिसाउन्या हैकी, काकणीका झूल ।

बढ्दै रेइ सिलंगाडाली, सबैलाई सेल्दिएई ।

सबैमाथि छायाँ राखेइ, उदाउन्या बेल भएई ।

यी गीतहरूमा प्रयोग भएका सुन्तलीबोट प्रेमिकाको रूपमा हजारी फुल र काँक्राको झूल (लहरो) प्रेमीको रूपमा सिलङ्गाडाली र बेल (सूर्य) कुनै होनहार व्यक्ति प्रेमी छोरा राजा जो पनि हुनसक्छ आदि प्रतीकका रूपमा आएका छन् । यहाँ यी प्राकृतिक विम्वहरूलाई मानवीकरण गरी सम्बोधन गरिएको छ ।

## ५.३.२ देउडा गीतको अर्थगत विश्लेषण

देउडा गीतमा रहेको शब्दशक्तिलाई आधार बनाई निम्न तिन प्रकारले यसको अर्थगत विश्लेषण गर्न सकिन्छ ।

छ.घ.द्.ञ देउदा गीतमा अभिधार्थ

देउडा गीतमा प्रयोग भएका शब्दहरूले साधारण कोशिय अर्थ प्रकट गरेमा त्यस्ता गीतलाई अभिधात्मक देउडा गीत भनिन्छ । अभिधात्मक गीतहरूमा कुनै बिम्ब, अलङ्कार, लक्ष्यार्थ वा व्यङ्ग्यार्थ नभएर सरल रूपमा अर्थ प्रष्ट हुन्छ । जस्तै-

साउँको रिन रैजान लाग्यो, जीन्दगानी भरी ।

म भन्या विदेश जान्छु, बसेइ मेरी प्यारी ।

कैलाई दिउँ मनका कुरा, कोछ याँ सुन्दिन्या ।

जाँ पनि उराठै लाग्दो, कसरी भुल्लिन्या ।

धर्म गर्नु कर्म गर्नु, नखानु चोरेर ।

आँखिर यो संसारलाई, जानुछ छोडेर ।

यी उल्लेखित गीतहरूमा साहुको  ऋण तिर्न विदेश जानुपर्ने भएकोले आफ्नी प्यारी श्रीमतीलाई घरमा दुःख नमानेर बस्न आग्रह पहिलो गीतमा गरेको छ भने दुःखका वेदना सुन्ने कोही छैन जहाँ पनि उराठ छ कसरी भुलाउने भन्ने दुखेसो व्यक्त भएको छ । तेस्रो गीतमा धर्मकर्म गर चोरेर नखाउ, आखिर सबैले मर्नु नै पर्छ भन्ने उपदेश दिएको छ । यी गीतहरू बुझ्नको लागि कुनै उपमा अलङ्कार र अन्य अर्थको सहयोग लिनु पर्दैन भाव आफै प्रष्ट छ ।

छ.घ.द्.द् देउदा गीतमा लक्ष्यार्थ

शब्द शक्तिका तिन प्रकार मध्ये लक्षण दोस्रो शब्द शक्ति हो । कुनै पनि शब्दका वाक्यले दिने साधारण अर्थले सन्दर्भ बुझाउन नसकेमा त्यसलाई अर्कै अर्थमा बुझ्नु पर्ने हुन्छ । त्यही दोस्रो अर्थ वा लक्ष्यार्थलाई लक्षणा भनिन्छ । देउडा गीतमा लक्ष्यार्थको प्रयोग धेरै हुन्छ । लक्ष्यार्थ बुझ्न अलि गाह्रो पर्छ । सन्दर्भ अनुसार मात्र यसको अर्थ बुझिन्छ ।

त जुन भैगै म वेल भैग्या, क्यारु माया मानी ।

राजाको दर्शन पाया, नखाएइ धो हुनी ।

यस गीतमा 'त जून भैगै म वेल भैग्या' भन्ने पदावलीले सामान्यतया वक्ता सूर्य भएको र श्रोता जून भएको भन्ने अभिधार्थ प्रकट गरेको छ तर मान्छे कहिल्यै जून र बेल हुन सक्तैन तसर्थ यसलाई लक्ष्यार्थबाट बुझ्नु जरुरी हुन्छ । लक्ष्यार्थ अनुसार ती वक्ता र श्रोता सूर्य चन्द्रमा जस्तै कहिल्यै भेट नहुने गरी विछोडिएका भन्ने अर्थ बुझ्न सकेमा पुरै गीतको अर्थ हामी कहिल्यै नभेटिने गरी विछोडी सक्यौ अब तिमीले र मैले माया मानेर साध्य छैन भन्ने हुन्छ । अर्को हरफमा 'राजाको दर्शन' ले वास्तविक राजालाई नबुझाएर ती दुबै मित्रहरूमध्येको एक हो ।

छ.घ.द्.घ देउदा गीतमा व्यङ्ग्यार्थ

लक्ष्यार्थबाट अर्थ प्रष्ट हुन नसकेपछि व्याङ्यार्थले काम गर्दछ । समाजमा विभिन्न किसिमका कुचलनहरू रहेका हुन्छन् । यस्ता कुचलनहरू माथि बाङ्गो तरिकाले प्रहार गर्ने काम देउडा गीतमार्फत पीडित पक्षले गर्ने गर्दछ, जसको कारण ठुलाबडाहरूमा आत्ममा चोट पर्न सक्छ । जस्तै-

नान्का पाल्या ठुला पाल्या, धन्य हो धन्य हो ।

हजुरको कोट सिउन्या सुयो, कैठौंर बन्यो हो ।

साधारण अर्थमा माथिको गीतले सानाठुला सबैलाई खान, लाउन दिनु भयो सेवा गर्नु भयो । राम्रो लुगाकपडा लगाएर धेरै राम्रो देखिनु भएको छ भन्ने हुन्छ भने यसको वास्तविक अर्थ बुझ्दा सानाठुला सबै तिमीहरूका चाकर छन् तर खान लगाउन कसैलाई पनि पेटभरि दिएका छैनौ । त्यस्तो राम्रो कोट लगाएका छौ । त्यो कोट सिउने पनि हामी नै हौं । सिउने सियो बनाउने पनि हामी नै हौ । हाम्रै श्रम र पसिनाले ठुला भएका हौ भन्ने तिखो व्यङ्ग्यार्थ प्रकट भएको छ ।

### ५.३.३ देउडा गीतको विषयगत विश्लेषण

विभिन्न विषयवस्तुमा देउडा गीत रहने भएकोले यसका केही विषयगत आधारमा केन्द्रित रहेर निम्न तरिकाले विश्लेषण गर्न सकिन्छ ।

छ.घ.घ.ज्ञ देउदा गीतमा परिचय तथा भलाकुसारी

एक मानिसले अर्कोसँग पहिलो भेट हुँदा सामान्यतया चिनेकै भएपनि परिचय गर्ने गर्दछन् । देउडा गीतको श्रीगणेश पनि परिचय तथा भलाकुसारीबाटै हुन्छ । आफ्नो नाम, ठेगाना, काम आदि विषयमा एक आपसमा परिचय गरिन्छ । परिचय भइसकेपछि हालखबर खाने लाउने व्यवस्था के कस्तो छ सोधिन्छ जसलाई भलाकुसारी भनिन्छ । देउडामा पनि परिचय र भलाकुसारीका कुरा गीतबाटै हुन्छन् । जस्तै-

प्रश्न- घाँस काटेको वरपिपल, सिरुणु साजको
धेग्ताई खेरी माया लाग्दो, घर काँ हो बाजको ?
उत्तर- वास्मतिका माणासित, जिरो पिनेइनकी
म तम्रा डोटीको माइस, अझ चिनेइनकी

प्रश्न- ठेगको हलानु होला, टुपाको जो होला
यतरा लस्कर माज, हरिमलको होला
उत्तर- नेपाल जान्या काम परेको, सरकारी धन्छरे
हरिमल भनेको मैहुँ, क्या भन्या मन्छरे ।

प्रस्तुत गीतमा पहिलो गीतको पहिलो हरफ गीत मिलाउनको लागि मात्र प्रयोगमा आएको छ भने दोस्रो हरफमा घर कहाँ हो ? भनेर प्रश्न गरेकोमा त्यसको उत्तरमा पहिलो हरफको सन्दर्भ अनुसार अर्थ छैन । दोस्रो हरफमा मेरो घर डोटी नै हो भन्ने उत्तर दिएको छ । तेस्रो गीतको भने प्रसङ्ग लामो छ । २०२७ सालतिरको कुरा हो बझाङ् जिल्लाका हरिमल नाम गरेका देउडा गायकलाई श्री ५ महेन्द्र बिरविक्रम शाह देवले देउडा गाउनको लागि काठमाडौँमा बोलाउँदा घरबाट आउने क्रममा बाटोमा साथीहरूसँग हरिमल हिड्दै गरेका समयमा उनलाई चिन्न घँसारी आइमाईहरूका मनमा उत्सुक लागेछ र उक्त गीतमय प्रश्न गरेकी रहिछन् र त्यसैको उत्तरमा हरिमलले उक्त अन्तिम गीत भनेको कुरा सुनिन्छ ।

**देउडामा भलाकुसारी**

तमी हौ टाढाका माइस, खाइ हालेकी भात ?

सञ्चै छन्कि फूलकोपिला, सञ्चै छ कि गात ?

ल्वाङ किन्या मरिच किन्या, जिरो पसलै छ ।

गातगुशल हजुरको के छ, याँ त असलै छ ।

स्पष्ट गीतबाट बुझिन्छ कि प्रश्नकर्ताले घरमा सबै आरामै छन् कि खाना खानु भयो कि भनेर सोध्दा उत्तरदाताले म त ठिकै छु बरु तपाइको पनि भन्नुस भनेर प्रश्नकर्ताको पनि समाचार जान्न खोजेको छ ।

छ.घ.घ.ङ देउडा गीतमा आशीर्वाद (आसिका)

कसैले कसैलाई राम्रो होस् भनी इच्छा व्यक्त गर्नु नै आशिर्वाद हो । आशिर्वाद कसैले आफूले मागेको चिज पाएमा दिने गर्छन् यसलाई आसिका भनिन्छ । यस्तो आसिका समूहले व्यक्तिलाई दिन्छ भने छोराले बुबालाई ढोग्दा बुबाले दिने आसिका पनि आशिर्वाद हो । देउडा गीतमा पनि यस्तो आशिर्वाद रहन्छ । जस्तै-

जय होइ जाउ पाल होइ जाउ, रौतेलो तप्पीजाउ ।

मनले सोचेका जसो, कर्ममा लेख्खिजाउँ ।

बाँची रएइ पलाइ रएइ, ठूलो अरेइ मन ।

मरिजाउँला विसद्या नै, तेरालाया गुन ।

तपाइँको जय होस् कल्याण होस्, सन्तान होऊन, तपाइँको मनोकाङ्क्षा पूर्ण होस्, बाँची रहनु होला, ठुलो मान्छे हुनु होला, तपाइँको गुण म कहिल्यै मरेपनि बिर्सने छैन भन्ने आशिर्वाद उक्त दुई गीतहरूले दिन खोजेको छ । आशिर्वाद दिने र लिने व्यक्ति जो पनि हुन सक्छन् त्यो त अज्ञात नै छ ।

छ.घ.घ.घ देउडा गीतमा गाली-गलौज

हाम्रो डोटेली समाजमा काका, भतिजामा सासूको श्रीमान् भएस् भन्ने गाली भिनसालीमा भाइबहिनी स्याहार्ने गाली र त्यस्तै देवरभाउजूमा पनि गाली, ख्यालठट्टा गरिन्छ । यस्तो गाली मार्मिक र घुमाउरो पाराले देउडा गीतमा गरिन्छ । देउडा खासगरी मनोरञ्जनको लागि प्रयोग गरिने हुनाले झगडा हुने किसिमको गाली यसमा हुँदैन । गालीमा व्यङ्ग्यात्मक अर्थ हुन्छ । जस्तै-

घाँसकाटी कन्नेव लैग्यो, तेरा जिउली खेत ।

धेरै अऱ्या गाल्पाइएला, लामा गर्नु चेत ।

यस गीतमा प्रयोग भएको 'जीउली' शब्दको श्लेष अर्थ छ । यसको एउटा अर्थ खेतको ठुलो भागलाई जिउली भनिन्छ भने अर्को अर्थमा जीउ भन्नाले स्थानीय भाषामा सासूलाई लिई भन्ने अर्थ बुझिन्छ । तसर्थ यस गीतको सामान्य अर्थ तिम्रो ठुलो खेतको घाँस चोरले काटेर लग्यो धेरै चोरेमा गाल पर्ला भन्ने हुन्छ भने यसलाई गहिरिएर बुझ्दा तिमीले खेतमा गएर सासू बेहोर्ने (काम गऱ्यौ) । यस्तो गऱ्यो भने गाल वा पिटाइ पाइएला होस् राख्नु भन्ने अर्थ स्पष्ट भएको छ । त्यस्तै एउटा अर्को गीत हेरौं-

डिट दाली भिटा दाली, माज गौं काजली
वयसको बौलो जोवन, कैखिलाई साँचल्ली

यहाँ पनि 'दाली' र 'काजली' शब्दहरूको श्लेष अर्थ आउँछ । साधारणतया दाली भन्नाले खन्नु भन्ने हुन्छ भने यहाँ दा र ली दुबै वर्णको आ-आफ्नो अर्थ छ । दा-दाई, ली-बेहोर्नु अथवा दाजु व्यहोरी र काजली शब्दले गहुँको भुस्सालाई बुझाउँछ । तर यहाँ काज वा काजी+लिई = काजली अर्थात भाइसँग विवाह गरी (भाइ+व्यहोरी) जस्तो ब्यङ्गे गरेको छ । सामान्यतया यस गीतको अर्थ राम्रो खनेर गौंको बाली राम्रो उब्जना हुन्छ, तिमीसँग तागत ( शक्ति) छ काम गर भन्ने बुझिन्छ तर यहाँ दाजुभाइहरूसँग आफ्नो यौवनको उपयोग गर भन्ने व्यङ्ग्यार्थमा गाली प्रकट भएको छ ।

दिली गडा फुली बल्ल, बैनालीका शेरा ।
गाली गलौज क्या अद्धाछौ, क्यागल्ती छन् मेरा ।

यस गीतको सामान्य अर्थ बैनाली नामक खेत (शेरा) को दिली भन्ने गडामा फूली नामक गोरु छ । तपाई किन गाली गर्दै हुनुहुन्छ मेरो के गल्ती छ र भनेको बुझिन्छ । तर व्यङ्ग्यार्थमा बुझ्दा तिम्री दिदी, बहिनीहरूका श्रीमान होउला मलाई गाली किन गर्छौ आफू खराब छौ भनेर सालीले भिनालाई, भाउजूले देवरलाई भनेको भान हुन्छ ।

छ.घ.घ.४ देउडा गीतमा दुःख

मानिसलाई आफ्नो जीवनमा दैनिक गुजारा चलाउनको लागि विभिन्न चिज वस्तुको आवश्यकता पर्दछ । यी दैनिक आवश्यकता तथा आधारभूत कुराहरू सहज रूपमा प्राप्त गर्न नसकेमा मान्छे दुःखी हुन्छ । देउडा गीतलाई सुखदुःखको साथी पनि भनिन्छ । जब मान्छेलाई

दुःख हुन्छ तब उसको आफ्नो मनमा एककिसिमको बह उत्पन्न हुन्छ र एक्लै भएको वा उराठ लागेको समयमा देउडामार्फत् व्यक्त गर्न थाल्दछन् । विशेषगरी देउडा गीतमा एकल विलाप, छोरीको बिलौना, टुहुराको बिलौना जस्ता दुःख व्यक्त भएका हुन्छन् । जस्तै-

**टुहुराको बिलौना**

घर छ सौतेली आमा, बनै खाइदे वाघ ।
रात रुनै दिन रुनै, धन्न मेरा भाग ।

रात निद नै दिन भोक नै, क्यासम्भ्रेर हाँसु ।
भाइले दुध भनेका बेला, छायाल्लीना आँसु ।

दुधे बालक यहाँ प्रस्तुत गीतहरूमा एउटा १२/१४ वर्षकी छोरीको उमेरमा उसकी आमाले दुधे बालकलाई छोडेर संसारबाट विदा लिएको छनक भेटिन्छ । दुधेबालक (केटीको भाइ) जब दुध खान खोज्छ त्यसबेला सौतिनी आमाले विभिन्न दुःख दिने गरेकोमा बाच्नुभन्दा मर्नु बेस हो भन्ने सोचेर जङ्गलमै बाघलाई खाइ दिन आग्रह गरेकी छन् । जस्तै-

**छोरी/बुहारीको बिलौना**

भैसी चर्न्या रनवन, गाईले चरनु हो ।
कान्छो भाइ जन्मथान खान्छ, मैले क्या मरनु हो ।
चेलीले बुहारी हुनु, रैछ गोरु जुनी ।
इजूको परायो भयो, ज्यूको चेलो पनि ।

यी गीतहरूमा पहिलो गीतले छोरीको बिलौना (दुःख) लाई प्रस्तुत गरेको छ भने अर्को गीतले बुहारीको दुःखलाई प्रस्तुत गरेको छ । छोरीले भैसी चर्ने ठाउँमा  गाईले चरेभ्रैँ भाइको अंशमा बहिनीको पनि अंश हुनुपर्ने थियो, बहिनीले मात्र किन पराइ घर जानु परेको होला भनेर आलङ्कारिक रूपमा पहिलो गीतमा भन्न खोजेकी छन् भने दोस्रो गीतमा बुहारीले पोइली घरमा सासुबाट पीडित हुनुपर्ने बोल्न नहुने, मनमा लागेको कुरा भन्न नहुने, जे भएपनि चुप लागेर सहनु पर्ने गोरु जस्तै अमुक हुनुपर्ने र आफ्नो श्रीमानले पनि सहयोग नगर्ने गरे पनि उनकी आमाले रिसाउने वा पराइ ठान्ने जस्ता दुःखहरू बुहारीले भोग्न परेको बताएकी छन् ।

**अन्य केही बिलौनाहरू**

न मैले निखलै खायाँ, नमैले दुध पायाँ ।

न त हाँस्याँ न त रोयाँ, यसाइ दिन भुत्कायाँ ।

न भयो सूर्यको दर्शन, न त पऱ्यो पानी ।

कुइराले जेलेको रैछ, मेरो जिन्दगानी ।

आलङ्कारिक भाषाशैली मुछिएका प्रस्तु गीतिमय पङ्क्तिहरूले सरल रूपमा अर्थ प्रकट गरेका छन् । मैले न त दुध पाया न दुध बिना खाना नै खाया अर्थ कै दृष्टान्तको रूपमा पनि नहाँसैं न रोएँ भन्ने आएको छ भने अर्को सूर्य पनि देखिएन पानी पनि परेन र बादलमात्रै लागिरहेको छ त्यस्तै मेरो जिन्दगी पनि त्यस्तै भयो भन्ने उपमा दिएको छ । यसको सामान्य अर्थमा त राम्रो चिज पाउन सकियो न त त्यस्तै नराम्रो चिजलाई पनि स्वीकार गरियो, न त धेरै दुःख भयो न त राम्रो सुख नै भयो जीवन बादल भित्रको सूर्यझै अन्धकारमै बित्यो भन्ने बताउँछ ।

छ.घ.घ.छ देउडा गीतमा प्रश्नोत्तर

एक अर्काको बुद्धि जाँच्न, अड्को थाप्न अथवा परास्त पार्ने अभिप्रायले देउडा गीतमा एक पक्षले प्रश्न गर्छ र अर्को पक्षले उत्तर दिनुपर्ने हुन्छ । यदि उत्तर दिन नसकेमा उसको हार हुन्छ । यस्ता प्रश्नोत्तरात्मक गीतहरू गाउँखाने कथाजस्ता हुन्छन् तर देउडामा यस्ता गीतलाई झिट्टा वा झिल्टा भनिन्छ ।

छत्तिस वल्ल पाँच हलीको, एकै छ हलानु ।

तल जमिनमाथि पाखो, ता माथिको कामु ।

अर्थात छत्तिस गोरु पाँच जोत्ने मानिस, एउटा फाली र जमिन माथि पाखो (छाना) त्यस माथि काम गरेको के हो ? यहाँ प्रश्न गरेको छ यसको प्रतीकात्मक उत्तर खोज्नुपर्छ । उत्तर यस्तो हुन्छ- ३६ गोरु भन्नाले क देखि ज्ञ सम्मका वर्ण, पाँच हली भन्नाले हातका पाँचवटा औला (जोत्नेवाला) एकै हलानो (फाली) भनेको एकै कलम, तल जमिन पृथ्वी नै हो, पाखो (छाना) भनेको लेख्ने कापी ता माथिको कामु (काम) भन्नाले कापी माथि लेख्ने काम भन्ने हुन्छ । एउटा अर्को गीत हेरौं-

आगाको कलेजो क्या हो ? पानीको हाण क्या हो ।

स्वर्गको लिसिनु क्या हो ? धर्तीको वाण क्या हो ।

यहाँ चारवटा प्रश्नहरू स्पष्ट छन् । आगोको कलेजो कोइला हो पानीको हाण (हड्डी), ठाडा -धेरै चिसोमा आफै जमेको पानी) हो । स्वर्गको लिसिनु (सिडी) इन्द्रायणी र धर्तीको वाण (बार) भनेको कुहिरो हो ।

हजारीको घुतो हैकी, कुयँली ऐरी है ?
माया गर्न्या मित्र हैकी, दुःख दिन्या बैरी है ?
कुयँलिखि कुयँली हुँ, ऐरीखि ऐरी हुँ ।
मु मु भन्या मानिसखि, म पनि बैरी हुँ ।

छ.घ.घ.ट देउडा गीतमा वादविवाद

वादविवादमा आ-आफ्ना तर्कलाई बलियो बनाउने गरिन्छ । एउटाले भनेको तर्कलाई अर्कोले आफ्नो तर्कद्वारा कमजोर पार्ने र आफ्नो तर्क बलिया बनाउने काम गर्छ । यस्ता तर्कवितर्कहरू जातजातिका बिच, साथीभाइका बिच, लोग्ने स्वास्नी बिच हुने गर्छन् । वादविवादयुक्त गीतहरू दोहोरी गीत अन्तर्गत पर्दछन् । आनिवानी, चरित्र र महत्वपूर्ण घटनाका बारेमा वादविवाद अगाडि बढ्छ । जस्तै-

उकालीका गुना बाँदर, ओराली मेल्खाना ।
कसो मान्छी लुहार, दाई बम्बैका भेल्काना ।
एकजना खर्दार पण्या, पहलमान स्वार पण्या ।
जिल्लामा तिनजना ठालु, म एउटा ल्वार पण्याँ ।

माथि उल्लेखित दुईवटा सम्वादमय गीतहरूमा पहिलो वक्ताले अर्कोलाई तिमी त जेलमा परेको मान्छे तिमी नराम्रो काम गर्ने भनेर हेप्न खोजेको छ । दोस्रो वक्ताले एकजना खरिदार र साहित्यकार पहलमान सिंह स्वार जस्ता ठुला व्यक्तिहरू पनि जेलमा पऱ्या, म लुहार भएर पनि यी ठुला व्यक्तिहरू जस्तै भएर खरिदार र स्वार जस्तै तेस्रो ठुलो व्यक्ति भएँ भनेर आफ्नो तर्कलाई बलियो बनाएको छ । यस्तै बाबुछोरामा पनि कहिलेकाही विवाद पर्न सक्छ । यसको एउटा उदाहरण हेरौं-

बुबा- बुढा आमाबाबु छोडी, के छ तेरा मन
जुवाले राज बिक्री गरी, पाण्डव बस्या वन ।
छोरा- जुवामा दिल बस्यो मेरो, खेल्छु घुँडा धसी ।
पाण्डवले राज्य पायो, बाह्र वर्षपछि ।

बुढा आमाबाबुलाई घरमा छोडेर पैसा कमाउन विदेश गएको छोराले त्यहाँ पैसा कमाउनुको सट्टा जुवातास खेल्ने गरेर ऋण बढाउन थालेपछि बुबाले अति चिन्तित भई घरबाट चिठ्ठीमा जुवातास नगर्नु जसको कारण पाण्डवहरूले राज्यसमेत बेच्नु परेको थियो । बरु घरमा आउनु बुढा आमाबाबुको सेवा गर भन्दा विदेशमा जुवाको लतमा परेको छोराले मेरा दिल (लत) जुवामा बसी सक्यो म अब छोड्न सक्दैन बरु अझै बढी गर्न सक्छु, पाण्डवहरूले एकपटक राज्य बिक्री गरेपनि बाह्र वर्ष पछि फिर्ता पाएका थिए' भन्ने कुरालाई दर्शाएर जुवाडी व्यक्तिको भित्री आत्माको प्रकाश गरिएको छ ।

छ.घ.घ.ठ देउडामा अर्ती, उपदेश

बुढापाका मान्छेले भविष्यका पिडीलाई सही बाटोमा हिड्नका लागि दिइने ज्ञानलाई उपदेश भनिन्छ । उपदेश नीतिशास्त्रका आधारमा धर्मका आधारमा, कुनै ठुला मान्छेको उदाहरण दिएर दिन सकिन्छ । उपदेशले मानिसको असल चरित्रनिर्माण गर्नमा सहयोग गर्दछ । यस्ता उपदेशहरू अरुको उपकार गर्नु, दानधर्म गर्नु, राम्रो बोल्नु अरूलाई दुःख नदिनु, ठुलो मानिसको सेवा गर्नु आदि जस्ता विषयमा दिइन्छन् । देउडा गीतमा पनि यस्ता अर्ति उपदेशहरू रहेका हुन्छन् । जस्तै-

सकेमा उपकार गर्नु, अपकार नगर्नु ।
न गर्नु अर्काको हानी, परेपनि मर्नु ।

कृष्ण पनि गोरु ग्वाला, राम पनि शिकारी ।
युधिष्ठिरको बनवास, सुदामा भिकारी ।

जीवन त सपना रैछ, सत्य रैछ ईश ।
ऐ धर्ती अम्रितको घडा, ऐ धर्तीमै विष ।

सकेसम्म अर्काको उपकार गर्नु तर अपकार भने कहिल्यै नगर्नु अर्काको हानी गर्ने काम मरेपनि नगर्नु । भगवान कृष्ण जस्ताले पनि गाईको गोठालो हुनुपर्‍यो, रामले शिकारी भएर सुवर्ण मृगका पछि लाग्नु पर्‍यो, युधिष्ठिरले राज्य त्यागेर बनवास जानु पर्‍यो भने सुदामाले भिकारी हुनुपर्‍यो, जस्ता अर्थ प्रस्तुत गर्ने माथिका गीतमा दुःख सबैलाई पर्छ, तर धैर्यताका साथ सामना गर्नुपर्छ भन्न खोजेको छ । जीवन त सपना मात्रै हो सत्य भनेको

ईश्वर हो यो धर्तीमा जे पनि छ, अमृत पनि यही छ भने विष पनि यही छ तर मानिसले प्रयोग गर्न जान्नु पर्छ भन्ने कुरा व्यक्त गर्न खोजेको छ ।

छ.घ.घ.ड देउडा गीतमा शिक्षाको महत्व

शैक्षिक विकासका दृष्टिकोणले डोटी पिछडिएको जिल्ला भएता पनि हाल आएर शिक्षा पढ्नु पर्छ भन्ने कुरा सबैको आत्ममा सल्वलाउन थालेको छ । त्यहाँका प्रबुद्ध व्यक्तिहरू शिक्षाको महत्वलाई देउडा गीतमा धारा प्रवाह गर्दछन् । जस्तै-

न हावाले उडाउन्या, न पानी गल्न्या ।
न घामले सुकाउन्या, न आगोले बल्न्या ।

न त भाइको अंश लाग्न्या, नचोरले चोर्न्या ।
अमूल्य शिक्षाको ज्योति, सब्ले लिनुपर्न्या ।

यी गीतहरूमार्फत शिक्षाको महत्व ज्यादै कलात्मक तरिकाले प्रस्तुत गरिएको छ । हावामा नउड्ने, पानीमा नगल्ने, घाममा नसुक्ने, आगोमा नडढ्ने, भाइहरूको अंशमा पनि नपर्ने, चोरले पनि नचोर्ने यस्तो मूल्याङ्कन गर्नै नसकिने वस्तुलाई सबैले लिनुपर्छ, कालिदासजस्ता महामूर्खलाई पनि महाकवि बनाउने शिक्षालाई सबैले आत्ममा राख्नुपर्ने उपदेशात्मक सन्देश दिएको छ । आजकाल पढाउने तरिका समेत गीतमा प्रस्तुत हुने गरेको पाइन्छ । जस्तै-

पेसा जात विशेषण, सर्वनाम थर ।
यीनु बढी दीर्घै हुन्छन्, दीर्घै लेख्ने गर ।

छ.घ.घ.ढ देउडा गीतमा स्थान परिचय

देउडा गीतमा कुनै स्थान विशेषलाई विषयवस्तु बनाएर पनि यसको प्रस्तुतीकरण गरिन्छ । कुनै पनि ठाउँको भौगोलिक प्राकृतिक, धार्मिक, ऐतिहासिक महत्व अनुसार परिचय देउडा गीतबाट नै दिन सकिन्छ । डोटी बोगटानको परिचय देउडा गीतमार्फत यसरी दिन सकिन्छ-

पुर्वमा खप्तड पऱ्यो, क्या राम्रा छन् जीव ।
पश्चिमतिर अश्वालामा, निवास गर्छन शीव ।

उत्तरमा सकार पऱ्यो, हरियाली वन ।
दक्षिणमा गोलेश्वरी, रहर लाग्दो झन ।

खप्तडबाट शैलावती, दिन्छन् शुद्ध जल ।
यी चारै दिशाका, बिच बग्छन् सलसल ।

उत्तर दक्षिण खोलानाला, बग्छन् अनेक ।
यी सबैको संग्राम स्थल, शैलावती एक ।

प्रस्तुत गीतहरूले बोगटान क्षेत्रको परिचय छोटकरीमा दिएको छ । थोरै शब्दमा धेरै वर्णन गर्न यहाँ देउडा गीत मार्फत सजिलो भएको देखिन्छ । पुर्व, पश्चिम, उत्तरदक्षिण दिशाका साँध सीमानाहरू दुईटै गीतमा स्पष्ट रूपले व्यक्त भएका छन् भने अन्य दुई गीतले उत्तरबाट दक्षिण र दक्षिणबाट उत्तर बग्ने अनेक (धेरै) खोलानालाहरू रहेका र यी सबै खोलानालाहरू ठुलीगाडमा मिसिएर बग्ने कुरा वर्णनात्मक ढङ्गमा प्रस्तुत छ । यस्तै एकछिन जिल्ला परिचय पनि हेरौं-

अलाडी मोहन्याल मन्दिर बोगटान केदार ।
दशमी तिनका तिथि, तीर्थालु हजार ।

यसरी डोटी जिल्लाको परिचय पनि देउडा गीतमा दिइनुले अन्य स्थलको परिचय पनि देउडामा दिन सकिने कुरा स्पष्ट हुन्छ । डोटी जिल्लाको पुर्वमा अछाम पश्चिममा सेती नदी, उत्तरमा बझाङ्ग जिल्ला, दक्षिणमा कैलाली रहनुका साथै प्रमुख देवताहरू र रहेकोस्थान समेत छोटकरीमा चर्चा गरिएको छ ।

छ.घ.घ.ज्ञण देउडा गीतमा विभिन्न चाडपर्वहरू

देउडा गीतको पालनपोषण गर्ने काम विभिन्न पर्वहरूले गरेका छन् । विभिन्न पर्वका अवसरमा देउडा गीतले पनि जनमानसमा भित्र गुम्सिएर रहेका भेलहरूलाई बाहिर पोख्ने अवसर पाउँछ । डोटेली समाजमा विभिन्न पर्वहरू र देउडा गीत एक सिक्काका दुई पाटा जस्तै भएर रहेका छन् । परम्परागत रूपमा मान्दै आएको चाडपर्व परेको दिन नभएपनि देउडा खेल खेल्न पाइयो भने यहाँका मानिसहरू ठुलो चाड भएको मान्दछन् । त्यस्तै चाडपर्वमा देउडा खेल भएन भने त्यो चाड पूर्ण नभएको मानिन्छ । धेरैजसो पर्वहरूको कार्य नै देउडा रहेको हुन्छ । दसैं भुवा, होरी जस्ता चाडपर्वहरू देउडा खेल्नका लागि मात्र बनाउने चलन पनि पाइन्छ । दसै, भूवा आदिमा देउडा भएन भने त्यो चाड अधुरै भएको वा त्यसको कुनै सार्थकता नभएको मानिन्छ । यसरी विभिन्न चाडपर्वमा आफूले प्रस्फुटन हुने मौका

पाउने देउडा गीतले ती चाडपर्वहरूको महिनाको बारेमा पनि बढाइचढाइ गरी वर्णन गर्न पछि पर्दैन । हेरौं देउडा गीतले चाडपर्वहरूको वर्णन कसरी गरेका छन् त-

दुत्याकी फुलकी माला, दसैका जमरा ।
जन्माष्टमी नागपञ्चमी, भदौकी गमरा ।

मैखी भै घाँटीको पासो, मेरा फूल भाडी ।
जन फुलेइ पुसका मैना, दिपावली छाडी ।

मेरा गाउँकी टिक्या दसैं, साइका गाउँ भो हुनी ।
साइका खेल खेल्न पाया, नखाएइ धो हुनी ।

गाँखेत रामनौमी होली, नाची जान्ना डोल ।
असाण मुख्यका खेत, बजिजाली ढोल ।

विसु होली फागु होली, होली चैत्या दसैं ।
तीजखी बोलाया ईजू, खबर लाया कसै ।

माग्या त्यार याँइ पुरेउनु, ईजू मैखी माणा ।
मैले छ पुगनु पर्न्या, घाँस काटन्या डाणा ।

उपयुक्त गीतहरूले विभिन्न चाडपर्वहरूको परिचय र एकै शब्दमा भएपनि त्यसको विशेषतालाई झल्काएको छ । दुत्या (दिपावली) मा फूलको माला लगाउनु, दसैमा जमरा पैरनु, खेल खेल्नु, भुवामा पनि खेल खेल्नु, तीजमा छोरीलाई माइत बोलाउनु माघको तिहारमा माडा (चामलको पिठोबाट बनेको एकप्रकारको रोटी) छोरीको घरैमा दिनुका साथै नागपञ्चमी जन्माष्टमी, गमरा, विसु, फागु, चैत्यादसै, रामनवमी आदिको बारेमा सटिक वर्णन गरिएको छ ।

छ.घ.घ.ज्ञज्ञ देउडा गीतमा प्राकृतिक चित्रण

देउडा गीत सिर्जनाका कारक तत्वका रूपमा प्रकृतिलाई पनि लिन सकिन्छ । देउडा गीत प्रकृतिसँग टुसाउने झागिने र फैलिने काम गर्दछ । चैत्र बैशाख वसन्त ऋतुको आगमनमा वनपाखा र खोलानालाहरूमा पालुवा पलाएको देख्ने बित्तिकै गीत गाउन नजान्नेले पनि एकछिन गुनगुनाउँछ । गीतको लय मिलाउँछ र उसको मनमा एक किसिमको उमङ्ग पैदा हुन्छ । देउडा गीतमा एकातिर वासन्तिक सौन्दर्यको चित्रण र एकातिर मायाप्रेम प्रकट गर्ने

धेरै ठाउँ गरेको पाइन्छ । हुन पनि वसन्त आगमन र मानवमा यौवनको आगमनलाई तादातम्य चित्रण नेपाली साहित्यको धेरै विधामा भएको पाइन्छ । देउडा गीतहरू पनि प्रकृतिको स्वरूप अनुसार फरक फरक हुन्छन् । जस्तै-

**वसन्त ऋतुका गीत**

कालो लेक रमाइलो होला, काफल पागन्नारे ।
साई पोइल नजान्या होल्ली, झल्का लागन्नारे ।
रानीवन रमाइलो भैग्यो, पलाइगया पाला ।
बाजपाला फलाटी पाला, दाइको वल्ल खाला ।
नेउला कोइला चराचुरी, वनम्मा वासन्ना ।
वरिपरी डाडाकाडा, मुसुक्क हासन्ना ।

**वर्षा ऋतुका गीत**

द भन्दा दडिमाना राम्रो, ठम्केको सातलो ।
वर्षा पापी क्यालाग्दो हो, मुन्टामी पातलो ।
नसी जा वरिखा पापी, लाग लणेली हिउन ।
ओरिपरी ओशै ओश, ओपानु काँई छैन ।
दिन्का दिन बगेका बगेइ, समुन्द्रका भेला ।
गङ्गाजी हपक दिनो धन्न छडी खोला ।

**हिउँदका गीत**

मैना राम्रो असौजको, धानको बालो निउरी ।
जाँ साइ जान्छै त्या म लैजा, कम्मरमा सिउरी ।
नामर्दलाई इज्जत छैन, अल्छिलाई काम छैन ।
जन आएइ पुसका मैना, मेरा गाउँ घाम छैन ।

उपरोक्त गीतहरूले ऋतु अनुसारको भाव प्रस्तुत गरेका छन् । मान्छेले वसन्तमा पालुवा पलाउने, नेउली कोइलीहरू कराउने, काफल पाग्ने जस्ता प्राकृतिक चित्रण छ भने वर्षामा पानी धेरै पर्ने खोलानालाहरू धेरै बढ्ने हिउँदमा घाम कम लाग्ने चिसो हुने जस्ता प्राकृतिक वरदानहरूको वर्णन गरिएको छ ।

### छ.घ.घ.ज्ञद्द देउदा गीतमा स्थानीय जनजीवनको चित्रण

देउडा गीत परम्परागत लोक संस्कृति हो । समाजमा रहेका परम्परागत मान्यताहरूलाई देउडा गीतमा झल्काउने काम प्राय यसको क्षेत्रको सबै समाजमा रहेको पाइन्छ । यी मान्यताहरूका साथै भेषभूषा रहनसहन पनि देउडामा झल्किएको हुन्छ । स्थानीय जनसाधारणका मौलिक भावनाबाट देउडा गीत स्वस्फूर्त प्रवाह हुने भएकोले यसले समसामयिक रीतिस्थिति चालचलन, बानीव्यवहारहरूको वर्णन गर्दछ । जस्तै-

**पहिरन सम्बन्धी गीत**

वैकान लाउना सुर्वाल भोट्या, स्वानी गावन चोला ।
वैशाखै घन्कन लागि धन्न, बुबा खोला ।

अचेल रे सटपाइन्ट आया, सुर्वाल भोट्या छाडी ।
चेली लाउनीन कुर्तासुर्वाल, सोइनी लाउनिन साडी ।

मुन्टा वाध्न्या सोतो चोट्को, चौअन्नीकी माला ।
अवरे हराउन लाग्यो, उ पुरानो चाला ।

प्रस्तुत गीतिमय पङ्क्तिहरूमा परम्परादेखि लोग्ने मान्छेले सुर्वाल, भोटो लगाउने र आइमाइले घागरी र चोलो लगाउने युवतीहरूको टाउकामा सेतो पटुका र गलामा चाँदीका पैसाको माला लगाउने गरेकोमा हाल आएर लोग्ने मान्छेले सटपाइन्ट आइमाइले सारी ब्लाउज र युवतीले कुर्तासुर्वाल लगाउने गरेकोमा बुढापाकाहरूले चिन्ता व्यक्त गरेको कुरा बुझिन्छ ।

**खानपिन सम्बन्धी गीत**

कसैखी वास्मति खानु, कसैखी कोद्या नै ।
कसैखी चौअन्नी माला, कसैखी पोत्या नै ।

रुन्छ मन दर्कन्छ छाती, सम्झन्छु जैवैला ।
कित खानु ताल्या माणो, कि खानु दैकेला ।

भैसाको गोठालो हुनु, दुधकि तर्खानु ।
विन्द्रा वनको चरी हुनु, पाकेको फल खानु ।

गीतबाट प्रष्ट बुझिन्छ कि- कसैलाई वासमती चामलको भात खानलाई प्रशस्त छ भने कसैलाई कोदो पनि छैन । यसको अर्थ कोदो सबैभन्दा कमसल र वासमती सबैभन्दा राम्रो अनाज हो भने कसैले कोदो पनि नपाउनु र कसैका लागि वासमती पनि प्रशस्त हुनुले यहाँ प्रगतिवादी भावधारा प्रकट भएको छ । जो हाम्रो समाजमा अझै प्रचलित छ । अर्को गीतले खानामा मिठो सबैभन्दा ताल्या माडो र दैकेला हुन्छ । गोठालो हुनु भैँसीको दुध खानु पनि राम्रै हो भन्ने धारणा आएको छ । यी गीतहरूबाट हाम्रो जनजीवनका प्रचलनहरू खानपिन शोषण अत्याचार गाईभैसा पाल्न्या काम आदि प्रस्ट देखिएका छन् । यस्तै जातीय भेदभाव सम्बन्धी एउटा गीत हेरौँ-

म त हुँ दमाईकी चेली, तुइले मसं खेली ।
अन्याभ्या गौदान अरेइ, नत्र संसार जेली ।

यहाँ उल्लेखित 'दमाई' शब्दले दलित वर्गको एउटा जात विशेषलाई जनाउँछ । दलितको छोरीसँग देउडा खेल्दा इज्जत खसेको मान्ने परम्परा एकातिर झल्केको छ भने एकातिर गौदान गरेर शुद्ध भएको मान्ने पुरानो रुढीगत धारणा पनि प्रष्टिएको छ । यस्तै धार्मिक मान्यता पनि यस क्षेत्रको समाजमा परापुर्वकालदेखि नै रही आएको छ । देउडा गीतमा पनि धार्मिक मान्यताको चित्रण भएको पाइन्छ । जस्तै-

धर्मगन्या कर्म हुन्छ, धर्मैले मान हुन्छ ।
खायको सर्वत हुन्छ, दिएको दान हुन्छ ।

देउ पूज्नु देवता पूज्नु, धर्मकर्म गर्नु ।
भगवान्को नाम जप्न, पछाडि नपर्नु ।

प्रभात सबेरै उठी, नाउन धारा जानु ।
नित्य कर्म सकेपछि, तब मात्र खानु ।

यी माथिका गीतहरूमा धर्मकर्मको महत्व र तरिका उल्लेखित भएको छ । धर्म गऱ्यो भने मानमर्यादा हुने कर्म पूरा हुने भन्ने मान्यता अनुरूप दानपुण्य गर्नु देवीदेवताहरूलाई पूज्नु बिहान सबेरै उठेर स्नानगरी शुद्ध भई पाठ पूजा गरेपछि मात्र खाना खानु जस्ता धार्मिक प्रक्तियाहरू व्यक्त भएका छन् । यस्तै यहाँको समाजमा छाउपडी मान्ने चलन पनि छ ।

रजोवती भएकी युवती तथा आइमाइले अर्कालाई छुन नहुने र अलग्नै सुत्नुपर्ने मान्यतालाई देउडा गीतमा यसरी व्यक्त गरिन्छ-

छाउपडी अलग्गै राइनी, फूलाएका बाल ।
टाढाई रनु टाढाई खानु, टाढाई चलन चाल ।

यो त हो देवती थान, छाउ हैकि चोखी है ।
अघि सोद्ना विसरीग्या, खाइ हैकि भोकी है ।

यहाँ छाउपडी भनेको रजोवती हो जसले रौं पनि कोरेको हुँदैन । छाउपडीले अरु मान्छेबाट चारदिनसम्म अलगै रहनुपर्ने र देवदेवताहरूका मन्दिरमा सातदिनसम्म प्रवेश गर्न नपाइने मान्यता हाम्रो समाजमा रहेको छ, जो यहाँ प्रस्तुत छ ।

देउडा गीतमा प्रयोग हुने विभिन्न उपकरण, शब्दशक्ति र यसका गायन सन्दर्भका आधारमा देउडा गीत विश्लेषण गरिएको छ । देउडाले प्रस्तुत गर्ने भाव वा अर्थ, सङ्गीत, भाषाशैली विम्ब अलङ्कार शब्दशक्ति तथा देउडा गीतमा परिचय भलाकुसारी, देउडामा आर्शिवाद, गालीगलौज, गीतमार्फत गरिने दुःखको प्रकटिकरण, प्रश्नोत्तर, वादविवाद र अर्ति उपदेशको आधारमा गीतलाई समेत राखेर त्यसमा प्रयोग भएका शब्दको अर्थ समेतलाई केलाएर देउडा गीतको विश्लेषण गर्न सकिन्छ । यसरी हेर्दा देउडा गीत जीवनका सम्पूर्ण कृयाकलापमा प्रयोग हुने देखिन्छ । बुढापाकाहरूले होस् वा बालबालिकाहरूले होस् वा यौवना नारी पुरुषले होस् जसले पनि देउडाको प्रयोग गरेको पाइन्छ । संवाद, वादविवाद, परिचय, प्रश्नोत्तरका सन्दर्भमा गाइने गीतहरू प्रायः दोहोरी नै हुन्छन् भने अर्ति, उपदेश, आर्शिवाद तथा टुहुराका र दुःखारीका बिलौनाहरू एकल रूपमा हुन्छन् । दुःखका गीतहरू आफैमाथि लक्षित हुन्छन् भने अन्य गीतहरू अरुमाथि लक्षित गरेका हुन्छन् । जेहोस् गीतमा विषयवस्तु वा भाव रहन्छ, सङ्गीत वा लयविधान त यसको मुटु नै हो भन्न सकिन्छ । देउडा गीतहरू अन्त्यानुप्रासयुक्त वार्णिक छन्द वा लोकलयमा अलङ्कारीक तर सरल र स्थानीय भाषामा प्रस्तुत हुन्छन् । विभिन्न चाडपर्वहरू, प्राकृतिक सौन्दर्य र स्थानीय चालचलन परम्परा यसका उत्पादक नै हुन् भन्न सकिन्छ ।

# परिच्छेद छ

# शोधसार

यस परिच्छेदमा प्रत्येक परिच्छेदको सारांश र छोटकरीमा निष्कर्ष प्रस्तुत गरिएको छ ।

## ६.१ शोधसार

यस शोधपत्रको पहिलो परिच्छेदमा राखिएका शोधपरिचय अन्तर्गत शोध शीर्षक, शोधार्थी, शोध प्रयोजन, विषय परिचय, समस्या कथन, शोधकार्यको उद्देश्य, पुर्वकार्यको समीक्षा, शोधकार्यको औचित्य, यसको सीमा, शोध विधि र शोधपत्रको रूपरेखा आदिले शोधको मुर्ततालाई प्रष्ट्याएको छ । त्यस्तै यसको दोस्रो परिच्छेदमा डोटी जिल्ला, बोगटान क्षेत्रको सामान्य परिचय दिइएको छ । यस क्रममा डोटी जिल्लाको नामाकरण, ऐतिहासिक सन्दर्भ, राजनीतिक विभाजन, भौगोलिक तथा प्राकृतिक परिचय, सामाजिक परिचय, शैक्षिक अवस्था, धार्मिक तथा ऐतिहासिक स्थलहरूमा शैलेश्वरी मन्दिर र खप्तड राष्ट्रिय निकुञ्जको परिचय दिइएको छ । त्यस्तै बोगटान क्षेत्रको भौगोलिक तथा ऐतिहासिक परिचय, प्रमुख देवस्थलहरूमा केदार, मोहन्याल मन्दिर र मालिका, प्रमुख खेतीपाती, झरना, नदीहरूमा भेल्छडा र नानीगाड नदी, उद्योगकला, लोक साहित्यिक विधाहरूमा लोकगीत, लोककथा, लोकगाथा, गाउँखाने कथा, लोक नृत्य र उखान टुक्काहरूको सामान्य परिचय दिइएको छ । यहाँका प्रचलित संस्कारहरूमा जातकर्म, षष्ठीपूजा, नामाकरण, अन्नप्राशन, चुडाकरण, व्रतबन्ध, विवाह र मृत्यु संस्कार रहेका छन् भने चाडपर्वहरूमा बिसौं, गङ्गादशाहारा, ओल्के, गौरापर्व, हरितालिका तिज, दसैं, तिहार, भुवाँ, माघेसंक्रान्ति र शिवरात्री रहेका छन् । त्यहाँ वर्णन गरिए अनुसार नेपालको सुदूरपश्चिमाञ्चल विकासक्षेत्र अन्तर्गत पर्ने डोटी एउटा पहाडी जिल्ला हो । यसै जिल्लाको उत्तरी सीमानामा खप्तडको पश्चिमतिर अस्द्राला गुफा, शैलावती नदी र भेल्छडा झरना रहेको तिनवटा मालिका देवी, तामेश्वरी, गोलेश्वरी र नेत्रेश्वरीको बिच भागमा हिन्दू संस्कार र प्राकृतिक सम्पदाले भरिपूर्ण बोगटान क्षेत्र रहेको कुरा थाहा हुन आउँछ । यसै शोधपत्रको तेस्रो परिच्छेदमा देउडा गीतको सैद्धान्तिक परिचय प्रस्तुत गरिएको छ । त्यसमा पनि देउडा गीतको परिचय, परिभाषा, ऐतिहासिक पक्ष, यसको क्षेत्र र प्रयोग, देउडा गीतको संरचना अन्तर्गत कथ्य, भाषा, चरण वा पद, लय र भाका, छन्द आदिको परिचय दिइएको छ । देउडा गीतको प्रयोजन अन्तर्गत आनन्दको अनुभव, अनुष्ठानको सम्पादन, समसामयिक लोकजीवनको अभिव्यक्ति, सामूहिक गायनको प्रयोग र अन्तर्हृदयका कुराहरूलाई प्रष्फुटित गर्नु इतिहास तथा सांस्कृतिको संरक्षण, सामाजिक, प्राकृतिक, धार्मिक

महत्व रहेको छ । यस पक्षले देउडाको विविध पक्षसँग नजिकिने अवसर दिएको छ । त्यसैगरी देउडा गीतलाई सहभागिताका आधारमा एकल दोहोरी र सामूहिक, लय वा भाकाका आधारमा ठाडी भाका र थेगो प्रयोगको भाका, विषयवस्तुका आधारमा सामाजिक विषयका गीत, ऐतिहासिक विषयका गीत, पौराणिक विषयका गीत, राजनीतिक विषयका गीत, प्रेम सम्बन्धी गीत, भाषका आधारमा विशुद्ध स्थानीय भाषा प्रयोगका गीत र अन्य तत्सम्, आगन्तुक शब्द प्रयोगका गीत र रसका आधारमा शृङ्गार रस सम्बन्धी गीत, करुण रस सम्बन्धी गीत, शान्त रस सम्बन्धी गीत, वीर रस सम्बन्धी गीत, अद्भुत रस सम्बन्धी गीत गरी यसको वर्गीकरण गर्नुका साथै सहज उपलब्धी, मौखिक परम्परा अकृतिमता, स्वच्छन्दता, सामूहिक भाव भूमि, उपदेशात्मकता, प्रश्नोत्तर प्रवृत्ति, सङ्गीतमयता, प्रतीकात्मकता, लयात्मकता जस्ता विशेषताहरूको सामान्य परिचय दिइएको छ । देउडा गीत एक मनोरञ्जनपूर्ण मौखिक परम्परागत रूपमा लोक जीवनमा रहदै र मौलाउँदै आएको छन्दोवद्ध डोटेली भाषाको जुनसुकै समयमा र जहाँ पनि गाइने नेपाली लोकगीत अन्तर्गतको ज्यादै महत्वपूर्ण विधा हो ।

प्रस्तुत शोधपत्रको चौथो परिच्छेदमा 'डोटी बोगटान क्षेत्रमा प्रचलित देउडा गीतको वर्गीकरण र विश्लेषण' गरिएको छ ।  यसको वर्गीकरण विषयवस्तुका आधारमा प्रेमप्रधान, सामाजिक, धर्म प्रधान, ऐतिहासिक, पौराणिक, प्रगतिवादी, ऋतुसम्बन्धी, उपदेशात्मक र प्रस्तुतीकरणका आधारमा एकल, दोहोरी र सामूहिक देउडा गीत गरी तिन भागमा विभाजन गरिएको छ । त्यस्तै रसका आधारमा देउडा गीतलाई शृङ्गारीक रसका गीत, वीर रसका गीत, करुण रसका गीत, अद्भुत रसका गीत, रौद्र रसका गीत, हास्य रसका गीत, विभत्स रसका गीत, शान्त रसका गीत र भयानक रसका गीतका साथै लय वा भाकाका आधारमा देउडा गीतको वर्गीकरण, ठाडी भाका प्रयोगका गीत, डेढी भाका प्रयोगका गीत र थेगो प्रयोगका गीत गरी यसको वर्गीकरण गरिएको छ । देउडा गीतको विश्लेषण तत्वगतमा भावात्मकता, लयात्मकता, छन्द प्रयोग, भाषाशैली र अलङ्कार प्रयोग र अर्थगत विश्लेषणमा अभिधार्थ, लक्ष्यार्थ र व्यङ्ग्यार्थ रूपमा यसको विश्लेषण गरिएको छ । यसको विषयगत विश्लेषण गर्दा परिचय तथा भलाकुसारी, आर्शिवाद, गालीगलौज, दुःख, प्रश्नोत्तर, वादविवाद, महत्व, स्थान परिचय, चाडपर्वहरू प्राकृतिक चित्रण, स्थानीय जनजीवनको चित्रण गरी अलग अलग विश्लेषण गरिएको छ । यसबाट डोटेली समाजमा देउडा गीतको विषय र क्षेत्र विस्तृत

रहेको छ भन्न सकिन्छ । देउडा गीतमा विभिन्न किसिमका तत्व र शब्द शक्तिमा अभिधार्थ भन्दा पनि लक्ष्यार्थ र व्यङ्ग्यार्थ अधिक रहनुका साथै असङ्ख्य विषयवस्तु रहेको पाइएको छ ।

## ६.२ उपसंहार

'देउडा' शब्दको शाब्दिक अर्थ टेढो, बाङ्गो वा छड्के भन्ने हुन्छ । देउडा खेल्दा पैतलो वा पादपङ्क्ति डेढी वा छड्के पर्ने र गाउँदा पनि डेढ पटक गाउनुका साथै यसमा प्रयुक्त शब्दको अर्थ पनि घुमाउरो वा लक्षणात्मक र व्यङ्ग्यात्मक हुने भएकोले यसलाई देउडा गीत भनिएको हुनुपर्ने अनुमान गर्न सकिन्छ । स्थान अनुसार यसलाई देउडा, देउडा, ड्यौडा र डोटेली लोकगीत आदि जस्ता शब्दले चिनाउने गरिएको भए तापनि डोटी बोगटान क्षेत्रमा यसलाई 'देउडा' भन्ने गरेको पाइएकोले यस कार्यमा पनि देउडा नै भनिएको छ । एउटा देउडा गीत बन्नका लागि दुईवटा गीतिमय चरणको आवश्यक पर्दछ । देउडा गीत डोटेली लोकजीवनमा मौखिक परम्परामा एक पुस्ताबाट अर्को पुस्तामा, एक व्यक्तिबाट अर्को व्यक्तिमा हस्तान्तरित हुँदै आएको मनोरञ्जनात्मक गीत हो । यो जन्मदेखि विवाहसम्म विभिन्न जीवन संस्कार र जात्रा, चाडपर्व, उत्सव आदि अनेकौं अवसरमा गाउने र खेल्ने गरिन्छ । परम्परागत डोटेली लोक साहित्य मध्येको सबैभन्दा बढी प्रचलित र धेरै व्यक्तिको आत्ममा बास गरेको देउडा गीत यहाँको जनजीवनको अभिन्न अङ्गको रूपमा रहेको छ । यो मनोरञ्जनका लागि मात्र नभएर लोक जीवनलाई सामाजिक, ऐतिहासिक, पौराणिक ज्ञान दिनुका साथै अर्तीउपदेश, ज्ञानविज्ञानका सन्देशहरू समेत छर्लङ्ग बुझाउनमा र परम्परागत चाडपर्वहरूलाई सम्पन्न गराउनमा यसको महत्वपूर्ण योगदान रहेको छ ।

देउडा गीत गायन र खेल वा नृत्य दुबै हो । गायनका लागि एक व्यक्ति मात्रै भएपनि हुने र जुनसुकै समयमा पनि गाउन सकिने भएकोले यो सर्वसुलभ भएको छ । देउडा खेल वा नृत्य हुनका लागि धेरै व्यक्ति, निश्चित स्थान, भाका, गीतेरु, पादतल आदिको आवश्यकता पर्ने भएकोले यसको प्रयोग विशेष चाडपर्व जीवनसंस्कार तथा समारोहहरूमा मात्र हुन्छ । देउडा खेल धेरै ब्यक्तिहरू एकआपसमा कुनै स्थानमा उपस्थित भई गोलघेरामा उभिएर, एक अर्कामा कुम जोडेर पादचालन तथा स्वरमिलाई विस्तारै बाँयाबाट दायाँ घुम्दै खेलिने खेल हो । धेरै व्यक्तिहरू एकै घेरामा उभिएतापनि गायन प्रक्तिया भने दुई समूहमा विभक्त भई पालोपालो भएर गरिन्छ । पाद चलाउँदा एक पाद पुरै, एक पाद आधा चलाइने र गोलवद्ध रूपमा टेढो हिड्नुपर्ने हुँदा यसको नाम नै देउडा रहन गएको मानिन्छ । देउडा खेल प्रायः महिला-महिला र पुरुष-पुरुष अलग्गै खेल्ने गर्दछन् । अहिले आएर सार्वजनिक समारोहमा भने

महिला-पुरुषको मिश्रित खेल पनि हुने गरेको पाइन्छ । यो खेल प्रायः दोहोरी र प्रतियोगितात्मक हुन्छ । तर्क, वितर्क र बलियो अभिव्यक्तिका आधारमा यसको मुल्याङ्कन गरिन्छ ।

देउडा गीतको प्रस्तुतीकरण एकल, दोहोरी र सामूहिक रूपमा ठाडी भाका, डेढी भाका तथा थेगो प्रयोगको भाकामा गर्न सकिन्छ । एकल गीतमा एकोहोरो अभिव्यक्ति हुन्छ भने दोहोरी र सामूहिक गीतमा सम्वादात्मक चिना परिचय, भलाकुसारी, प्रश्नोत्तर, वादविवाद आदि रहन्छ । भाकाको प्रयोग भने एकल तथा सामूहिक जे भएपनि ठाडीभाका र थेगो प्रयोग दुबै गर्न सकिन्छ ।

देउडा गीतमा साहित्यिक तथा रसात्मक भावनाहरू रहेका हुन्छन् । निश्चित छन्द र सङ्गीतमयता रहने र वार्णिक छन्दको प्रयोग गर्न सजिलो हुने भएकोले यस्ता गीतको रचना गर्न सजिलो परेको छ । एउटा देउडा गीत पूरा हुन दुईवटा अन्त्यानुप्रासयुक्त सङ्गीतमय हरफको आवश्यकता पर्दछ । केही अपवाद्लाई छोडेर पहिलो हरफमा जम्मा चौध अक्षर रहने र आठौं अक्षरमा विश्राम हुने गर्दछ । यस्तै गरी देउडा गीतमा प्रायः चौध अक्षर नै रहन्छन् । यी गीतहरूमा नेपाली साहित्यको माध्यमिक कालको खुट्टा काट्ने भाषाको प्रयोगको रूपमा गाइन्छ तर लिखित रूपमा यो अजन्त नै हुन्छ । स्थानीय जनसाधारणको भाषा हुने भएकोले यसमा बुझ्नका लागि भने त्यति अप्ठेरो पर्दैन । विभिन्न बिम्व र अलङ्कारको प्रयोग बढी मात्रा भएको पाइन्छ । प्रकृतिको मानवीकरण र प्रेमीप्रेमिकालाई प्रकृतिसँग तादात्म्य गर्ने प्रचलन पनि देउडा गीतमा धेरै छ । अर्थगत रूपमा हेर्दा यसमा अभिधार्थ भन्दा लक्ष्यार्थ र व्यङ्ग्यार्थ बढी प्रयोग भएको पाइनुका साथै श्लेष अर्थ पनि रहेको हुन्छ ।

देउडा गीतले विभिन्न विषयवस्तुलाई अँगालेको छ । यसमा एकै गीतले पनि फरक फरक विषयवस्तु अंगाल्दछ । गीतले प्रस्तुत गर्ने विषयवस्तु छोटो रहने हुँदा एकै हरफमा पनि सटिक ढङ्गमा प्रस्तुत भइहाल्छ तर गीत पुरा गर्न दुई हरफको आवश्यकता पर्ने हुँदा एकै गीतले पनि फरक विषयवस्तु अँगाल्दछ । गीत मार्मिक हुनका लागि एकै विषयवस्तु भएमा राम्रो हुन्छ । व्यक्तिगत परिचय र सामान्य कुराकानी देखि लिएर विविध ज्ञानविज्ञानका कुराहरूलाई देउडा गीतले आफ्नो विषयवस्तु बनाएको छ । यसमा स्थानीय जनजीवनको चित्रण, प्राकृतिक सौन्दर्यको वर्णन, दुःख-सुख  गाली-गलौज, वाद-विवाद, प्रश्नोत्तर, स्थानपरिचय, अर्ती-उपदेश, धार्मिक, राजनीतिक, ऐतिहासिक, पौराणिक ज्ञान देउडा गीतका प्रतिपाद्य विषय हुन् । बुढाबालक, युवायुवती, शिक्षित-अशिक्षित, सबैका हृदयमा समान रूपले बास गर्ने देउडा गीतको महत्व सर्वाधिक रहेको पाइन्छ ।

# सन्दर्भग्रन्थसूची


- अधिकारी, सूर्यमणि (२०४४) **पश्चिम नेपालको ऐतिहासिक अन्वेषण**, काठमाडौँ : नेपाल एसियाली, अनुसन्धान केन्द्र ।
- ओझा, देवीप्रसाद, (२०४९) **डोटी क्षेत्रको इतिहास तथा संस्कृति**, महेन्द्रनगरः सु.प.सा.से.अ.स. ।
- ओझा, रामनाथ र गिरी, मधुसुदन (२०५८), **शोधसिर्जना तथा संस्कृत काव्यशास्त्र**, काठमाडौँ : न्यु हिरा बुक्स इन्टरप्राइजेज ।
- कोइराला, शम्भुप्रसाद, (२०५६) **लोकसाहित्य सिद्धान्त र विश्लेषण**, विराटनगरः धरणिधर पुरस्कार प्रतिष्ठान ।
- चालिसे, विजय (२०३९) **डोटेली लोक संस्कृति र साहित्य**, काठमाडौँ, साझा प्रकाशन ।
- थापा, धर्मराज र सुवेदी, हंसपुरे, (२०४१) **नेपाली लोकसाहित्यको विवेचना**, काठमाडौँ : त्रि.वि.पा.वि.के. ।
- दास, कमलप्रसाद (२०५०) **डोटीको सङ्क्षिप्त ऐतिहासिक रूपरेखा**, समदर्शी (१:१ पृ. ११-१७) डोटी समाज सेवा ।
- ने.रा.प्र.प्र. (२०४१) **नेपाली बृहद् शब्दकोष**, काठमाडौँ ।
- पराजुली, कृष्णप्रसाद, (२०५७) **नेपाली लोकगीतको आलोक**, काठमाडौँ, विणा प्रकाशन ।
- पन्त, देवकान्त, (२०३२) **डोटेली लोक साहित्य**, काठमाडौँ, नेपाल तथा एसियाली अध्ययन संस्थान ।
- पन्त, देवकान्त (२०५१), **नेपाली तीजकथा**, धनगढी, कैलालीजन पुस्तकालय ।
- पनेरु, खेमराज (२०५०), **डोटेली लोक कविको जीवन दृष्टि**, देउडा गीतका सन्दर्भमा समदर्शी ( १:१ पृ. ६-१०), सिलगढी, समाजसेवा, डोटी ।
- पनेरु, नेत्रप्रसाद (२०५०), **हाम्रो लोक अभिनय**, समदर्शी (१:१ पृ. ४९-५१), सिलगढी, समाजसेवा डोटी ।
- पाण्डे, गोविन्दप्रसाद (२०६०) भदौं, **देउडा विगतदेखि वर्तमानसम्म,** जुम्ला जि.वि.स. तथा यस.एन.भि. नेपाल (एस.जि.एस.टि.पि) ।
- प्रभात जोशी, पद्मराज, (२०५९) **गौरापर्व एक परिचय**, धनगढी, सुदूरपश्चिमाञ्चल संस्कृति प्रवर्द्धन समिति तथा काठमाडौँ प्रशंसा संरक्षण समूह ।
- वन्धु, चुडामणि (२०५८) **नेपाली लोक साहित्य**, काठमाडौँ, एकता बुक्स ।

- वलायर, भक्तबहादुर (२०५९) **राइमति महाकाब्य,** वासिङ्टन डि.सी. संयुक्तराज्य अमेरिका, क्रिस कृष्णन, निर्जला कृष्णन र क्योटो जापान प्रा. मनोज श्रेष्ठ ।
- विरही सिंह, गजेन्द्रबहादुर (२०५४) **सुदूरपश्चिमेली लोक साहित्यिक देउडा** ।
- भट्ट, डमरुचन्द्र (२०५८), **इच्छित वर दिने देवीशैलेश्वरी**, शैलेश्वरी रैबार (१:१ पृ. १) डोटी जि.वि.स. ।
- भण्डारी, इन्द्रबहादुर (२०६०), **बाग्लुङ् जिल्लामा प्रचलित टुक्काको अध्ययन**, कीर्तिपुर (एम.ए. शोधपत्र) ।
- मल्ल, हर्कराज (२०६०), **मल्लवंशावली**, धनगढी : नवदुर्गा अफसेट प्रिन्टर्स ।
- यात्री नेपाल, पूर्णप्रकाश (२०३५), **सेती अञ्चल दिग्दर्शन**, विराटनगर, हिमाली सौगात प्रकाशन ।
- रिमाल, प्रदिप (२०२८) **कर्णाली लोक संस्कृति (खण्ड ५)**, काठमाडौँ, ने.रा.प्र.प्र. ।
- रोस्यारा ताराकुमारी (२०६०) **डोटी जिल्लामा प्रचलित सांस्कारिक फागहरूको सङ्कलन र विश्लेषण**, कीर्तिपुर (एम.ए. शोधपत्र)
- शर्मा, मोहनराज र लुइँटेल, खगेन्द्रप्रसाद (२०५५), **नेपाली गद्य भाषा, साहित्य र इतिहास**, काठमाडौँ : नविन प्रकाशन ।
- श्रेष्ठ, तेजप्रकाश (२०४४), **अछामी लोकसाहित्य**, काठमाडौँ : रत्नपुस्तक भण्डार ।
- **डोटेली जिल्ला एकझलक** (२०६६), बुलेटिन, जि.वि.स. डोटी ।